U.K. Charity Reg. No. 1160842

पुन समाज युकेको मुखपत्र

अंक १

# करबाकेली

Karbakeli

2017

पुन समाज युके

Pun Samaaj U.K.





For Reservation, please contact Mr Bagbir Pun on 01594529222 or 07961090963 (mob)
Email: info@woolastoninn.co.uk
the woolaston inn
Woolaston Inn
GURKHA RESTAURANT & BAR
A Warm Welcome to the Woolaston Inn !
Situated in a lovely part of the Royal Forest of Dean and Wye Valley Area of Gloucestershire, we provide En-suit Accommodation, Authentic Nepalese Food, Sight Seeing Tour to Local Areas and many more.. Ideal for Short and Weekends Break.
We Offer Special Discount to All Nepalese Friends.





BRITANNIA GURKHA
Restaurant & Bar
Meyrick Crescent 42
Cochester CO2 7QY
Owner & Proprietor:
Cpt Rtd Umeshkumar Garbuja Pun MVO,
Mr Dan Garbuja Pun
and Cpt Rtd Man Garbuja Pun
GURKHA RESTAURANT & BAR
BRITANNIA
sky SPORTS


THE FERRY
THE FERRY
GURKHA KITCHEN
KINGSTON, LONDON
Proprietor:
CHALAK BUDUJA PUN


The
SELKIRK
Gurkha Restaurant & Bar
Selkirk Road 24
Ipswich IP4 3JA
Proprietor:
Mr & Mrs Cpt Rtd
Umeshkumar Garbuja Pun MVO
The Selkirk
Gurkha Restaurant & Bar


NAMASTE
TRAVELS
नेपाल लगायत विश्वको कुनै पनि ठाँउको
हवाई टिकटका लागी र
नेपालमा पैसा पठाउन सजिलो, छिटो र भरपर्दो
माध्यमका लागी हामीलाई सम्झनुहोस्
OUR SERVICES
• WORLDWIDE AIR TICKETING
• WORLDWIDE HOTEL BOOKING
• WORLDWIDE MONEY TRANSFER
• WORLDWIDE COURIER & CARGO
• DOMESTIC AIR TICKETING (NEPAL)
• EUROSTAR TICKETING
NAMASTE TRAVEL & TOURS
Unit 4, Low Walk, The Wellington Centre
Aldershot, Hampshire GU11 1DB
01252 328400
07747 451 347
info@namastetravelsuk.com | namastetravel@yahoo.co.uk
IME
Ria Money Transfer
COURIER & CARGO SERVICES
www.namastetravelsuk.com

# हाम्रो भनाई





Year 2016 | Volume 1

*Karbakeli Publicaion*
*Co-ordinator*
**Arjun Pun**

*Design*
**Orchid Designers**

*Thanks to*
**Publication Committee**



*Address*
**Pun Samaaj U.K.**
20 Fulwood Avenue, Wembley
Middlesex, HA0 1LT
Tel: 07846066922, 07424207656
Email: punsamaajuk@gmail.com
Website: www.punsamajuk.com


पत्रिका प्रकाशन गर्नु सोचे अनुसार त्यति सजिलो छैन। हाम्रो समुदायको लाहुरे बन्ने प्रथासँग जोडीएको ईतिहास छ। चाहे त्यो गोर्खा भर्तीको होस् या अन्य रोजगारीको लागि होस्। त्यसैले लेख्नु, पत्रिका प्रकाशन गर्नु हाम्रो समुदायको लागि अलि टाढाको बिषय जस्तो बनेको छ। किनकी त्यस बारेमा हामीसँग धेरै अनुभव, ज्ञान छैन। पुन समाज यु.के.ले स्थापनाकाल देखि बेलायतबासी पुनहरुलाई संगठित गर्दै बिभिन्न सेवा, सहयोगहरु गर्नुका साथै पुन समुदायहरुको भाषा सक्रियताहरुलाई सम्बर्धन र सँरक्षण गर्नको लागि नेपालमा बिभिन्न आर्थिक सहयोगहरु गर्दै आएको छ। आ नो समुदायको उत्थानको लागि पुन समाज यु.के. ले गरेका बिभिन्न परोपकारी सामाजिक कामहरुलाई लिखित रुपमा राख्नको लागि पुन समाज यु.के.को मुखपत्र करबाकेली प्रकाशन गरिएको हो। यस मुखपत्रमा हाम्रो आ नै समाजको गतिबिधिहरु र केही सुझावको रुपमा आएका लेखहरु, पुन समुदायका चर्चित ब्यक्तिहरुको जीवनीहरु राखिएका छन। आउने अंकहरुमा अरु बिशेष ब्यक्तिहरुका जीवनीहरु हाम्रो समुदायको ईतिहास, अनुसन्धानहरु र जानकारीमुलक लेख समाचारहरु राख्ने प्रयास गर्ने छौ। यो हाम्रो पहिलो प्रकाशन भएको हुनाले कमीकमजोरीहरु होलान। यसमा तपाईंहरुको सकारात्मक सुझावको अपेक्षा गर्दछौ।

हाम्रो यो प्रकाशनलाई सल्लाह सुझाव सहित प्रत्यक्ष अप्रत्यक्ष हरेक ठाउँबाट सहयोग गर्नु हुने सबैलाई मुरी मुरी धन्यवाद छ। साथै हामीलाई प्रकाशनको जिम्वेवारी दिनु हुने पुन समाज यु.के. वर्तमान कार्यसमितिलाई पनि धन्यवाद ब्यक्त गर्दछौ।

प्रकाशन समिति
पुन समाज यु.के.

# पुन समाज यूके घोषणा पत्र

### पृष्ठभूमि

इतिहासकार, मानव शास्त्री तथा समाज शास्त्रीहरुले मगर जाति भित्र ११०० भन्दा बढी उपथरहरु, जसलाई हाम्रो स्थानीय भाषामा पत भन्ने गर्छौं,  छन् भनेर उल्लेख गरेका छन् । यी उपथरहरु लाई आआफ्नो गोत्र, कुल अथवा बंशावली अनुसार जम्मा ७ प्रमुख थरहरुमा बिभाजन गरेका छन्। ती हुन्  थापा, राना, आले, घर्ती, बुढा, पुन र रोका । राज्यले यिनै ७ थरहरु लाई थरको रुपमा आधिकारिक मान्यता दिएको छ। यसै क्रममा पुन थर भित्र पनि ५० भन्दा बढी उपथरहरु छन्। यी उपथरहरु ठाउँ अनुसार फरक, फरक पाइन्छन्। जस्तै हाम्रो म्याग्दी, पर्वत क्षेत्रतिर पाइने उपथरहरु गुल्मी, भार्से, बाग्लुग र रुकुम, रोल्पातिर पाइदैनन्। यसै गरि उतातिरको उपथरहरु हाम्रोतिर पाइदैनन्। त्यसैले इतिहासको लामो कालखण्डदेखि धौलागिरी क्षेत्रको कालीगण्डकी सेरोफेरोमा बसोबास गर्दै आएका पुन समुदायहरु पनि मगर जातिको ७ वटा प्रमुख थरहरु मध्ये को एउटा थर हौं भन्नुमा कुनै दुविधा रहेन।

कुनै पनि समुदायहरुको भाषा, संस्का र तथा संस्कृतिहरु समयको कालखण्ड र भौगोलिक बिविधता अनुसार बन्दै जाने प्रक्रिया हुन्। यसै सन्दर्भमा म्याग्दी र पर्वत क्षेत्रमा लामो समय देखि बसोबास गर्दै आएका पुन समुदायको पनि त्यही प्रकृया अनुसार छुट्टै भाषा, संस्कार तथा संस्कृति बन्दै गयो। तर दुर्भाग्यबस बिगतको शासकहरुले मातृभाषा बोल्न बन्देज लगाएपछि हाम्रो मातृभाषा लोप भएर गएतापनि हामीले हाम्रो आफ्नै मौलिक संस्कार तथा संस्कृतिहरुलाई बचाउँदै आइरहेका छौं र यी हाम्रा सम्पदाहरु को संरक्षण, सम्बर्द्धन र जगेर्ना गर्दै हाम्रो मौलिकता र हाम्रो चिनारी भावी सन्ततिहरुलाई हस्तान्तरण गर्दै  लैजाने दायित्व आज देश बिदेशमा छरिएर बसेको तपाई हामी पुन समुदायहरुको हो।

मगर जाति बहुसांस्कृतिक,  बहुसंस्कारिक र बहुभाषिक जाति भए जस्तै पुन समुदाय पनि बहुसंस्कृतिक र बहुसंस्कारिक समुदाय हो । किनभने हाम्रो क्षेत्रको संस्कार तथा संस्कृतिहरु रुकुम, रोल्पा र गुल्मी, भार्से क्षेत्रको समुदायहरुको भन्दा फरक छ।  यसरी नै अन्य क्षेत्रको पनि आआफ्नै खाले संस्कार तथा संस्कृतिहरु छन् र एक अर्कामा मेल खादैनन्। यसै गरि पुन थर भित्रको उपथरहरु पनि क्षेत्र अनुसार फरक फरक छन्। यो तथ्यलाई लिएर हामी फरक जाति भने कदापी होइनौं । किनभने मैले अघिनै भने जस्तै भौगोलिक बनौट र समयको कालखण्ड अनुसार नै यसरी आआफ्नै खाले भाषा, संस्कार तथा संस्कृतिहरु बन्दै गएका हुन्। यसै सन्दर्भमा म्याग्दी र पर्वत क्षेत्रमा मात्र पुन थर भित्र झण्डै १८ उपथरहरु (१. गर्बुजा, २. पुर्जा, ३. फगामी, ४. पहरे, ५. थाने, ६. दुध, ७. सुत, ८. तिलिजा, ९. चोचांगी, १०. राम्जाली, ११. रन्तिजा, १२. शेरपुन्जा, १३. बुदुजा, १४. खोर्जा, १५. अर्मजा, १६. पाईजा, रोकाया र १८ थजाली) भएको तथ्य समाजशास्त्री तथा मानवशास्त्रीहरुले उल्लेख गरेका छन्।  आज हामीले उपथरको पछाडि थर नलेखी जात मात्र लेखेतापनि आफ्नो थर पुन हो भनेर आफ्नो सन्तानहरुलाई ज्ञान दिंदै जानु जरुरी छ। जसले गर्दा भोलि थर लोप भएर नजाओस्। किन भने जात या जाति, थर र उपथर गरि नेपालको जातीय संरचना बनेको यथार्थलाई हामीले नकार्नु हुँदैन।  यो नेपाल को सबै जात जातिमा प्रचलित छ। यहाँ केही साथीहरु जसले आफ्नो नाम पछि आफ्नो थर पुन नलेखी उपथर लेखि त्यो उपथर पछि जात मगर लेख्नु भएको छ । उहाँहरुले हाम्रो समाज को नाम पुन समाज यूके मात्र राख्दा हामी मगर भन्नेहरु लाई समेटिएन भनेर गुनासो गरेको देखिन्छ। त्यसैले उहाँहरुलाई मेरो सल्लाह के छ भने पुन थर मगर जाति कै ७ प्रमुख थरहरु मध्येको एउटा थर हो भनि सकेपछि यो समाजको नामले समेटेन भन्ने कुनै आधार नै रहेन।  यसो भन्दै गर्दा उपथर लेख्नै हुँदैन भन्न खोजेको नभै आफ्नो थर कुन हो त्यो भुल्न हुँदैन भन्न खोजेको मात्र हो। यदि पुन थर बाहेक



**एक बहादुर फगामी पुन**
अध्यक्ष
पुन समाज यू.के.

अन्य थरि हुनु हुन्छ भने त पुन मगर समाजै राखे पनि समेट्ने भएन। त्यसैले यस्तो आधारहीन कुरामा बहस नगरौं भन्ने मेरो सल्लाह हो। म्याग्दी क्षेत्रको हाम्रो केही पुन दाजु भाईहरुको पुन थर भनेको पहरे पुन, थाने पुन, दुत पुन र सुत पुनहरु मात्र पुन हुन् बाँकि पुर्जा, गर्बुजा, पाईजा, फगामी आदि कुनै पनि पुन थर होइनन् भन्ने बुझाई छ र यो गलत बुझाई हो। यसको ब्याख्या मैले माथि गरिसकेको छु। यस्तो बुझाई हुनेहरुलाई हाम्रो इतिहास पढ्न अनुरोध छ। किनभने हालको म्याग्दी र पर्बत क्षेत्रमा हाम्रा पूर्खाहरु आउने क्रममा सबै एकैचोटी नआई विभिन्न कालखण्डमा आएको र सबै पुन थर मात्र नआई १८ मगरात भित्र पर्ने अन्य थरहरु (घर्ति, रोका र बुढा) पनि संगै आएको इतिहासकार तथा समाजशास्त्रीहरुले उल्लेख गरेका छन्। बिगतमा म्याग्दी, पर्बत क्षेत्रमा दुइ थरि घर्ती हरु हुन्थे। एक थरि १८ मगरात अन्तर्गत पर्ने घर्ती थर र अर्को सानो जाते घर्ती जसलाई डोलेघर्ती पनि भनिन्थ्यो। पछि गएर ब्रिटिश इन्डियन सेनामा भर्ती हुने क्रममा घर्ती थर भन्दा मगर घर्ती हो कि सानो जाति घर्ती हो भनि शंका गर्ने कारणले सबैले पुन थर लेख्न थालेकोले गर्दा कालान्तरमा यस क्षेत्रमा मगर घर्ती थर नै लोप हुन गई सबै पुन थर भएको पनि इतिहासकार हरु बताउँछन्। स्मरण रहोस् डोले घर्तीलाइ सानो जाति भनेर त्यो समयमा भर्ती लिने चलन थिएन। यसैकारणले गर्दा अन्य क्षेत्रको मगर घर्ती थरको उपथर र गोत्रहरु म्याग्दी र पर्बत क्षेत्रको पुन थरको उपथर र गोत्रहरुसंग मिल्न गएको हो भन्ने यथार्थ पनि हामीले बुझ्न जरुरी छ। आफुखुसी जातजाति बन्ने र बनाउने अधिकार कसैलाई पनि छैन। यसै सन्दर्भमा केही बर्ष अघि हाम्रो क्षेत्रको मात्र पुन समुदायले उठाएको मुद्धालाई लिएर केही पुनहरुले आफु खुसी पुन जाती भन्दै हिंडेको ब्यक्तिगत बिचारहरुलाई गम्भीर बिषयको रुपमा लिएर तर्सनु आफ्नै बुझाइको कमजोरी हो भन्ने मैले ठानेको छु। हामीले आफुखुसी पुन जाति भन्दैमा पुन जाति हुने र कसैले पुनलाई मगर होइनौ भन्दैमा मगर नहुने होइन। त्यसकारण यस्ता अनौपचारिक र व्याक्तिगत अभिव्यक्तिहरुलाई कसैले गम्भीर रुपमा नलिन सबैमा मेरो आग्रह छ। हामीले औपचारिक रुपमा हामी मगर जाति अन्तर्गत पर्छौं भनेर पुन समाज यूकेको आधिकारिक धारणा प्रस्तुत गर्दै गर्दा हाम्रो समाजको नाम पछि मगर नै झुण्डाउनु पर्छ भन्ने जरुरी मैले देख्दैन र हाम्रो बहुमत समाजको धारणा पनि यही छ। त्यसकारण हामी मगर जाति भित्रको पुन समुदाय हौं र पुन समुदायहरुको उत्थानको लागि पुन समाजको स्थापना भएको हो। नाममा भन्दा काममा विश्वाश गरौं भन्दै समाजको वर्तमान नामलाई नै कायम राखी हाम्रो मौलिकता र हाम्रो चिनारीलाई यो बिदेशीभूमिमा पनि संरक्षण र प्रवर्द्धधन गर्दै जाउँ भन्ने हाम्रो मान्यतालाई सबैले मनन गरिदिनु होला भन्ने आग्रह गर्दै वर्तमान कार्यसमितिको तर्फदेखी पुन समाज युकेको आधिकारिक धारणा र प्रतिबद्धताहरू प्रस्तुत गर्न चाहन्छु।

१. "पुन थरले मगर जातिको ७ प्रमुख थरहरु मध्येको एउटा थरको रुपमा कानुनी र वैधानिक मान्यता प्राप्त गरेको हुँदा यो समाजको नाम पुन समाज यूके भएतापनि हाम्रो जात मगर हो र पुन हाम्रो थर हो" भन्ने यो कार्यसमितिको आधिकारिक धारणा रहेको



घोषणा गर्दछु ।

२. "पुन समाज यूके" यूके मा बसोबास गर्नु भएका सम्पूर्ण पुन समुदायहरुको साझा समाज हो र यो समाज एउटा बिशुद्ध र स्वतन्त्र समाजको रुपमा रहँदै आएको छ। त्यसैले यो समाजलाई यसरी नै बिशुद्ध र स्वतन्त्ररुपमा अगाडी बढाउने हाम्रो प्रतिबद्धता भएको घोषणा गर्दछु।

३. पुन समाज यूके यो समाजको वैधानिक नाम हो । त्यसकारण विधानको नियम पालन गर्दै यो वैधानिक नामलाई यथावत नै राख्ने छौं र परिमार्जन गर्नु पर्ने अवस्था आएमा पनि विधान बमोजिम अधिवेशनमा प्रस्ताव राखिनेछ र सो अधिवेशनको दुई तिहाई सदस्यहरुले अनुमोदन गरेमा मात्रै संस्थाको नाम परिवर्तन गरिने हाम्रो प्रतिबद्धता भएको घोषणा गर्दछु ।

४. यो कार्यसमितिले यूकेमा बसोबास गर्नु हुने पुन समाज यूकेको सम्पूर्ण सदस्यहरुलाई दुःख, गाह्रो तथा आपतबिपत परेको बेलामा आवश्यक सबै किसिमको सहयोगहरु प्रदान गर्दै यो ठाउँमा पनि हाम्रो पहिचान लोप हुन नदिन हाम्रो संस्कार तथा संस्कृतिहरुको संरक्षण, सम्बर्द्धधन र जगेर्ना गर्दै लैजाने हाम्रो पहिलो प्राथमिकता रहने हाम्रो प्रतिबद्धता भएको घोषणा गर्दछु।

५. युवा वर्ग हाम्रो भावी कर्णधार हुन् । हाम्रो दिगो पहिचान पनि युवा वर्गमा निहित हुन्छ। त्यसैले युवा वर्गलाई यस क्षेत्रमा अझ सक्रिय, सचेत र क्रियाशील बनाउँदै लैजाने प्रतिबद्धता गर्दै हाम्रो इतिहासको बारेमा गहन खोज तथा अनुसन्धान गर्दै बिद्याबारिधी (पिएचडी) गर्ने युवा वर्गलाई आवश्यक सहयोग प्रदान गर्दै यस क्षेत्रमा पनि युवा वर्गलाई हौसला दिने प्रतिबद्धता गर्दछौं ।

६. पुन समाज नेपाल, मगर संघ यूके लगायत यूके भित्र स्थापित सबै संघ संस्थाहरुसंग समन्वय गर्दै सबैसंग सुमधुर सम्बन्ध कायम गर्ने प्रतिबद्धता गर्दछौं ।

धन्यवाद ।
जय पुन समाज यूके ।
जय करबाकेली बाबा ।



# हार्दिक शुभकामना

*पुन समाज यूकेले पहिलो पटक प्रकाशित गर्दै गरेको करबाकेली नामक मुख-पत्रको लागि दुई शब्द लेख्ने अवसर पाउँदा मैले आफुलाई गौरव महसुस गरेको छु। पुन समाज यूकेको संस्थापक अध्यक्षको नाताले यस मुख-पत्रको लागि बधाई दिंदै भविष्यमा पनि यसले यसरी नै निरन्तरता पाइरहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु र मलाई आशा छ यस मुख-पत्रले पाठकहरुको लागि लाभदायक लेखहरु प्रकाशित गर्ने छ। धन्यवाद।*

**मेजर सान्त पुर्जा पुन** (संस्थापक अध्यक्ष)
पुन समाज यूके

# पुन समाज नेपालको बिधान २०६३

## दोश्रो संशोधन २०७१

### दोश्रो राष्ट्रिय महाधिवेशन २०७१ काठमाडौं नेपाल

२०७१ को राष्ट्रिय महाधिवेशन मा संशोधित एवम् थप गरिएका बुंदाहरु यस प्रकार छन्।

दफा १, खण्ड (क) – संस्था को नाम पुन समाज नेपाल रहने छ।

दफा २, खण्ड (ढ) पुन भन्नाले मगर जाति अन्तर्गत पर्ने आफ्नै मौलिक भाषिक एवम् सांस्कृतिक विविधता भएका पुन मगर लाई बुझाउने छ र पुन भित्र का उपथर (पद) हरु पुर्जा, गर्बुजा, पाइजा, तिलिजा, बुदुजा, शेर्पुंजा, खोरजा, अर्मजा, रंतिजा, पहरे, थाने, दुतरदुद, सुट, लोजा, शोन्तजा, जुक्जली, राम्जाली, चोचांगी, फगामी र फकामी, हुनाली, होलङ, कोरिजा, सिम्किजा, लोंजा, रन्के, ओर्पजाङी, उलांगे, तजाली, पारे, तगाले, थानी, ढगामी, नाम्जाली, पोइङे, बन्जयाली, राङ, रतुवा, राम्जा, रोका, साइमे, सामे, सिम, सुतपराई, सोती, सेम्म, हुलंगी गरि ४६ उपथर र पदहरु लाई आदि लाई बुझाउने छ। उल्लेखित उपथर (पद) हरु थप घट पनि हुन सक्ने छ।

दफा ६ मा खण्ड (ङ) थप गरि "सर्वमान्य संरक्षक" राखिएको छ – सर्वमान्य संरक्षक भन्नाले विधान को दफा ६ कोखण्ड (ङ) मा उल्लेखित पुन समुदायको अग्रणी व्याक्तित्व श्री उत्तम बहादुर पुन ज्युले यस संस्था स्थापना पूर्व देखिनै मगर जाति र विशेषतः पुन समाजको लागि योगदान पुराउँदै आउनु भएको र पुन समुदाय समग्र मगर जाति समेतको अधिकार, हित र उन्नतिका लागि निरन्तर सक्रिय रही नेतृत्वदायी तथा संरक्षकीय भूमिका निर्वाह गर्नु भएको र यस संस्थामा उहाँको अहम भूमिका, निरन्तर संलग्नता, सक्रियता, नेतृत्व एवम् संरक्षकत्वको अपरिहार्य आवश्यकता भएको हुँदा श्री उत्तम बहादुर पुन ज्यू यस संस्थाको सर्वमान्य संरक्षक हुनु हुनेछ। सर्वमान्य संरक्षकलाई संस्था, समिति, पदाधिकारी वा कुनै सदस्यलाई सल्लाह, सुझाव, मार्गदर्शन वा निर्देशन दिने अधिकार हुनेछ।

दफा १२ खण्ड (३ क) बिदेशमा पुन समाज को गठन – नेपाल बाहिर कुनै पनि देशमा यस संस्थाको विधानको परिधि भित्र रही केन्द्रीय समितिको स्वीकृति लिई पुन समाज गठन गर्न सक्ने छ। यसरी बिदेशमा गठित समितिलाई जिल्ला समिति सरहको मान्यता दिइने छ। विदेश स्थित समितिबाट राष्ट्रिय महाधिबेशन र राष्ट्रिय सम्मेलनमा २/२ जना प्रतिनिधि र पर्यवेक्षकले भाग लिन पाउने छन्। २०० जना भन्दा बढी सदस्य भएका समितिबाट थप १/१ जना को दरले प्रतिनिधि र पर्यवेक्षकले भाग लिन पाउने छन्। तर यस्तो प्रतिनिधि र पर्यवेक्षक ५/५ जना भन्दा बढी हुने छैन। विदेशबाट आएका प्रतिनिधिलाई उम्मेदवार हुन बाहेक जिल्लाबाट आएका समिति सरह मतदान लगायतका सम्पूर्ण अधिकार हुने छ।



पुन नेपालको आदिवाशी जनजातीहरु मध्ये सबैभन्दा बढी जनसंख्या भएको मगर जाति अन्तर्गत पर्ने ७ थरहरु मध्येको एउटा थर हो। पश्चिममा कर्णाली, पूर्वमा गण्डकी, दक्षिणमा महाभारत पर्वत र उत्तरमा हिमाल क्षेत्रभित्र पर्ने भूभागहरुमा पुन समुदायहरु आदिमकालदेखि बसोबास गर्दै आइरहेतापनि समयको क्रमसंगै उच्च जीवनस्तर र राम्रो अवसरको लागि अहिले नेपालको विभिन्न शहरीय क्षेत्र र तराईको समथर मैदानमा बढी संख्यामा बसोबास गर्दै आई रहेका छन् भने कामको सिलसिलामा विश्वको विभिन्न देशहरुमा छरिएका छौं। मगर जातिलाई १२ मगरातर १८ मगरात गरि मुख्य दुई भागमा विभाजित गरिएको छ। पृथ्वी नारायण शाहले १८ रौं शताब्दीमा नेपाल एकीकरण गर्नु भन्दा अघि मगरात क्षेत्र १८ र १२ राज्यहरुमा विभाजित भएको थियो।

# पुन समुदाय
## छोटो परिचय

कालिगण्डकीदेखि पश्चिममा १८ राज्यहरु भएकोले १८ मगरात र कालिगण्डकी देखि पूर्वमा १२ राज्यहरु भएकोले १२ मगरात भन्ने जनाउँछ। १८ मगरातलाई मुख्य ४ थरहरुमा विभाजित गरिएको छ। ती हुन् घर्ति, बुढा, पुन र रोका। यसैगरि १२ मगरातलाई मुख्य ३ थरहरुमा विभाजित गरिएको छ ती हुन् राना, थापा र आले। १८ मगरातले बोल्ने भाषालाई खाम र काईके भाषा भनिन्छ भने १२ मगरातले बोल्ने भाषालाई ढुट भाषा भनिन्छ। यसरी मगर जाति भित्र अहिले ७ थरहरु छन्। यी थरहरु भित्र ११०० भन्दा बढी उप थरहरु भएको इतिहासकार तथा समाजशास्त्रीहरुले खोज तथा अनुसन्धान गरि पत्ता लगाएका छन्। पुन थर भित्र पनि ५० भन्दा बढी उपथर हरु छन्। ती मध्ये केही उपथरहरु यस प्रकार छन्— गर्बुजा, पुर्जा, फगामी,

*पृथ्वी नारायण शाहले १८ रौं शताब्दीमा नेपाल एकीकरण गर्नु भन्दा अघि मगरात क्षेत्र १८ र १२ राज्यहरुमा विभाजित भएको थियो।*



पहरे, सुत, दुत, थाने, तिलिजा, चोचांगी, राम्जाली, रंतिजा, शेरपुन्जा, बुदुजा, खोरजा, अर्मजारपाईजा, खामे, थजाली, हुनाली, सामे, सोती, हुलंगे, लोंजा, राँके, थानी, कोरिजा, जुक्जली, उलांगे सिमपोइङे, ढगामी आदि। रुकुम, रोल्पा क्षेत्र तिर शामान पुरनशान (PuranTsan) लाई १८ मगरातको सबै भन्दा प्रशिद्ध र प्रथम पूर्खा मानिन्छ भने म्याग्दी र पर्बत क्षेत्रमा उनी माच्छे पुरन नामले चिनिन्छन्। जुन नाम झाँक्री बस्ने बेलामा झाँक्रीहरुले करबाकेलीको ओखा भन्दा भन्ने गर्छन। शामान पुरनशानलाई १८ मगरात को पूर्खाको रुपमा मानिएता पनि म्याग्दी र पर्बत क्षेत्रको पुनहरुले करबाकेली बाबालाई आफ्नो कूलको रुपमा मान्छन्। र हरेक बिजोडी (१, ३, ५) वर्ष हरुमा करबाकेली बाबाको कूल पूजा गर्दछन्। अन्य जात जातिहरुको जस्तै पुन समुदायको पनि आफ्नै मौलिक भाषा (खामभाषा), संस्कार तथा संस्कृति छ र बिगतको राज्यसत्ताले म्याग्दी, पर्वत, बाग्लुंग र गुल्मी क्षेत्रमा बसोबास गर्ने मगर समुदायलाई आफ्नो मातृभाषा बोल्न बन्देज लगाएपछि यस क्षेत्रको पुन समुदाय पनि बिगत लामो समय देखि आफ्नो मातृभाषा विहिन हुन पुगेका छन्। हाम्रो भाषा, संस्कार तथा संस्कृतिहरु ठाउँ अनुसार त्यो ठाउँमा बसेको समयको कालखण्ड र भौगोलिक बनौट अनुसार फरक फरक बन्दै जाने हुन्। यसै क्रममा हामी म्याग्दी र पर्बत क्षेत्रमा सयौं बर्षदेखि बसोबास गर्दै आएको पुन समुदायहरुको भाषा, संस्कार तथा संस्कृति पनि अन्य क्षेत्रको मगरहरुको भन्दा फरक बन्दै गयो। यसरी हाम्रो एउटा फरक पहिचान बन्न गएको छ। यही हाम्रो फरक पहिचानलाई कालान्तरसम्म बचाउँदै लग्ने आज हाम्रो दायित्व पनि हो। त्यसैले पूर्खौली नाच, सोरठी, झ्याउरे, शिरफूल, यानीमाया, हाई हाल्ने जस्तो मौलिक संस्कृति र कूल पूजा, भूमेपूजा, भरा पूजा आदि जस्ता मौलिक संस्कारहरु संरक्षण, सम्र्द्धधन र जगेर्ना गर्दै आएका छौं। म्याग्दी र पर्बत क्षेत्रमा परम्परादेखि चलि आएको परम्परागत भेषभुषा अनुसार पुरुषहरुले लगाउने पोशाकलाई कछाड, भोटो, भाङ्ग्रा र टोपी भनिन्छ भने महिलाहरुले लगाउने पोशाकलाई फरिया, लुंगी, चौबन्दी चोलो, निलो पटुका र बोर्को मुजेत्रो भनिन्छ। यसै गरि महिलाले लगाउने गहना लाई मुन्द्री, बुलाकी, फुली, नौगेरी, जन्तर, कन्ठा र हरियो पोते भनिन्छ र पुरुषले कानमा लगाउने गहनालाई दुर्बिली भनिन्छ।

# हार्दिक शुभकामना

सन् २००७ सालमा स्थापना भएको पुन समाज यु.के.ले प्रथम पटक प्रकाशन गर्न लागेको मुख-पत्र करबाकेलीको लागि शुभकामना सन्देश लेख्ने अवसर पाउँदा खुशी व्यक्त गर्दै यस मुख-पत्रको पूर्ण सफलताको कामना गर्दछु। साथै अहिलेको परिवेशमा पुन समुदायलाई सचेत, सजग र एकजूट गर्दै लग्नमा यसले महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने पनि मैले आशा गरेको छु। अन्तमा यस मुख-पत्रले सम्पूर्ण पुन समुदायमा सकारात्मक सन्देश प्रवाह गरोस् भन्ने कामना गर्दै भविष्यमा पनि यसले यसरी नै निरन्तरता पाइरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु। धन्यवाद।



**अति प्रसाद पहरे पुन** (निवर्तमान अध्यक्ष)
पुन समाज यु.के.

# बेलायतमा बसोबास गरिरहनु भएका आदरणीय पुन समुदायहरु



हामी पुन समुदायहरु आफू व्यक्तिगत रुपमा जहाँसुकै रहे बसे पनि, जुनसुकै धर्म वा राजनैतिक संघ संस्थाहरु प्रति झुकाव राख्ने भएतापनि आफ्नो समुदायको हितको कार्यमा सदैव एक छौं र हाम्रो नितान्त व्यक्तिगत आस्था र विश्वासका आधारमा हामीले पुन समुदायको बृहत्तर हितको विषयमा कोही कसैलाई पनि कुनै पनि तवरले भेदभाव गर्नु हुँदैन र सो को लागि सधैं सचेत समेत रहनु पर्दछ। हामी मध्ये कसैले पनि आफ्नो धार्मिक वा राजनैतिक आस्था र विश्वासको आधारमा समग्र पुन समुदायबाट अघि बढाइएका सामाजिक एवं परोपकारी पुनित कार्यमा प्रतिकूल असर नपुगोस् भनेर सदैव चनाखो रहनु पर्दछ । तपाईं हाम्रो सानो ठूलो सहयोगले चल्ने वा चल्नलाई मद्दत पुग्ने अनेकौं स्कूल, सामाजिक सेवाका कामहरु सम्पन्न हुँदा हामीलाई यो कुराको आत्मविश्वास र गौरव हुन सक्नु पर्दछ कि हाम्रो सहयोगले गर्दा कति निरक्षरले शिक्षा पाएका छन्, रोगीले औषधी पाएका छन् भने असहायले सहारा पाएका छन्, आखिर यसैले नै हाम्रो पुन समुदायलाई विश्व सामु इज्जतिलो र गौरवान्वित बनाउँदछ, जुन कुराको ख्याल राखेर नै हामीले आफ्नो सहयोगी हात र मनलाई अघि बढाउनु पर्दछ।

नेपालको आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ बमोजिम मगर जाति सुचिकृत रहे भएतापनि पुन समुदायले उप–समुहको रुपमा सुचिकृत हुँदाको अवस्थामा राज्यले व्यवहार गर्दा हामीलाई अन्य सुचिकृत सरह गर्ने र राज्यबाट सुचिकृत समुहको आधारमा विभिन्न सेवा सुविधाहरु दिने, उपलब्ध गराउने भएबाट सुचिकृत हुँदा पुन समुदायले छुट्टै पहिचानका साथ राज्यको मूलधारमा अगाडि बढ्ने मौका पाउनेमा कुनै शंका नभएकाले नै गर्दा हामीले पुन समुदायलाई अगल रुपमा सुचिकृत गरि पाउन संघर्ष गरिरहेका छौं। यसरी सूचिकृत हुनु भनेको हामीले मगर जात फालेर सूचिकृत हुने भनेको चाहिं होइन, मगरभित्रै रहेर नै हो।

पुन समाज, नेपालले हाल आफ्नो भविष्यको लक्ष्यको रुपमा सर्वप्रथम नेपालको राजधानी काठमाडौंमा र क्रमिक रुपमा नेपालका विभिन्न क्षेत्र, जिल्ला, नगर र गाउँ गाउँमा पुन समाजको घर निर्माण गर्दै जाने र त्यसै गरी स्कूल, कलेज, हस्पीटल र वृद्धाश्रम खोल्न चाहेका छौ। यदि यसो हुन सकेमा हाम्रा समुदायका विभिन्न तह र तप्काका दाजुभाई दिदीबहिनीहरुले धेरै नै सुविधा पाउने छन्। यस्तो सत्कार्यको प्रत्यक्ष निगरानी र रेखदेख सिधै पुन समाज स्वयम्ले नै गर्ने भएकाले यस्ता खालका सामाजिक हितका काम क्रियाले एकातर्फ पुन समाज निरन्तर सेवामा रहन्छन् भनी ढुक्क हुन सकिन्छ भने अर्कोतर्फ हाम्रो सानो ठूलो सहयोग रकमको सदुपयोग तोकिएकै काममा हुन्छ भनी विश्वस्त हुन सकिन्छ, जुन विश्वास आजको आवश्यकता पनि हो। यस्ता परोपकारी कार्यबाट केवल पुन समुदाय मात्र लाभान्वित नभई समाजका अन्य वर्ग र समुदाय पनि लाभान्वित हुने भएकाले हाम्रो पुन समुदायलाई यसबाट ठूलो यस र आर्शिवाद समेत प्राप्त हुन्छ र हामीलाई समाजमा प्रतिष्ठा समेत दिलाउँदछ। यसर्थ पुन समाज नेपालको यस पुनित कार्यमा तपाईहरु सबै जना सहयोगी बनी दिनुहोस् र हाम्रो भविष्यको लक्ष्यलाई पुरा गर्न मद्दत गर्नुहोस् भनी म तपाईहरु सबैमा हार्दिक अपिल गर्दछु।

तपाईहरुकै शुभेच्छु,
उत्तम पुर्जा पुन
सर्वमान्य संरक्षक (पुन समाज नेपाल)



*आफ्नो पूर्ख्यौली परम्परागत मौलिक पहिचानहरु संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो दायित्व हो ।*


# करबाकेली थान निर्माण

– चामबहादुर गर्बुजा पुन

धौलागिरि सेरोफेरोमा बसोबास गर्ने पुन समुदायहरु करबाकेलीलाई आफ्नो कुल मान्दै विजोड वर्ष पारेर जेठा रामचनलाई ९ सिंगे भालेले र कान्छा कुलचनलाई २ सिंगे हाँसे गोरे भेंडाको साँडले बिशेष आदरपुर्वक पुजा गर्दछन्/गरिरहेका छन् । महभीर फाँटमा रहेको भीरको उचाई तलबाट मुस्किलले सुरो मान्छेहरु मात्र जान सक्ने खण्डसम्म माथिबाट १ सय ४४ मिटर र माथिदेखि उक्त भीरमा रहेको बीचको खण्डसम्म ७१ मिटर छ । त्यहीदेखि केही माथितिर भ्याँक्रीको ओखामा मह काढ्दै गर्दा ओडारमा अट्कनु भएको भन्ने कथन आउने भएको हुँदा करबाकेली अनुसन्धान समिति, काठमाडौं २०६० सालमा गठन गरि यही समितिको सक्रियतामा पहिलो पटक वि.सं. २०६० साल मंसीर २३ गते र दोश्रो पटक वि.सं. २०६२ साल माघ ६ गते भीरमा रहेको ओडारमा खोज कार्य गरिएको थियो ।

करबाकेली अनुसन्धान समिति काठमाडौंले के के कामहरु गर्‍यो भन्ने सबै कुराहरु म यहाँ वर्णन गर्दैन । किनकि पहिले पनि करबाकेली पुस्तकहरु प्रकाशन भएका छन् यसर्थ थानका केही महत्वपूर्ण कुराहरु मात्र म यहाँ लेख्न चाहन्छु ।

थान निर्माणको लागि २०६५ साल असोज २६ र २७ गते काफलडाँडामा बिशेष छलफल कार्यक्रम भएको थियो । थान कस्तो बनाउने भन्ने बारे र करबाकेली, हिमला, फिमला, रामचन र कुलचनको मुर्तीहरुको नक्शा कस्तो बनाउने भन्ने बारे छलफल गरि उक्त छलफल कार्यक्रमले फाइनल निर्णय करबाकेली अनुसन्धान समिति काठमाडौंलाई जिम्मा दिएको थियो ।



यसरी करबाकेली अनुसन्धान समिति काठमाडौंलाई थान र मुर्तीहरुको जिम्मा दिएपश्चात समितिको तर्फबाट मुर्तीको लागि तत्कालिन सचिव मेजन फगामी र थानको डिजाइनको लागि म ( चामबहादुर गर्बुजा) सक्रिय रुपमा लागेर पुनः समितिमा छलफल गरि फाइनल गरिएको हो ।

२०६६ चैत्र १० गतेदेखि करबाकेली बाबाको राष्ट्रिय स्तरको थान निर्माणको लागि जग खन्ने कार्यक्रको शुरुवात गरि २०६७ साल जेष्ठ ४ गते प्रमुख अतिथि समाजसेवी मनवीर गर्बुजा, थान निर्माण समितिका संयोजक चामबहादुर गर्बुजा, पुन समाज नेपालका अध्यक्ष केशर पुर्जा, पनु समाज नेपालका कोषाध्यक्ष हर्कबहादुर पहरे र वयोवृद्ध बमबहादुर गर्बुजाबाट संयुक्त रुपमा थानको पाँच ठाउँमा करबाकेली, हिमला, फिमला, रामचन र कुलचनको नाममा जग खनेको पाँच ठाउँमा पुजा गरि शिलान्यास कार्यक्रम सम्पन्न भएको थियो । र, जग हालेर डिपीसी गरि राखियो । थानको लागि ढुंगाको साईज एकैनाशको हुनुपर्ने भएकोले ठुलो ढुंगाको लागि टाढा टाढा र अप्ठ्यारो ठाउँमा ढुंगा काफलडाँडाका सिपालुहरुले फार्ने काम भएको थियो ।

थान शुरु गर्नु अघि ९ सिडी बनाउनु पर्ने भएको कारण यसको जग २०६७ मंसीर ५ गते ९ सिंडीको जग शुरु भएको हो । ९ सिडीलाई पुरा गर्न लगभग १ वर्ष लागेको हो । यसको लम्बाई १२८२ फिट छ भने उचाई ६ फिट ९ ईन्च छ । ९ सिडीमा गारोको ढुंगा २३०२ वटाले पुरा भएको छ । र, छपनी ढुंगा ७३० वटाले पुरा गरिएको छ ।

थानको गारो भने २०६८ साल मंसीर २० गते शुरु भयो भने सम्पन्न गर्न पनि १ वर्ष नै लाग्यो । थानको उचाई १९ फिट छ भने लम्बाई, २१ फिट ६ ईन्च, चौडाई १५ फिट ६ ईन्च छ । थानको गारोको ढुंगाको साईज १ फिट ३ ईन्च छ । गारोमा ३६०५ वटा ढुंगाले गारो पुरा गरिएको छ भने छाई ढुंगा ४४७ वटाले पुरा गरिएको छ । जगको गहिराई ५ फिट र २ फिट फराकिलो छ । डिपिसीमा २३ ईन्च बाई १० ईन्चको डण्डी सहित कंक्रिट गरिएको छ । ढोका माथि १३ ईन्च बाई ६ ईन्चको डण्डी सहितको कंक्रिट गरिएको छ । झ्याल माथि १३ ईन्च बाई ४ ईन्चको डण्डी सहितको कंक्रिट गरिएको छ । भुकम्पले असर नपर्ने प्रविधि प्रयोग गरिएको छ । यो थान निर्माण गरिएको छ । यसको २ फिट ६ ईन्च गारो लगाई पछि ३ फिटको बीचमा कैची वारपार ढुंगा लगाईएको छ ।

थानको ढोका, झ्याल, मुर्तीहरु सबै काठमाडौंमा बनाएर काफलडाँडा लगिएको हो । थानको छानामा राखिएको सालको फलेक कास्की गगनगौडाबाट ल्याएको हो भने थानको अन्य सरसामाग्रीहरु सबै काफडाँडाकै प्रयोग गरिएको छ ।

करबाकेली बाबाको राष्ट्रिय स्तरको थानको उद्घाटन कार्यक्रम गरि २०६९ साल मंसीर १२ गते मागासेसे पुरस्कारले सम्मानीत समाजसेवी डा. महावीर पुनको बाहुलीबाट थानको समुद्घाटन कार्यक्रम सम्पन्न भएको छ ।

## करबाकेली बाबाको राष्ट्रिय स्तरको थान निर्माण आम्दानी/खर्च विवरण

## आम्दानी विवरण

| | | |
|---|---|---|
| १. | २०६५ असोज २६/२७ देखि हालसम्म | रु. ९७,२९,४९९/- |
| २. | २०६९ मंसिर १२ गते उद्घाटन कार्यक्रमबाट | रु. ८,२२,४४८/- |
| ३. | २०६९ मंसिर १२ गते को पुजाको भेटीबाट | रु. १, १२,३७०/- |
| ४. | २०६९ मंसिर १२ गतेको पुजामा बली बापत | रु. २५,७००/- |
| | जम्मा सहयोग : | रु.१,०६, ९०००७/- |

## खर्च विवरण

| | | |
|---|---|---|
| १. | थान निर्माणमा | रु. ७४,४५,९८९/- |
| २. | बाटो निर्माण गरि समितिलाई हस्तान्तरण गरिएको | रु. ४,९०,०००/- |
| ३. | खानेपानी सव-डिभिजन कार्यालय, म्याग्दीबाट पानी ट्याङ्की निर्माण | रु. २,०५,०००/- |
| ४. | उद्घाटन कार्यक्रममा खर्च | रु. ८८,०७०/- |
| ५. | करबाकेली संरक्षण समिति, काफलडाँडामा | रु. ४,८१,८९८/- |
| | जम्मा खर्च | रु. ८७,६०,९५७/- |
| | बाँकी (Balance) | रु. १९,७९,०५०/- |



# आदिवासी जनजातिमा सूचीकरण के हो ?



**पूर्व स. मन्त्री उत्तम बहादुर पुन**
संयोजक
उच्चस्तरीय कार्यदल



आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, २०५८ अनुसार प्रारम्भमा सूचिकृत समुदायहरु भनी परिशिष्ट ६ को अनुसूचीमा आदिवासी जनजाति भनी ५९ जातिलाई सूचिकरण गरियो, सो सुचिकरणमा हामी पुनहरुलाई मगर जाति भित्र समावेश गरिएको रहेछ, तर हामी पुनहरुको जात मगर, थर पुन र विभिन्न उपथरहरु भएता पनि मगर जाति वा सो जाति भित्रै पर्ने अन्य मगरका थर, उपथरका समुदायहरुसँग भाषिक एवं सांस्कृतिक विविधता रहेको, फरक फरक ऐतिहासिक उत्पत्तिको पृष्ठभूमि भएको, हाम्रो आनिवानी, चालचलन, कुल धर्म, भेषभुषा, सिरौ (शाखा गोत्र), भुमे, भरानी, संस्कार, संस्कृति र रितीरिवाज, परम्परा, थर, उपथर, भाषा समेत बिलकुल फरक भएकोले हामी पुन समुदायभित्र रहेको भाषिक, धार्मिक, सांस्कृतिक विविधतालाई संरक्षण र सम्बर्द्धन गरी पुन समुदायको पहिचान कायम राखी राज्यको पहुँच पुन समुदायसम्म ल्याउन अपरिहार्य भएको हुनाले छुट्टै सुचिकृत गर्नु अत्यावश्यक भएको छ।

उक्त अनुसार सुचिकृत भएका आदिबासी जन जातिहरुमध्ये पनि कसैले आफ्नो जातिको मौलिक नाम राख्न चाहेमा, अलग अलग सूचीकृत भएकाले एउटै जातिमा सुचिकृत हुन चाहने, एकै जातिमा सुचीकृत भएकाले अलग अलग सुचिकृत हुन चाहने तथा हालको सूचीमा यथावत् रहन चाहने वा सूचीबाट हट्न चाहनेहरु, समेतको लागि नेपाल सरकार मन्त्रिपरिषद्को २०६५ साल चैत्र ५ गतेको निर्णय अनुसार प्रा.डा. ओम गुरुङको संयोजकत्वमा गठित आदिवासी जनजाति सुचि परिमार्जन उच्चस्तरीय कार्यदलबाट सूचनासमेत प्रकाशित भएको र सोही सूचनाका आधारमा राई जातिको किराँत राई मौलिक नाम राखी याक्खा, याम्फु, आठपहरिया जाति छुट्टै सुचिकरण भएको, गुरुङ जातिको मौलिक नाम गुरुङ (तमु) राखिएको, थकालीहरुमा थकाली, मार्फाली थकाली, तीन गाउँले थकाली आदि छुट्टाछुट्टै जातिहरुको रुपमा सुचिकरण भएको र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को उद्देश्य समेत नेपालमा रहेको प्रत्येक, जात, जाति,

प्रजाति, समुदायमा रहेका मौलिक भाषिक एवं सांस्कृतिक विविधतालाई संरक्षण तथा संवर्द्धन गरी यस्ता समुदायहरु सम्म राज्यको पहुँच पुऱ्याउनु नै रहेको र पुन समुदायको भाषिक एवं सांस्कृतिक पहिचान कायम राखी हामी पुनहरुले समेत छुट्टै सूचिकरण हुन उक्त कार्यदलमा निवेदन गरेकोमा हालसम्म सुचिकृत हुन नसकेको अवस्था विद्यमान छ।

राज्य स्तरबाटै हामी पुनहरुको मौलिक भाषिक एवं सांस्कृतिक विशेषतालाई संरक्षण एवं सम्बर्द्धन गरी पुन समुदायको पहिचान कायम राखी अन्य आदिबासी जनजाति




सरह राज्यबाट आदिबासी जनजातिको नाममा उपलब्ध हुने गराउने सेवा सुविधाहरुमा पुनहरुको समेत संलग्नता तथा सहभागिता होस् यसबाट बञ्चित हुन नपरोस् र समग्र पुन समुदायको उत्थान होस् भन्ने हेतुले हामी पुनहरुको मौलिक भाषिक, सांस्कृतिक विशेषतालाई उद्धृत गर्दै सो विशेषता मगर वा मगर जाति भित्रका अन्य थर उपथरका समुदाय समेतसँग विविधता भएकाले पुन समुदायलाई सूचीकृत गर्न अपरिहार्य छ।

भूमिपुत्र पुनहरुको आफ्नो छुट्टै भाषा, संस्कृति, परम्परा एवं पहिचान छ। पुनहरुको मातृभाषा खाम भाषा भनिएता पनि हामी पुनहरुको छुट्टै भाषिक विशेषता छ। हामी पुनहरु जो जहाँ जुन अवस्थामा रहेपनि आफ्नो मौलिक संस्कृति, परम्परालाई निरन्तरता दिई आएका छौं। हामी पुनहरु संस्कृतिमा धनी छौं । हाम्रो आफ्नै मौलिक लोकसंस्कृति छ। जुन संस्कृति जहाँ जहाँ पुन बस्ती छ त्यहाा त्यहाँ व्यापक रुपमा प्रचलित छ। तर अन्य मगर तथा जात/जातिको भन्दा पृथक छ। हाम्रो आफ्नै एउटै कुल मान्दछौं, एउटै धर्म, एउटै चाडपर्व, एउटै भुमे भरानी एकै दिनमा पुज्दछौं, मान्दछौं। हाम्रो आफ्नै लोकगीत संगीत छन्, जुन अरुसँग मिल्दैन। हाम्रो गाउँ बस्ती एकै ठाउँ गुचमुच्च छ हाम्रो पुर्ख्यौली भूमि धौवलागिरी र राप्ती अञ्चल मात्र हो। पछि मात्र बसाई सरेर अन्यत्र जान थालेका हौं। पुनहरुको गाउँमा प्राय अरु जातजाति कमै मात्रामा रहेका हुन्छन्। हाम्रो आफ्नो विशिष्ठ साझा पहिचान छ, सो पहिचान पुनहरुमा एक रुपता छ, तर जुन अरुसँग मिल्दैन। हाम्रो गाउँघरमा बाँकी रहेका भाषा, धर्म, संस्कार, संस्कृति, भेषभूषा, कुल पूजा, भौगोलिक बसोबास र थर उपथरहरुमा मौलिक विविधता रहेको र हामी पुनहरु मगर जाति भएता पनि हाम्रो आफ्नै छुट्टै मौलिक संरचना र जातिय पहिचान रहेकोमा कुनै विवाद छैन।

पुन समुदाय नेपालको आदिवासी जनजाति भित्र पर्दछ, अन्य आदिबासी जनजाति सरह पुन समुदायको पनि ऐतिहासिक पृष्ठभूमि छ र यहाँको जल, जमिन, जङ्गलसँग पुनहरुको उत्पत्तिदेखि नै घनिष्ठ सम्बन्ध रहि आएको छ। आदिबासी जनजाति सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणा पत्र एवं अन्तर्राष्ट्रिय महासन्धीले निर्धारण गरेको मापदण्ड बमोजिम नै यहाँको भूमिसँग पुनहरुको अन्योन्याश्रित सम्बन्ध रहिआएको छ। पुन समुदायको आफ्नै मौलिक भाषिक र सांस्कृतिक विशेषता भएको र सो भाषिक र सांस्कृतिक विशेषता यहाँको भुगोलसँग सम्बन्धित रहेको साथै अन्य जनजातिहरुको भाषिक र सांस्कृतिक विशेषतासँग विविधता रहेको प्रष्ट छ। पुनहरुको मौलिक संस्कृति र भाषा अन्य आदिबासी जनजातिको भन्दा पृथक र आफ्नै किसिमको रही सोही आधारमा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा समेत पुनको नामले पहिचान कायम गरेको तथ्यमा कुनै दुई मत छैन।

अतः हामी पुनहरु उक्त बमोजिम आदिबासी जनजाती सम्बन्धी स्वीकृत मान्यता एवं परिभाषा अन्तर्गत आदिबासी जनजाति भित्र परेकोमा विवाद नभएको र हाम्रो आफ्नै मौलिक भाषिक एवं सांस्कृतिक विशेषता रहेको र सो भाषिक एवं सांस्कृतिक विशेषतालाई राज्य स्तरबाटै संरक्षण एवं सम्बर्द्धन गरी राज्यको पहुँच नपुगेका पुन समुदायसम्म राज्यको पहुँच पुऱ्याई समग्र पुन समुदायको हित एवं विकासका लागि हामी पुन समुदायलाई आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार अन्य सुचिकृत भएका जनजातिले पाउने सुविधा पाउने गरी छुट्टै सुचिकृत गराउन म लागि परेको छु। यस कार्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण पुन समुदायहरुबाट पूर्ण सहयोग हुनेछ भन्ने मैले विश्वास लिएको छु।धन्यवाद

# अध्यक्षसँग अन्तरवार्ता

## एक बहादुर फगामी पुन



*तपाईंको परिचय ?*

मेरो जन्म थलो गाउँ ओखरेनी, शालिजा गा. बि. स., पर्बत जिल्ला हो तर अवसर र सुबिधाको लागि बसाई सराईको क्रममा पोखरातिर सरियो र मेरो शिक्षाको बिषयमा भन्नु पर्दा मेडिकल क्याम्पस काठमाण्डौंमा पढ्दा पढ्दै पुरा हुन नपाउँदै बृटिश आर्मीमा भर्ती भईयो र भर्ती भएपछि गोर्खा सिगनल्समा जाने मेरो चाहना पनि पुरा भयो । यसरी हंगकंग, ब्रुनाई लगायत विभिन्न देशहरुमा सेवा गर्दै यूके कर्म थलो बन्न गयो । मेरो परिवारमा २ छोरी र १ छोरा छन् ।

*एक पुन को हो जस्तो लाग्छ ?*

मैले आफुलाई एउटा समाज सेवीको रुपमा लिन्छु र किन भने मेरो रुचि पनि समाज सेवा नै हो र आर्मी छाडे पछि आफ्नो गाउँदेखि बिभिन्न समाजहरुमा समाज सेवी काममा नै निरन्तर लागि रहेको छु ।

*तपाई कुन कुन सामाजिक संस्थाहरुमा आबद्ध हुनु हुन्छ ? सामाजिक संस्थाहरुमा आबद्ध हुने कोबाट प्रेरणा पाउनु भयो र किन यसरि सामाजिक संस्थाहरुमा लाग्नु भयो ?*

आफ्नो समाज बाहेक अहिले म गैर आवासीय नेपाली संघ यूके, मगर संघ यूके, पर्बत वेलफेर समाज यूके, पोखरेली समाज यूकेमा सल्लाहकारको रुपमा आबद्ध छु र सामाजिक सेवा प्रति मेरो रुचि भएको कारणले गर्दा म यसरी सामाजिक संस्थाहरु संग आबद्ध हुँदै समाजको सेवा गरिरहेको छु र त्यसैले यो कसैको प्रेरणा भन्दा पनि मेरो आफ्नै रुचि हो भन्नु पर्यो र

*पुन समाज युकेको मर्म, भावना र उद्देश्य के हो ? यसको बारेमा केहि बताइदिनु हुन्छ कि ?*

पुन समाज यूके यूकेको सबै क्षेत्रमा बसो बास गर्नु हुने नेपालको जुन सुकै क्षेत्र बाट आउनु भएको पुन समुदायको एउटा विशुद्ध च्यारिटेबल साझा सामाजिक संस्था हो र त्यैसैले यो समाजलाई संधै भरि सेवामा केन्द्रित एउटा परोपकारी संस्थाको रुपमा स्थापित गर्दै यूके भरि छरिएर बस्नु भएका पुन समुदायलाई एकजुट पार्दै लग्ने पुन समाज यूकेको मूल उद्धेश्य हो र यसै गरि पुन थर मगर जाति भित्र पर्ने प्रमुख थरहरु मद्धेको एउटा थर हो र अन्य प्रमुख थरहरुमा जस्तै पुन थर अन्तर्गत पनि ५० भन्दा बढी उपथरहरु छन् र नेपालको आदिवासी जनजातिहरुमा सबै भन्दा बढी जनसंख्या भएको मगर जाति बहु पहिचानयुक्त जातिको रुपमा चिनिएको जाति पनि हो र त्यसकारण पुन समाज यूके थर विशेष भन्दा पनि पहिचान विशेष खोलिएको समाज भएकोले हाम्रो पहिचानलाई यो बिदेशी भूमिमा पनि संरक्षण र संवर्द्धन गर्दै लग्नु यो समाजको अर्को महत्वपूर्ण उद्देश्य हो ।

*पुन समाज युकेले सफल गरेका कार्यहरु तथा तपाई सन्तुष्टि भएको कार्यहरु मध्ये एक, दुइ, तिन गरि बताइदिनु हुन्छकी ? साथै भविष्यका योजनाहरु केहि छन् कि ?*

पहिलो कुरा पुन समाज यूकेले स्थापनाकाल देखि नै देश तथा बिदेशमा गर्दै आई रहेको सबै कार्यहरु उत्तिकै सफल भएका छन् र ति कार्यहरु प्रति हामी उत्तिकै सन्तुष्ट छौं र तै पनि जब हामीले म्याग्दी जिल्लाको काफल डाँडा गाउँमा पर्ने महभिरको शीरमा आदिम काल देखि नौकुने ढुंगाको थपनाको रुपमा मात्र रहँदै आएको एउटा ऐतिहाँसिक स्थल, जहाँ हाम्रो कूल करवाकेलि बाबाको जीवन कालमा ठूलो घटना घटेको थियो, त्येस ठाउँमा हाम्रो पहलमा झन्डै १ करोड रुपियाँको लागतमा राष्ट्रिय स्तरको थान निर्माण गर्न सफल भयौं यस्मा हामीले सबै भन्दा बढी सन्तुष्टि प्राप्त भएको अनुभव गर्छौं र यसै गरि तमुधी यूकेले हरेक वर्ष संचालन गर्दै आइरहेको आ(आफ्नो पहिचान झल्काउने नेपाली मेलामा लगातार ३ पटक सम्म प्रथम भएर पुन समुदायको शीर सबै भन्दा उच्च राख्न सफल हुनु पनि हामी उत्तिकै गर्व गर्छौं र यसै प्रकारले नेपालमा गत साल गएको भूकम्पले देशलाई अस्त ब्यस्त पारेको बेलामा हाम्रो समुदाय बाट पनि लत्ता कपडा लगायत १०,०००(दश हजार) पाउण्ड संकलन गरि ती भूकम्प पीडितहरु

लगायत यसै भूकम्पको कारण म्याग्दीको बैसरीमा गएको पहिरो बाट घरबार विहिन परिवारहरुलाई सहयोग गर्न पाउँदा पनि हामीलाई ठूलो आत्म सन्तोष मिलेको छ ।

***मगर संघ युके जस्तो अत्यन्तै शक्तिशाली मगर संस्थाहरु युकेमा स्थापित हुँदा हुदै पनि पुन समाज युके खोल्नुको उद्धेश्य के छ होला बताइदिनु सक्नु हुन्छ कि ?***

एकदमै महत्वपूर्ण प्रश्न राख्नु भयो र मैले अघि नै भनि सकेको छु कि मगर जाती बहु पहिचान भएको समुदायहरु मिलेर बनेको जाती हो र यो मगर जातिको विशेषता पनि हो र ती बहु पहिचानहरुलाई समान रुपमा संरक्षण र संवर्द्धन गर्दै लग्नको लागि ती फरक पहिचान भएको समुदायहरुको पनि पहिचान विशेष आ-आफ्नै समाजहरु हुन जरुरी छ भन्ने हाम्रो मान्यता हो र त्यसकारण यही मान्यता अनुसार पुन समुदायको आफ्नै विशिष्ट पहिचानलाई यस ठाउँमा पनि बचाउँदै भावी सन्ततिहरुलाई हस्तान्तरण गर्दै लग्ने उद्देश्यका साथ पुन समुदायले पनि पहिचान विशेष आफ्नै समाज खोलेको हो र यसै गरि अन्य फरक पहिचान बोकेका मगर समुदायहरुले पनि पहिचान विशेष आ( आफ्नै समाज बनाउँदै अनेकतामा एकता बद्ध हुँदै मगर संघलाई बृहत र बलियो बनाउनु पर्छ भन्ने हाम्रो भनाई हो र

***मगर संघ युकेको बर्तमान सलाहकारको हैसियतले मगर संघ युके, पुन समाज युके र पुन मगर समाज युकेले के गर्न सके हाम्रो सम्बन्ध अझै प्रगाड हुन्थ्यो जस्तो लाग्छ ?***

सबै भन्दा महत्वपूर्ण कुरा मगर संघ यूकेले फरक पहिचान भएका सबै समुदायहरुको भावना र चाहनालाई पनि ध्यान दिँदै सिंगो मगर संघले कस्तो भूमिका खेल्नु पर्ने हो त्यो भूमिका निभाउँदै अघि बढ्न सक्नु पर्छ र मगर संघमा मगर महा संघको अवधारणा ल्याईनु पर्छ भन्ने हाम्रो माग हो र यसै गरि पुन समाज यूकेको सम्बन्धमा हामीले निभाउनु पर्ने आफ्नो भूमिका निभाई रहेको छौं र किनभने हामी को हौं भन्ने बारे पुन समाज यूकेले समाजको आधिकारिक धारणा र विधान मार्फत प्रष्ट पारिसकेको छ र यसै गरि सुचिकृतको बारेमा पनि कसरि सुचिकृत हुन खोज्दैछौं भन्ने बारे भूपू मन्त्री उत्तम पुन ज्यू, जसले सुचिकृतको लागि अग्रणी भूमिका खेल्दै हुनुहुन्छ । उहाँले मगर संघ मै आएर प्रष्ट पारिसक्नु भएको छ र अब पुन मगर समाज यूकेको सम्बन्धमा यो समाज यसरी बीचमा बस्नुको कुनै अर्थ र औचित्य छैन । किनभने मगर जाति भित्र बहु पहिचान भएका समुदायहरुको आ-आफ्नै समाजहरु भएकोले पुन मगर समाज पनि आफ्नो पहिचान अनुरुपको समाजमा जानुको विकल्प छैन ।

***पुन समाज युकेले किन पुन मगर समाज युकेलाई आफ्नो अधिनमा राखन सकेन होला जस्तो लाग्छ ? के भविष्यमा पुन समाज युके र पुन मगर समाज युके एकीकृत हुने सम्भावना देखनु भएको छ ? बताइदिनु हुन्छ कि ?***

पुन समाज यूके २००७ सालमा विधिवत रुपमा स्थापना भएको संस्थापक समाज भएकोले यो समाजको आफ्नै विधि विधान हरु छन् र अहिले यूकेको च्यारिटीमा पनि दर्ता भई सकेको छ र



समाज भित्र मत मतान्तरहरु जुन सुकै समाजमा पनि हुन्छन् र यस्लाई हामीले अस्वाभाविक ठान्दैनौं तर मतान्तर भयो भन्दैमा समाजको भावना, मर्म र विधान विपरित कुनै पनि कार्य गर्नु अवैधानिक हो र यस्ता अवैधानिक कार्यहरु समाजको हितको लागि नभएर व्याक्तिगत स्वार्थको लागि गरिएको ठहर्छ र यही अवस्था हो पुन मगर समाज यूकेको र त्येस्कारण भविस्यमा पुन मगर समाज यूके चाहे पुन समाज यूके संग होस् चाहे मगर संघ यूके संग होस् नमिलेर सुखै छैन यसरी दुइटा डुंगामा दुइटा खुट्टा राखेर गन्तव्यमा पुग्न सकिंदैन ।

***संसार भरि छरिएर बसेका मगर तथा गैर मगरहरुलाई केहि संदेश छ कि ?***

संसार भरि छरिएर बसेका मगर तथा गैर मगरहरुलाई साउने संक्रान्ति र आउने बडा दशैं तथा दिपावली ०७३ को उपलक्षमा मेरो परिवार अनि समाजको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

***अन्त्यमा जिन्दगी के हो जस्तो लाग्छ ?***

मेरो बुझाईमा बाँचुन्जेल जिन्दगि अनेकौं ठक्करहरु खाँदै कहिले तराईका समथर भूमिमा त कहिले पहाडका अप्ठ्यारा कुना कन्दराहरुमा निरन्तर बगी रहने नदि हो जस्तो लाग्छ र अन्त्यमा, मलाई आफ्नो कुराहरु राख्ने मौका दिनु भएकोमा एव्रेस्ट टाइम्सलाई धन्यवाद दिन चाहन्छु र धन्यवाद ।



# पुन महिला समिति यू.के

मगर जातीभित्रको पनि आफ्नै छुट्टै पहिचान भएको समुदाय हो 'पुन समुदाय'। पुनहरुको आफ्नै परम्परा संस्कृति र पहिचानहरुलाई जोगाई राख्नको लागि हाम्रा अग्रजहरुले विभिन्न योगदान दिँदै आएका छन्। पुन समाजको स्थापना कालदेखी नै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा महिलाहरुको पनि योगदान रहँदै आएको छ। बसाईसराईको क्रमसँगै पुन समुदायहरु नेपाल अधिराज्य भरी छरिएर रहेका छन् र अलि संख्यात्मक हिसाबले बढि जनसंख्या रहेका ठाउँहरुमा पुनहरुले आफ्नै समाजको स्थापना गरी आफ्नै संस्कार संस्कृतिलाई निरन्तरता दिँदै विभिन्न सामाजिक कार्यहरु गर्दै आएका छन। लाहुरे बन्ने प्रथादेखि शुरु भई रोजगारीको सिलसिलामा अहिले संसारभरी पुनहरु पनि पुगीसकेका छन्। पुनहरुको अलि बढी संख्या रहेको देशहरुमा पुन समाज खोलेर पुन समुदायहरुको लागि सेवा सहयोग गरिरहेका छन्।

पुन समाज यू.के. २००६ सालमा स्थापना भयो। समाजको कार्यसमितिमा महिलाहरुको उपस्थिति संख्या न्यून रहेता पनि पुन समाजलाई यो अवस्था सम्म ल्याउन पुन महिलाहरुको पनि महत्वपूर्ण योगदान छ। समयको गतिशील जस्तै हाम्रो समाजको आवश्यकता अनुसार महिलाहरुको छुट्टै समिति बनाई सबै पुन महिलाहरुलाई सक्रिय बनाउने सोंच अनुसार २०१४ मा पुन समाज यू.के. को विधान अनुसार पुन समाज यू.के. को मातहतमा रहने गरी 'पुन महिला समिति यू.के.' को स्थापना भएको हो।

पुन महिला समिति यू.के.ले स्थापना पछि सबै पुन महिलाहरुलाई समाजको महिला समिति सदस्य वितरण गर्ने काम गरेको छ। त्यसपछि २०१५ को तिहारको अवसर पारेर देउसी "भैलो कार्यक्रम २०१५" को आयोजना गरेर केही आर्थिक संकलन गर्न सफल भएको छ भने हरेक वर्ष यो कार्यक्रमलाई निरन्तरता दिने सोंच बनाएको छ। पुन समाज यू.के. को वार्षिक साधारण सभा, अधिवेशन र वार्षिक भेटघाट कार्यक्रम, कूलपूजा जस्ता ठूला कार्यक्रमहरुमा खानपिन, साजसज्जाहरुमा सहयोग गर्दै आएको छ।

हामी महिलाहरु आफैमा कमजोर छैनौं तर हामी आफैंले कमजोर सोच्दछौ। अवसर या मौका दिने हो भने हामी महिलाहरुले पनि पुरुषसरह सबै जिम्मेवारी बहन गर्न सक्दछौं। तसर्थ सम्पूर्ण पुन महिला समुदायहरुलाई अनुरोध गर्दछौं कि यदि हाम्रो सन्ततिहरुलाई आफ्नो पहिचान सिकाउनु छ भने, विदेशमा रहेर पनि आफ्नो पूर्खाह

रुको संस्कार र परम्पराहरुलाई जागाउनु छ भने हामी सबै हातेमालो गरेर समाजको लागि पुन समुदायको लागि केही गरौं! हामीले नगरे कसले गर्ने? अहिले नगरे कहिले गर्ने?

पुन महिला कार्यसमिति यसप्रकार छ :

# Pun Samaj UK

*UK Charity Register No 1160842*

Pun Ladies Section Name List

| Post | Name | Address in UK | Address in Nepal |
|---|---|---|---|
| President | Bhim Kumari Pun | East London | Khibang |
| Vice | Megh Tilija | London | Banduk |
| Secretary | Maya Pun | Northolt | Gharamdi |
| Treasurer | Kesh Kumari Pun | Northolt | Gharamdi |
| A. secretary | Redha Garbuja | Hounslow | Kaphaldanda |
| A. Treasurer | Dhanisara Phagami | Basingstoke | Gharamdi |
| Member | Dhandevi Pun | Basingstoke | Begkhola |
| Member | Sarmila Phagami | Basingstoke | Begkhola |
| Member | Parbati Khorja | Basingstoke | Ulleri |
| Member | Chandra Pun | Hounslow | Dandakateri |
| Member | Bhim Maya Pun | Swindon | Khibang |
| Member | Pritimaya Tilija | Swindon | Ramche |
| Member | Basanti Purja | Swindon | Khibang |
| Member | Parbati Purja | Maidstone | Khibang |
| Member | Sharda Tilija | Maidstone | shikha |
| Member | Tara Pun | Maidstone | Ulleri |
| Member | Prem Maya Pun | Folkstone | Nangi |
| Member | Jaya Kala Pun | Folkstone | Okhareni |
| Member | Manju Pun | Burnt Oak | Salija |
| Member | Premdevi Pun | Burnt Oak | Lespar |
| Member | Dhan Kumari Phagami | Aldershot | Salija |
| Member | Chan Maya Purja | Aldershot | |






# पुन यूथ क्लब

## UK Estd-2009

सन् 2007 मा श्री मेजर सन्त बहादुर पुर्जा पुनको अध्यक्ष्यतामा पुन समाज UK औपचारिक रुपमा गठन भए लगत्तै यूथ वर्गले पनि आफ्नो समाजप्रतिको दायित्व अनि आवश्यकतालाई आत्मसाथ र मुल्यांकन गरी केही यूथहरु बीचको पटक-पटकको अन्तरक्रिया पछि युथ क्लब खोल्ने निर्णय गरी सन् २००१ मा औपचारिक रुपमा कर्बाकेली यूथ क्लब UK नामाकरण गरी समाजको हरेक गतिविधिमा सहयोग गर्ने र सहभागीता जनाउने प्रतिबद्धताका साथ अगाडि बढ्ने यस क्लबले निर्णय गऱ्यो ।

कुने पनि संघ, संस्था वा समाजको आ-आफनै भातृसंगठन हुन्छन र त्यसमा प्राय यूथ वर्गहरुको समुह वा क्लब हुने गर्दछ, त्यसैले हामी करबाकेली यूथ क्लब पनि पुन समाज UK को भातृसंगठनको रुपमा अगाडि बढ्दै अनि विशेषत समाजको कार्यक्रम प्रत्यक्ष रुपमा सहभागीता गराउँदै यस क्लबले गति लिन शुरु गऱ्यो । करबाकेली यूथ क्लब UK ले आफै स्वयम् क्लब पनि सक्षम हुनुपर्छ भनी मनन् गरी केही स-साना कार्यक्रम गरी कोषको शुरुवात गर्ने निर्णय गऱ्यो र पुन समाज UK को वार्षिक भेटघाट कार्यक्रममा राफल चिठ्ठा, भैलो कार्यक्रम हुँदै Summer camping को आयोजना गर्दै आयो । ती मध्य क्लबले Summer camping लाई स्थापना काल देखिनै निरन्तर दिँदै आईरहेको छ ।

सन् 2009 देखि 2015 को January सम्ममा करबाकेली यूथ क्लब युके रहदै आएतापनि 2015 को January पछि नेपाल पुन समाज सुचीकृतको प्रकृयाले क्लबको नाम परिवर्तन गर्नु पर्ने आवश्यक परेकोले करबाकेली यूथ क्लब युकेलाई पुन यूथ क्लब युके नामाकरण गरी सोही कार्यसमितिले नै क्लबलाई संचालन गर्ने गरी निर्णय भएको थियो । तसर्थ सोही अनुरुप पुन समाज युके र पुन यूथ क्लब युके बीचको समझदारी अझ बढि दिगो र बलियो राख्नका लागि दुवै पक्षले सशक्त भुमिका खेल्ने छ भनि यस क्लबले पुर्ण विश्वास राखेको छ ।

करबाकेली यूथ क्लबको उद्देश्य भनेको हामी पुन समुदायहरु जति पनि यस युकेमा स्थायी अथवा अस्थाई रुपमा बसोबास गर्दै आईरहेका छौ, उनीहरु बीचमा सदैव राम्रो परोपकारी सम्बन्ध सिर्जना गर्न, हाम्रा अग्रजहरुबाट आफ्नो संस्कृति, भेष-भुषा र रहन-सहनको सही मुल्याङ्कन गरी आफुले सिकेर त्यसलाई बचाई

| | |
|---|---|
| President | - Surya Bdr Garbuja Pun - Lamport hall - Kaphaldanda |
| Vice president | - Yuba phagami - Basingstoke - Bega |
| Secretary | - Ganesh Pan - Nartholt - Dashablang |
| Vice Secretary | - Prakash Chochangi - Burnt oak - Okhareni |
| Treasurer | - Himal pun - Northolt - Histan |
| Vice Treasurer | - Asha pun - Northolt - Kuwapani |
| Activity co-ordinator | - Taran Ramjali - Hounslow - |
| Asst co-ordinator | - Som Bdr Pun - Basingstoke - Ramchee |
| | - Anjina Paija - Wembley |
| Sport Secretary | - Bijay Pun - Northolt |
| Asst Secretary | - Mohar Pun - Basingstoke |
| Music co-ordinator | - Hemanta Pun - Sadburry |
| | - Robin Pun - Sadbarry |
| | -Suren Pun - Basingstoke |
| Journalists | - Sunil Pun - Feltham |
| | -Subash Pun - Basingstoke |

राख्नको लागि सक्दो कोशिस गर्नेछ साथै भविष्यमा आउने पुस्तालाई हस्तान्तरण गर्दै अनि यस देशको भाषा, संस्कृति, भेषभुषा रहन-सहनलाई पनि उच्च सम्मान गर्दै यहाँका साधारण आवश्यकताहरुलाई राम्रो सँग बुझेर अगाडि बढ्ने छ। आफ्नो पुर्वजहरुले जीवन निर्वाहा गरेका स्थानहरु, जुन नामले आज हामी संसार माझ परिचीत भएका छौ, तिनै ठाउँहरुलाई अनि त्यहाँका मानिसहरुको जीवनस्थर उकास्नको लागि केही आवश्यक पहलहरुको शुरुवात गर्ने र हाम्रो परिचय कसरी ती स्थानहरुसँग जोडिएको छ भनी त्यसको बारेमा अध्ययन गर्नको लागि पनि यस क्लबले पहल गर्ने छ।

अन्तमा, म यस क्लबको संस्थापक अध्यक्ष श्री सुर्य बहादुर गर्बुजा पुन, तपाई सम्पूर्ण पुन समुदायमा विनम्र अनुरोध गर्न चाहन्छु की हाम्रो यस सुन्दर र सफा घरलाई सदैव आफ्नो ठाउँबाट आफुले सकेको सहयोग र राम्रा अनुभव समाजप्रति लगाउँदै अझ बढी दिगो र बलियो बनाउनु हुनेछ भनि पुर्ण आसावादी रहेको छु। हामी पुन यूथ क्लब युकेले भविष्यमा आफ्नो ठाऊँ अनि मातृभुमिप्रति केही गर्ने दृढ संकल्प गर्दै स्थानीयबासीको साथ अवश्य पाउँने छौ भनी आशा राख्दै आफ्नो भनाईलाई यही अन्त्य गर्न चाहन्छु। धन्यवाद। "जय कर्बाकेली बाबा"



बेलायतको सर्वोच्च युद्ध पदक भिक्टोरिया क्रस विजेता तुल बहादुर पुनको जन्म म्याग्दी जिल्ला बेगखोला गाबिस बादुक गाउँमा बुवा कविराम तिलिजा र आमा तनिसा तिलिजा को ज्येश्ठ सुपुत्रको रुपमा २३ मार्च १९२३ मा भएको हो। भेडा बाख्रा चराउने खेती किसानी गर्ने लोर्के ठिटो तुल बहादुर तिलिजा पुन २० बर्षको उमेरमा १८ अक्टोबर १९४० मा आ  नै गाउँका गल्लावाला सँग भर्ती हुन भारतको गोरखपुर कुनाघाट जानु भयो र भर्ती हुनु भयो। भर्ती भएपछी रेल मोटर र पैदल् हुँदै हालको पाकिस्तान अहोदाबादमा ३।६ बटालीयनमा रही सैनिक तालिम सम्पन्न गर्नु भयो। भर्ती हुँदा वहाँको सैनिक नम्बर १०११९ र पछी पल्टन बिभाजन भये पछी २११४५०१७ थियो। दोस्रो विश्वयुद्ध चर्कदै गएको हुँदा तालिम सम्पन्न भएपछी पुर्व बर्मामा जापानीजहरु

बिचमा महारानी भिक्टोरियाको राजकीय चिन्ह अंकित छ। यो पदक ३.७५ सेन्टीमिटर फराकिलो रातो रिबन सँग झुन्डिएको हुन्छ। यो पदकको पछाडि पट्टी लडाईं भएको मिती,स्थान र ब्यक्तिको नाम अनी सैनिक नम्बर लेखिएको हुन्छ। यो पदक क्रिमिया युद्धको समयमा सेवास्तुपुल युद्ध भुमिमा कब्जा गरिएको रसियन गनको काँसको धातु बाट निर्माण गरिएको हुन्छ। अझै बढीमा १४।१५ वटा पदक मात्रै बन्न सक्ने यो धातु बेलायत सँग मात्र रहेको छ। रसियाको क्रिमिया युद्ध देखी अफगानिस्तान युद्ध सम्म जम्मा १ हजार ३६४ वटा भिक्टोरिया क्रस प्रदान भईसकेको छ भने १३ जना गोर्खाहरुले मात्र यो पदक पाउने सौभाग्य पाएका छन।

लण्डन राजपत्रमा प्रकाशित बहादुरीको गाथा



# बहादुरहरुका पनि बहादुर, गोर्खा आन्दोलनका महानायक्

## तुल बहादुर पुन (भि. सी.) को जीवनी

सँग युद्ध गर्न खटिनु  भयो। बर्मामा भएको घमासान युद्धमा वहाँले साहसिक् बहादुरी प्रदर्शन गरेबापत भिक्टोरिया क्रस पाउनु भएको थियो।

भिक्टोरिया क्रस को बारेमा संक्षिप्त जानकारी

युद्ध मैदानमा दुश्मनको अगाडी अदित्य पराक्रम,साहस वा नेत्रित्व प्रदान गरे बापत प्रदान गरिने बेलायतको सबै भन्दा उच्च गरिमामय युद्ध पदक भिक्टोरिया क्रस हो। यो पदक २९ जनवरी १८५६ मा महारानी भिक्टोरियाको नाम बाट स्थापना भएको हो। महारानी भिक्टोरियाले सन १८३७ देखी १९०१ सम्म ६४ बर्ष शासनभार सम्हालेकी थिईन। यो पदकको स्थापना कुनै धर्म, जाती, लिङ्ग वा कुनै सानो ठुलो दर्जा नभएर युद्धको समयमा साहसिक र बहादुर प्रदर्शन गर्ने योद्धालाई प्रदान गरिन्छ। भिक्टोरिया क्रस ३.६ सेन्टीमिटर फराकिलो हुन्छ। पदकको

बर्माको मोगाउं भन्ने ठाउँको रेल दौड्ने पुलनेर २३ जुन १९४४ मा छैठौ गोर्खा राइफल्सको तेस्रो बाटलियनलाई जापानीहरुको बलियो अखडा माथि हमला गर्ने आदेश आयो। जब हमलाको तयारी हुँदै थियो अकस्मात् लगभग २०० गजको बाँया तर्फको पोजिशनबाट दुश्मनहरुले चारैतिरबाट फायर खोलिहाले।

यो दोहोरो क्रस फायरिङ् भिडन्त यती गम्भीर थियो की अगाडि बढ्दै गरेको बी कम्पनीका दुई प्लाटुनहरु आ  नो गन्तब्यमा पुग्न सकेनन। त्यसमध्य एउटा प्लाटुनमा तुल बहादुर पुन पनि थिए। युद्धको परिस्थिती यती गम्भीर थियो कि उनी आँफै उनको सेक्सन कमाण्डर र अर्को एकजना जवान बाहेक दुश्मनका फायरिङ्ले अरु सबै सखाप भैसकेका थिए र उनको सेक्सन कमाण्डर पनि गम्भीर घाइते भये।



सेक्सन कमाण्डरको नेत्रित्व पनि स्वयम् आफुले नै सम्हाल्नु पर्ने बाध्यता पर्यो। त्यसैबेला उनले बाँकी रहेका आ  न दुइजना साथीहरुको साथ रातो घर हमला गर्न कुदिहाले ।

बहादुर पुनले सोभै आफैमाथी आइरहेको गोला बर्षाको पर्वाह नगरी घाइते सेक्सन कमाण्डरको ब्रेन गन समातेर दुश्मनको बंकरतर्फ एकलै छिटो भन्दा छिटो फायरिङ् गर्दै अगाडि बढ्न थाले । यो बिहानको उज्यालोमा जापानी सेनामाथि भएको खुल्ला हमला थियो । त्यसबेलामा खुला मैदान जहाँ दुश्मनहरुले सोभै देख्न सक्ने थियो । छिपछिपे पानी र हिलो भएको जमिन थियो । वरिपरि गोलाबारुधले गर्दा ठुला ठुला खाडलहरु थिए भने बमबर्षाको कारणले रुखहरु ढलिराहेका थिए ।

प्रकारको प्रतिकुल समयमा पनि तुल बहादुर पुनले जापानीहरुले कब्जामा राखेको रातो घर घेर्न पुगे। उनले ३ जना दुश्मनहरुलाई त्यहि नै मारीदिये पाँच जना भागे। त्यसपछी दुश्मनका दुइवटा मेशिनगन र गोलाबारुधहरु आ  नो कब्जामा लिये। त्यसैबेला उनले फेरी बंकर भित्र लुकेर बसेका दुश्मन माथि फायरिङ् गर्न थाले बंकर भित्रका थुप्रै दुश्मनहरु मारिए कोही भागे र सो ठाउँ कब्जा गर्न सफल भये। लडाईंको त्यस बिन्दुमा कुनैपनी हालतमा मरिने परिस्थितीमा पनि आ  नो ज्यानको बाजी लगाइ दुश्मनले कब्जा जमाइ राखेको रातो घर लाई आ  नो नियन्त्रणमा लिन सफल भये।

तुल बहादुर पुनले ३ मार्च १९४५ मा भायसराय लर्ड वेभेलको बाहुलीबाट दिल्लीमा भएको बिशेष समारोहमा भिक्टोरिया क्रस को पदक ग्रहण गरेका थिए। सो युद्धमा एउटै प्लाटुन र एकै सेक्सनका तुल बहादुर पुन र क्याप्टेन अलमाण्ड दुइजनाले भिक्टोरिया क्रस पाएका थिए । क्याप्टेन अल्माण्ड युद्धको समयमा बहादुरी प्रदर्शन गर्दागर्दै दुश्मनको गोली लागेर मृत्यु भएका थिए। वहाँको बहादुरीको कदर गर्दै वहाँलाई मरणोप्रान्त भिक्टोरिया क्रस प्रदान गरिएको थियो ।

### *जोआना लम्ली सँगको सम्बन्ध*

२३ जुन १९४४ को दोस्रो विश्वयुद्धमा बर्माको मोगाउं भन्ने ठाउमा तुल बहादुर पुन को कम्पनीलाई जापानीहरुको बलियो अखडा रहेको रातो घरलाई हमला गर्ने आदेश भयो। उक्त कम्पनिका कम्पनी कमाण्डर मेजर जेम्स लुथोरफोर्ड लम्ली थिए। जो जोवानाकी पिता थिए। तुल बहादुर पुनको बि कम्पनी हमलाको सुरुवाती मै दुश्मनका फायरिङ्मा परेर पहिले नै हताहती भैसकेका थिए। त्यती बेला नै कम्पनी कमाण्डर जेम्स लुथोरफोर्ड लम्ली पनि दुश्मनको गोली लागेर गम्भिर घाइते भये । त्यसरी नै साथीको पनि बमको चोइटाले मृत्यु भयो । यत्तिकैमा तुल बहादुर पुनले कमाण्डरको ब्रेन गन टिपेर रातो घर हमला गर्न दौडी हाले। बाटोमा तीन जना जापानिजहरुलाइ गोलीले उडाइदिये । दुश्मन रहेको बंकरलाइ ग्रिनेड फाली ध्वस्त पारी बाँकी बचेँकाहरुलाई खुकुरीले छप्काइदिये र पाँच जना फुत्फुती भागे । यसरी दुश्मनहरु अगाडि बढ्न सकेनन र तुल बहादुर पुनले घाइते कमाण्डर मेजर जेम्सलाई बोकेर सुरक्षित ठाउमा राखिदिये। यदी दुश्मनहरुलाई तुल बहादुर पुनले खेद्न नसकेको भये गम्भिर घाइते अवस्थामा रहेका मेजर जेम्स लुथोरफोर्ड लम्लीलाइ दुश्मनहरुले मारिदिने थिए। गम्भीर घाइते अवस्थामा रहेका मेजर जेम्स लुथोरफोर्ड लम्लीलाई सैनिकको बिशेष बिमानबाट बेलायत ल्याएर करीब २ बर्ष सम्मको उपचारपछी स्वस्थ भै पुस्न कश्मीरमा रहेको आ  नो पल्टनमा फर्कियेपछी सन १९४६ मा मात्र जोवाना लम्ली जन्मेकी थिईन। यसरी लडाईंको बेलामा मृत्युको मुखबाट बचायेको हुनाले जोवानाको बुवाले तुल बहादुर पुनको ठुलो गुण मानेका थिए। जोवाना भन्छिन यदी मेरो बुवालाई तुल बहादुर पुनले नबचाइदियेको भये म जन्मिने पनि थिएन। सन १९४४ को युद्धमा मेरो बुवालाई तुल बहादुर पुनले बचाइदियेको हो र त्यसपछी मात्र म जन्मेकी हुँ। त्यसैले तुल बहादुर पुन मेरो बुवा हुन यस अर्थमा म गोर्खालीको छोरी पनि हुँ। त्यसै गुणले गर्दा जोवाना लम्लीले आ  नो सम्पूर्ण शक्ती लगाएर गोर्खा आन्दोलनमा सरिक् भएकी थिईन।

### *सैनिक जीवन बाट अवकाश*

तुल बहादुर पुन भिसी २० बर्ष बेलायती सेनामा रहेर काम

गरेपछी अवकाश भई आ नै गाउँ बादुक फर्किनु भयो। बादुक गाउँ त्यतिबेला मुस्ताङ जिल्लामा पर्दथ्यो भने सदरमुकाम दानामा रहेको थियो। अवकाश पछी सदरमुकाम दानामा गोर्खा वेल्फेयर अफिसर भएर काम गर्नु भयो। त्यसबेला त्यस क्षेत्रका अधिकांश गाउँहरुमा स्कुल र खानेपानीको राम्रो बन्दोवस्त थिएन। त्यस क्षेत्रका धेरै जसो स्कुल र खानेपानीका योजनाहरु वहाँको सकृयता र पहलमा भएका हुन। वेल्फेयर बाट अवकाश पछी बादुक पञ्चायतको प्रधानपन्च,जिल्ला सदस्य र अञ्चल सदस्य भएर बिभिन्न सामाजिक कार्यहरु गर्नु भएको थियो। वहाँ भर्ती हुँदाको समयमा गाउँमा स्कुलहरु थिएनन। अनौपचारिक् शिक्षा भर्ती भएर मात्रै लिनु भएको थियो। त्यसैले अवकाश भै गाउँ फर्किएपछी बिशेष गरेर शिक्षामा जोड दिनु भयो। आ नै बादुक गाउँमा २०२० सालमा श्री कृष्ण प्राथमिक बिध्यालयको स्थापना गर्नु भयो र २०२२ सालमा नेपाल सरकार बाट मान्यता प्राप्त भयो। त्यसपछी २०३६ सालमा श्री कालिका प्राथमिक बिध्यालय को स्थापना तिप्ल्याङ गाउँमामा गर्नु भयो र २०३८ सालमा नेपाल सरकार बाट मान्यता प्राप्त भयो। अहिले यि दुई बिधायलयहरु निम्न माध्यामिक् बिध्यालय बनेका छन भने पुन भिसी प्रतिस्ठानको अनुरोधमा जोवाना लम्लीको सहयोगमा गोर्खा वेल्फेयरले सुबिधा सम्पन्न भवनहरु बनाइदिएका छन। दुबै बिधालयहरुमा शिक्षाको गुणस्तर बृदिको लागि तुल बहादुर पुन भि.सि.का सहयोद्धा तथा मरणोप्रान्त भि.सी. विजेता क्याप्टेन अल्माण्डको परिवार र जोवाना लम्लीले बिभिन्न सहयोगहरु गर्दै आएका छन।



### *गोर्खा आन्दोलन*

बेलायत सरकारले गोर्खाहरु माथि गरेको भेदभाव बिरुद्धमा थालिएको आन्दोलनमा सहभागी हुनेहरुमा बेलायतको उच्च तहको सम्मान पाएको ब्यक्ति तुल बहादुर पुन भि.सी. मात्र हुन। वहाँ गोर्खा आन्दोलनका जननी गोर्खा भुतपुर्व सैनिक संघ गेसोका सँरक्षक हुनुहुन्थ्यो। वहाँले गेसोमा आवद्ध भएर नेपालमा भएका विभिन्न आन्दोलन र राष्ट्रिय अन्तराष्ट्रिय सभा सम्मेलनहरुको नेत्रित्व पनि गर्नु भएको थियो। बेलायतको सर्वोच्च युद्ध पदक भिक्टोरिया क्रस विजेता ब्यक्तिले बेलायतले गोर्खा माथि गरेको भेदभाव बिरुद्ध आवाज उठाउदा देश तथा बिदेशका बिभिन्न मिडियाहरुले मुख्य समाचार बनाएर प्रचार गरिदिएपछी स्वयम वहाँका समकक्षी र बेलायती रक्षा मन्त्रालय मार्फत बिभिन्न ब्यक्तिहरु आएर वहाँलाई आन्दोलनमा नहिडिदिन अनुरोध समेत् गरेका थिए। तर वहाँले आफुले पाएको उच्च सम्मानलाई समेत बेवास्ता गर्दै गोर्खा माथि गरिएको भेदभाव बिरुद्धको आन्दोलनबाट पछाडि हट्नु भएन। भिक्टोरिया क्रस र जर्ज क्रस पदक पाउने ब्यक्तिहरुलाई हरेक २२२ बर्षमा बेलायती महारानी बाट बकि म दरबारमा दर्शनभेटको लागि निम्तो आउने गर्दछ। करिव एक हप्ताको सो बिशेष कार्यक्रममा तुल बहादुर पुन भि.सी. सहभागी हुनुहुन्थ्यो। गोर्खा आन्दोलनमा सरिक् भएपछी आन्दोलनको खातिर पछील्लो केही समय सो बिशेष कार्यक्रममा जानु भएन। गोर्खा भुतपुर्व सैनिक संघले बेलायती आवासिय अधिकारको मुद्धा बेलायती उच्च अदालतमा दर्ता गर्नको लागि सो मुद्धाको साक्षी राख्दै तुल बहादुर पुन भि.सी.लाई बेलायत लैजाने योजना अनुसार बेलायतको होवे एण्ड को ल फर्म मार्फत तुल बहादुर पुन भि.सी. को आवेदन बेलायती दुतावास काठमाडौंमा दिएको थियो। तर बेलायतको सर्वोच्च युद्ध पदक बाट सम्मानित ब्यक्ती हरेक २ बर्षमा बेलायती महारानीको दर्शन भेट गर्न बेलायत जाने ब्यक्तिलाई गोर्खा आन्दोलनमा लागेकै रिसमा बेलायत सँग कुनै सम्बन्ध नभएको भन्ने लंगडो र हास्यापद तर्क दिएर तुल बहादुर पुन भि.सी. को आवेदन बेलायती दुतावासले अस्वीकार गरिदियो। तर तुल बहादुर पुन भि.सी. को आवेदन अस्वीकार हुनु नै सम्पूर्ण पीडित गोर्खाहरुको भाग्य खुल्न रहेछ जस्तो भयो। आवेदन अस्वीकार भये पछी बेलायती ल फर्म होवे एण्ड को ले सारा बेलायती संचार माध्यमहरु मार्फत बेलायत भरी बेलायतको सर्वोच्च युद्ध पदक भिक्टोरिया क्रस विजेता तुल बहादुर पुन को बेलायत आउने आवेदन बेलायतले अस्वीकार गरिदियो भनेर प्रचार गरिदिएपछी यो कुरा जोवाना लम्लीले थाहा पाईन। आ नो बुवा मेजर जेम्स लुथोरफोर्ड लम्लीलाइ बच्चाउने ब्यक्ती यिनै तुल बहादुर पुन हुन भन्ने थाहा पाये पछी बेलायती

दुतावासको सो निर्णय बिरुद्ध बक्तब्य जारी गरिन। जोवाना लम्लीले बिरोध गरे पछी सारा बेलायती जनताले उनको कुराको समर्थन गर्दै बेलायती सरकार र होम ओफिस बिरुद्ध बिरोध सुरु भयो। तत्कालीन बेलायती प्रधानमन्त्री गोर्डोन् ब्राउन को क्याबिनेट बिरुद्ध बिपक्षी पार्टिहरुले पनि आवाज उठाउन थाले पछी गृह मन्त्रालयले माफी माग्दै एक हप्ता भित्र सम्मानका साथ बेलायती प्रवेशको अनुमती दिने निर्णय गर्यो। अप्रिल २००७ मा वहाँ बेलायत आउँदा वहाँलाई हिथ्रो बिमानस्थलमा बेलायतको उच्च सम्मान गार्ड अफ अनरु प्रदान गरेको थियो। नेपालको इतिहासमा गार्ड अफ अनर सम्मान पाउने सायद् वहाँ नै पहिलो नेपाली पनि हो। यदी तुल बहादुर पुन भि.सी. को आवेदन अस्वीकार नभएको भये सायद् नत जोवानाले थाहा पाउने थीईन नत गोर्खा आन्दोलनमा उनको संलग्नता रहने थियो।

२००७ मा बेलायत आएपछी गोर्खा भुतपुर्व संघ गेसोको नेत्रित्वमा तुल बहादुर पुन भि.सी. लाई साक्षी राखेर बेलायती ल फर्म होवे एण्ड को ले बेलायती उच्च अदालतमा सम्पूर्ण गोर्खाहरुले आवासिय अधिकार पाउनु पर्छ भन्ने मुद्धा दर्ता गरायो। गोर्खाले लगाएको गुणको खातिर जोवाना लम्लीले आ  नो सम्पूर्ण शक्ती लगाएर आवासिय अधिकार आन्दोलनको नेत्रित्व गरीन। मुद्ध दर्ता भये पछी गोर्खा भुतपुर्व सैनिक संघ, जोवाना लम्लिको गोर्खा जस्टिस क्याम्पेन र बेलायती ल फर्म होवे एण्ड को भएर बेलायतभरी गोर्खाहरुमाथि भएको बिभेदको बारेमा बिभिन्न कार्यक्रमहरु भये। हरेक कार्यक्रमहरुमा तुल बहादुर पुन भि.सी. छातीभरी तक्मा लगाएर उपस्थित हुनुहुन्थ्यो। जसले गर्दा बेलायती मिडियाहरुले वहाँको फोटो राखेर गोर्खाहरुको समस्या र भेदभावको बारेमा मुख्य समाचार बनाएर छपिदिन्थे। यसरी गोर्खाहरुको बारेमा बेलायती जनताहरुले समर्थन जनाउदै गएपछी फलस्वरुप ३० सेप्टेम्बर २००९ मा बेलायतको उच्च अदालतले सम्पूर्ण गोर्खाहरुले बेलायतको आवासिय अधिकार पाउनु पर्छ भन्ने बारेमा फैसला गरिदियो। तर यो फैसलालाई सरकारले लागु गर्न आनाकानी गर्यो। जोवाना लम्लीले यो मुद्धालाई फेरी संसद भवन् मै पुराएर छलफल गराउन सफल भईन र अन्तत्व मतदान भयो र गोर्खाहरुको पक्षमा बिजय भयो। यसरी सम्पूर्ण गोर्खाहरु बेलायत आउन पाउने ढोका खुल्ला भयो।

गोर्खा आवासिय अधिकारको सफलता पछी वहाँ स(परिवार बेलायत बस्दै आउनु भएको थियो। बेलायत बसे पनि वहाँ हरेक बर्ष आ  नो जन्म गाउँ जाने गर्नु हुन्थ्यो। वहाँले स्थापना गर्नु भएको स्कुलहरु मा गएर खबरहरु बुझ्ने गर्नु हुन्थ्यो। बेलायत आउनुको आ  नो उदेश्य पुरा भएको भयता पनि स्वास्थ्यको कारणले गर्दा बेलायत बस्नु पर्दा रातदिन गाउँको बारेमा सोधिरहने गर्नुहुन्थ्यो। अन्तत वहाँ फेब्रुअरी २०११ मा नेपाल फर्केर आ  नै जन्मथलो बादुक तिप्ल्याङ मा २० अप्रिल २०११ मा ९० बर्षको उमेरमा निधन भएको हो।

नेपालको दुर्गम् गाउँमा जन्मेको एउटा ब्यक्तिले यस्ता अनेकौ अमर इतिहासहरु रचेका छन। यो सिङो देशको लागि पनि गर्वको कुरा



हो। वहाँले गर्नु भएका बिभिन्न एतिहासिक कामहरु भावी पुस्ताहरुको लागी पनि उदाहरणीय र प्रेणादायी हुनेछ। आज वहाँको भौतिक शरीर यस धर्तिमा नरहे पनि वहाँको योगदानहरु ईतिहासका पानाहरुमा सधैं अमर रहनेछन। वहाँको यि अमर ईतिहासहरुलाई जीवनत राख्दै वहाँले गर्नु भएका थुप्रै सामाजिक कार्यहरुलाई निरन्तरता दिनको लागी तुल बहादुर पुन भि.सी. प्रतिस्ठान को स्थापना भई शिक्षा क्षेत्रमा सहयोग गर्दै आएको छ।

अर्जुन तिलिजा पुन
पुन भि.सी. प्रतिस्ठान
http://punvcfoundation.org

# करबाकेको महिमा



रमेश शेर्पुजा पुन
लण्डन

ब्रम्हाजीले रचे श्रृष्टि यो ।
पञ्च महाभूतले चलेको छ यो ॥
सुनको मान्छे चलेन ओ ।
पञ्च रत्नको बोलेन अरे ॥
खरानी र माटो मिश्रितको
चल्यो अनि बाल्यो अरे ॥
सत्रुपा र मनुले खोजे
संसार धान्ने उपाय ।
विद्या १२ वर्ष तपस्य बसी
३ कन्या जन्माए ॥
मङगोल देशमा मङगोलले
सुमारु पर्वतको
सति धारामा सत्य जुगेले
धौलासिरिको
रुही खोलाको शिरमा
हंस देवताले अवतार प्राप्त गरे ।
मानुकी जेठीसँग मङगोलले
माइलीसँग सत्यजुगेले
कान्छीसँग हंस देवताले
विवाह कर्म चलाए ।
करबाकेका बाआमा
हंस हंसेनी
रैमासिनी र फिमलाकी
धुम्मा धुम्मेनी ।
रामचन र कुल्चन अनि
अरु ७ भाइहरु करबाकेका सन्तान हुन् ।
आखिर ६ भाई लाखापाखा त
खलाखलियो र गोकूल खर्कको
माइलो भूमे हुन् ॥
अगेनामा जेठा रामचन् त
घरधुरीमा कान्छा कूल बस्छन्
करबोक इष्टदेव हुन् भने
जेठा र कान्छा
पुन जातिको कूल हुन् ॥
कान्छाले दैवीप्रकोप जोगाउँछन् ।
जेठोले घर पस्न आँट गर्ने भूतप्रेत धपाउँछन् ।
माइलोले अन्नवालीको सह
अनेत्र जान दिदैनन् ।
जखमी हुनुको कारणले
कतै जान सक्दैनन् ॥
टाँठो बाठो हुनु भन्दा
भाग्य रेखा राम्रो हुनुपर्‍यो ।
जेठोलाई नौं सिङ्गे त
कान्छोलाई दुई सिङ्गे जुऱ्यो ॥
कूलको सेवा ३/३ वर्षमा हो रे ।
३ को साटो दश पुकदानी
मौका ढुकधन अरे ॥
दुःख पऱ्यो भाकल गऱ्यो ।
काम सऱ्यो भेख मऱ्यो ॥
पूर्वजहरुले जे गरे
सतर्कले गरे ।
आजकाले ढुङ्गा रातो
पेट तातो गर्दैछन् रे ॥
पुन समुदायको करबोक इष्टदेव हुन् ।
घर परिवारको रक्षा गर्ने जेठा र कान्छा कूल हुन् ॥
काफलडाँडाको ऐतिहासिक थान
करबाकेको प्रतीक हो ! सबैले मान्नु पर्दछ ।
संसार भरि छरिएका पुन समुदायलाई
शान्ति सुरकक्षा दिनु हुने
विश्वास सबैमा हुनुपर्दछ ॥
कूलको सेवा हरेक ३/३ वर्षमा गर्न पर्दछ ।
चोखो पानी धुपदिप दैनिक नित्य पूजा हो ।
प्रत्येक घरधुरीमा करबाकेको झण्डा फरफराउनै पर्ने
हरेक घरपरिवारको परम कर्तव्य हो ॥
कूलपूजाको थान उठाउँदा
करबाकेको जीवन कथालाई
"दुर" भनिन्छ ।
ग्रह शान्ति गर्दा नौ बैनीको चरित्रलाई "ओखा" भनिन्छ ॥

जसले सद्भाव र श्रद्धाले
ईष्टदेव र कूलको गर्ने छ सेवा ।
सदा सर्वदा उसैले पाउने छ सेवा र टेवा ॥
जय करबाके बाको ।

# करबाकेली अनुसन्धान समिति गतिविधि



मेजन पुन (सचिव : करबाकेली अनुसन्धान समिति)

करबाकेलाई आफ्नो कूल मान्दै जेष्ठ वा मंसीर महिनाको पहिलो मंगलबार पारेर धौलागिरि क्षेत्र र हाल कास्की, तनहुँ, काठमाडौं, चितवन, नवलपरासी, रुपन्देही र कपिलबस्तुमा बसाई सराई गरेका पुनहरु भाले र साँडले पुजेर सस्मरण गर्ने गर्दछन्। करबाके सम्बन्धी विविध कुराहरुको खोजी गर्न आवश्यक भएको सन्दर्भमा २०६० साल भदौं ३ गते काठमाडौंमा एक समिति निर्माण गरि खोजी कार्यलाई अगाडि बढाउने कार्यको थालनी गऱ्यो।

### महत्वपूर्ण गतिविधिहरू

- करबाकेली अनुसन्धान समिति, नेपाल नामक संस्था काठमाडौंमा गठन गरेर विविध छलफल पश्चात महभीर खोजको लागि कार्य योजना तयार पारेर सर्वप्रथम २०६० साल कार्तिक २८ गते काफलडाँडाको महभीर भीरतिर गएर त्यहाँ रहेको ओडारको माथिल्लो भागहरु अनुगमन गर्दै महभीर गाउँमा बास बस्यो।
- २०६० साल कार्तिक २९ गते काफलडाँडा महभीर गाउँमा बैठक बस्यो। २०६० साल मंसीर २२ गते कुल पुजा र २३ गते काफलडाँडामा रहेको भीर चढ्ने/झर्ने कार्यक्रम तय गरिएको हुँदा भीरको उचाई नाप्ने कार्य सम्पन्न। भीर १ सय ४४ मिटर रहेको साथै माथि देखि उक्त भीरमा रहेको ओडार ७१ मिटरमा रहेको हुँदा उक्त ठाउँमा खोजी कार्य गर्ने बारे उक्त बैठकमा जानकारी गराउँदै मंसीर २२ गते कुल पूजाको सामाग्री संकलन, सुरक्षा व्यवस्था र खान/बस्ने व्यवस्था गाउँमा मिलाउन आमा समूह, गाउँ समिति र यसको संयोजक खिमबहादुर गर्बुजालाई जिम्मा दिइयो।



- कार्तिक ३० गते बाँसखर्क गाविस – ६, मा त्यहाँका गन्यमान्यहरुसँग संयुक्त बैठक बस्यो। मंसीर २३ गते काफलडाँडामा रहको महभीर चढ्ने/झर्ने काम अवलोकनको लागि बाँसखर्क तर्फको उभिन्डे ओडार भन्ने ठाउँमा बस्न र हेर्नको लागि व्यवस्था मिलाउनको साथै चियापानको व्यवस्था मिलाउन त्यहाँका युवा समाज र आमा समूहलाई बैठकले जिम्मा लगायो।



- महभीरमा रहेको ओडारमा अवलोकनको लागि आर्थिक संकलन गर्नको लागि विभिन्न संघ/संस्थाहरु पुन समाज पोखरा, पुन मगर उत्थान समाज चितवन, पुन परिवार काठमाडौं, पुन समाज हङकङ, करवाकेली समाज रुपन्देही र म्याग्दी मगर समाज काठमाडौंसँग पत्राचार तथा भेटघाट कार्यक्रम।
- काफलडाँडाको भीरमा मंसीर २२ गते कुल पुजा गरि २३ गते



पहिलो पटक वृहत रुपमा विना कुनै दुर्घटना खोज तथा अवलोकन कार्यक्रम सम्पन्न। जसमा काफलडाँडाका सुकबहादुर पुन (पाईजा), कृष्ण पुन (पाईजा), होमबहादुर पुन (पाईजा), डबबहादुर पुन (गर्बुजा) र नन्द पुन (चोचाङी) डोरी र पराङको सहायताले ओडारसम्म पुग्न सफल।

- २०६० मंसीर २३ गते बेलुकी महभीर गाउँमा करबाकेली सम्बन्धी खोज कार्यमा आफ्नो ज्यानको समेत पर्वाह नगरी महभीर ओडारमा पुग्न सफल व्यक्तिहरुलाई समिति तथा गाउँको तर्फबाट संयुक्त सम्मान कार्यक्रम आयोजना।
- २०६० मंसीर २४ गते बेलुकी महभीर गाउँमा करबाकेली सम्बन्धी खोज कार्यमा संलग्न व्यक्तिहरुलाई नेपाल मगर संघ, जिल्ला समिति म्याग्दीको भवनमा सम्मान तथा भोजको व्यवस्था गरिएको कार्यक्रममा खोज कार्यमा संलग्न व्यक्ति लगायत समिति उपस्थिति।



- २०६१ जेष्ठ ५ गते बेनी र ६ गते चिमखोला गाउँमा बास बसेर ७ गते विहान हिंडेर बगर खोलालाई २५ ठाउँमा तर्दै अर्बाङ ओडारमा बास बसी ८ गते भीरमह काढे पश्चात त्यस अर्बाङ भीरको शिरमा रहेको हारालेहोराले ओडारमा रहेको चित्र अवलोकन तथा संकलनको लागि समितिको तर्फबाट सहभागी।
- २०६१ जेष्ठ १० गते पाखापानी गाविस उलुङ्ग भीरमा समितिको तर्फबाट सहभागी भएर चित्र अवलोकन तथा संकलन कार्य।
- २०६१ जेष्ठ १२ गते हिस्तान गाविस ३, सौबन्दे ओडार (पलाँचे) मा रहेको चित्र तथा अक्षर संकलनको लागि समितिको तर्फबाट सहभागी।



- २०६१ असोज १४ गते समितिको तर्फबाट निर्माण भएको डकुमेन्ट्री गन्तव्य महभीर जाउलाखेलको स्टाफ कलेजमा प्रथम प्रदर्शन कार्यक्रम आयोजना गरि प्रतिक्रिया संकलन।
- २०६१ असोज १८ गते गन्तव्य महभीर नामक डकुमेन्ट्री रुपन्देहीमा प्रदर्शन गरि प्रतिक्रिया लिने काम भएको।
- २०६१ कार्तिक १० गते चित्र खोज तथा संकलन कार्यको लागि कुईने मंगले अन्तर्गत रिगाट ओडारमा समितिको तर्फबाट सहभागी।
- २०६१ मंसीर १९ गते राम्चे गाविसको महभीरमा समितिको तर्फबाट फिमला फिल्मस् प्रोडक्सनले निर्माण गरेको गन्तव्य महभीर नामक डकुमेन्ट्री प्रदर्शन।
- करबाकेली अनुसन्धान समितिको तर्फबाट फिमला फिल्मस् प्रोडक्सनले निर्माण गरेको डकुमेन्ट्री गन्तव्य महभीर नामक डकुमेन्ट्री KIMFF (Kathmandu International Mountain Film Festival 04) मा छनोट भई प्रदर्शन



रसियन कल्चर सेन्टर काठमाडौंमा प्रदर्शन। प्रदर्शनको क्रममा चिमखोलाका भिराउटे ध्रुवकुमार पाईजालाई काठमाडौंमा झिकाई डकुमेन्ट्री डाइरेक्टर सहित कार्यक्रममा सहभागी। यही डकुमेन्ट्री नै मगर समाजमा निर्माण भएको पहिलो डकुमेन्ट्री र कुनै पनि अन्तरार्ष्ट्रिय चलचित्र महोत्सवमा छनोट भएको पहिलो डकुमेन्ट्री बनेको हुँदा यसका निर्देशकद्वय मेजन फगामी र डबबहादुर गर्बुजा पुन मगरलाई समितिको तर्फबाट बधाई।

- २०६१ मंसीर ९ गते चित्र संकलन तथा अवलोकनको लागि मुस्ताङ, जिल्ला घास गाविस, दुम्सी ओडारमा समितिको तर्फबाट सहभागी।
- २०६१ मंसीर १२ गते चित्र संकलन तथा अवलोकन गर्न चिमखोला गाविस देउराली डाँडामा समितिको तर्फबाट सहभागी।
- २०६१ मंसीर १२ गते नै दग्नाम गाविस, दर्मिजाको जागाघोप्टे ओडारमा चित्र संकलन तथा अवलोकनको लागि समितिको सहभागी।
- पुन क्लब पोखराको सहयोगमा पोखरा विन्ध्याबासिनी फिल्म हलमा गतव्य महभीर डकुमेन्ट्री प्रर्दशन।
- २०६१ माघ ६ गते काफलडाँडा महभीरको ओडारमा पुनः दोश्रो पटक अनुसन्धान कार्य। यस पटकको भीर झर्ने कार्यमा चिमखोला गाउँका ध्रुवकुमार पाईजा र काफलडाँडा गाउँका पर्तजीत पाईजा सहभागी भई त्यहाँ रहेको चित्रको फोटो तथा भिडियो खिच्ने कार्य गरेको हुँदा वहाँहरुलाई समितिको बैठकबाट धन्यवाद दिने निर्णय।
- करबाकेली अनुसन्धान समितिले गरेको कामलाई सर्वसाधारण समक्ष प्रस्तुत गर्न करबाकेली नामक पुस्तक प्रकाशन गर्ने निर्णय गरि यसको जिम्मा दलबहादुर पुन र मेजन पुनलाई जिम्मा दिएको।
- करबाकेली सम्बन्धी विविध कुराहरुलाई एकरुपता ल्याउने र करबाकेलीको आख्यान सम्बन्धी करबाकेली अनुसन्धान समितिले बनाएको धारणा बुझ्न काठमाडौंमा बसोबास गरि आइरहनु भएका समाजका अग्रज व्यक्तिहरुसँग २०६३ कार्तिक १५ गते एक छलफल कार्यक्रम आयोजना गरेको। यस बैठकमा चितवन निवासी जयप्रकाश पुनले तयार पारेको करबाकेली, हिमला, फिमला, रामचन र कुलचनको स्केचमा समेत वहाँहरुको कस्तो धारणा छ बुझ्ेर सल्लाह, सुझाव संकलन गर्ने कार्य सम्पन्न।
- २०६३ कार्तिक १८ गते पुन समाज पोखरा र पुन कला जर्गेना समिति पोखरासँग करबाकेलीको स्केच र करबाकेलीको आख्यान सम्बन्धी करबाकेली अनुसन्धान समितिले तयार पारेको धारणामा छलफल गरि सल्लाह सुझाव संकलन गर्ने कार्य सम्पन्न।
- २०६३ कार्तिक २१ गते पुन मगर उत्थान समाज, चितवनका पदाधिकारी तथा बुद्धिजीविहरुसँग बैठक बसेर करबाकेलीको आख्यान सम्बन्धी करबाकेली अनुसन्धान समितिले तयार पारेको धारणा र स्केचमा छलफल गरि सल्लाह सुझाव संकलन गर्ने सम्पन्न।



- २०६३ कार्तिक २२ गते पुन कल्याणकारी समिति, कावासोतीका पदाधिकारी, महिला समूह तथा बुद्धिजीविहरुसँग बैठक बसेर करबाकेलीको आख्यान सम्बन्धी करबाकेली अनुसन्धान समितिले तयार पारेको धारणा र स्केचमा त्यहाँको धारणा बुझ्न छलफल गरि सल्लाह सुझाव संकलन गर्ने कार्य सम्पन्न ।

- २०६३ कार्तिक २४ गते करबाकेली समाज रुपन्देहीका पदाधिकारी तथा बुद्धिजीविहरुसँग बैठक बसेर करबाकेलीको आख्यान र स्केचमा त्यहाँको धारणा बुझ्न छलफल गरि सल्लाह सुझाव संकलन गर्ने कार्य सम्पन्न ।

- करबाकेली सम्बन्धी खोज गरिएको अहिले सम्म भएको कार्यलाई समावेश गरि करबाकेली नामक डकुमेन्ट्री निर्माणको लागि २०६३ मंसीर २ गते बसेको बैठकले मेजन पुनलाई जिम्मा दियो ।

- औलो गाउँमा स्वर्ण जयन्ती समारोह कार्यक्रम आयोजना तयारीको लागि २०६३ पुष ११ गते करबाकेली अनुसन्धान समिति र औलो गाउँ समितिको संयुक्त बैठक औलो गाउँमा बस्ने निर्णय । र, उक्त बैठकले काम गर्न सजिलोको लागि विभिन्न समितिमा विभिन्न व्यक्तिहरुलाई चयन गरि सोही अनुरुप काम गर्न अधिकार दिएको ।

- २०६३ साल माघ १३, १४ र १५ गते आयोजित स्वर्ण जयन्ती समारोहमा करबाकेली पुस्तक र करबाकेली डकुमेन्ट्री स्वर्ण जयन्ती समारोहका प्रमुख अतिथि समाजसेवी मनबीर गर्बुजाको हातबाट विमोचन । पहिलो दिनमा उद्घाटन कार्यक्रम गरि सोही रात्री करबाकेली नामक डकुमेन्ट्री प्रदर्शन । दोश्रो दिन करबाकेली अनुसन्धान समितिले तयार पारेको आख्यान, करबाकेली डकुमेन्ट्री र प्रतिवेदन माथि छलफल गरि समाजको संयुक्त धारणा निर्माण गर्दै सोही रात्री फिमला फिल्मस् प्रोडक्सनले निर्माण गरेको पुन मगर समाजको पहिलो चलचित्र एजु प्रदर्शन । एजु प्रदर्शनबाट संकलन भएको सम्पूर्ण रकम औलो गाउँलाई पहिरोले सताएको हुँदा प्रोडक्सन कम्पनीको तर्फबाट हस्तान्तरण । तेश्रो दिन विविध विषयमा छलफल गरि औलो घोषणा पत्र ०६३ तयार गरि वाचन गर्दै स्वर्ण जयन्ती समारोह समापन गरियो । अन्तिम दिनमा पुन कला जर्गेना समिति पोखरा, चिमखोला साँस्कृतिक समूह, आमा समूह औलो र आमा समूह घराम्दीबाट ल्याईएको साँस्कृतिक नृत्य प्रस्तुत गरियो । स्वर्ण जयन्ती समारोह एतिहासिक रुपमा आयोजना भई सम्पन्न भएको धारणा सबैबाट व्यक्त ।

- करबाकेली डकुमेन्ट्री, करबाकेली पुस्तक र स्वर्ण जयन्ती समारोहको सम्पूर्ण झलकहरु समावेश गरि तयार पारिएको भिसिडी विक्री वितरण ।

- २०६५ साउन २७ गते करबाकेली सम्बन्धी राष्ट्रिय स्तरको भेटघाट तथा  छलफल कार्यक्रम आयोजना गर्नको लागि करबाकेली बाबा संरक्षण समिति काफलडाँडा र करबाकेली अनुसन्धान समितिको संयुक्त बैठक बेनीमा बस्यो । बैठकले राष्ट्रिय स्तरको भेटघाट तथा छलफल कार्यक्रम २०६५ असोज २६ र २७ गते राख्ने निर्णय पारित गर्‍यो । बैठकमा करबाकेली अनुसन्धान समितिले तयार पारेको करबाके, हिमला, फिमला, रामचन र कुलचनको स्केचलाई उक्त भेटघाट तथा छलफल कार्यक्रममा प्रस्तुत गर्ने निर्णय समेत उक्त संयुक्त बैठकले पारित गर्‍यो ।

- २०६५ असोज २६ र २७ गते बसेको राष्ट्रिय भेलाले काफलडाँडामा राष्ट्रिय स्तरको थान निर्माण गर्ने निर्णय गर्‍यो । साथै करबाकेली अनुसन्धान समितिले तयार पारेको स्केचलाई केही परिमार्जन सहित पारित गर्‍यो । र, यही स्केचलाई अब सबै स्थानमा प्रचलनमा ल्याउने साथै अब उप्रान्त सबै ठाउँमा करबाकेली सम्बन्धी एकरुपता ल्याउन सबैले प्रयास गर्ने निर्णय पारित गर्‍यो । भेलाले थान निर्माणको लागि गुरुयोजना माथि छलफल तथा निर्माण कार्यको लागि अर्थ संकलन सबैले आ–आफ्नो ठाउँमा गर्ने निर्णय गर्‍यो ।

- पुन मगरहरु पश्चिम हुकाम मैकोट तिरबाट आएको भन्ने कुरालाई मध्ये नजर गरि त्यतातिर स्थलगत अवलोकन तथा खोज गर्न २०६६ कार्तिक २३ गते बेनीबाट प्रस्थान गर्ने निर्णय गरि इच्छुक व्यक्तिहरुलाई टोलीमा समावेश हुनको लागि आव्हान ।

- हुकाम मैकोट तर्फ जाने समूहलाई बाटो खर्चको लागि स्वस्फुर्त रुपमा बेलायत र हङकङबाट आर्थिक सहयोग संकलन गरि रकम हस्तान्तरण । आर्थिक संकलनमा महत्वपूर्ण भूमिका खेल्नु भएका बिल पुर्जा, भोवी पुर्जा र देवेन्द्र पुर्जालाई हार्दिक धन्यवाद बैठकबाट पारित ।






- काफलडाँडाको रामचन–कुलचन डाँडामा निर्माण हुन लागेको करबाकेली बाबाको राष्ट्रिय स्तरको थानको शिलन्यास कार्यक्रम तथा कुल पुजा यही २०६७ जेष्ठ ३ र ४ गते गर्ने निर्णय अनुरुप आर्थिक सहयोग, ब्रोसर, करबाके, हिमला, फिमला, रामचन र कुलचनको स्केच तयार गरि प्रचार प्रसार कार्यमा तिव्रता ल्याउन, आर्थिक संकलन गर्न पत्राचार गर्न बैठकबाट पारित।


- काफलडाँडाको रामचन–कुलचन डाँडामा निर्माण हुन लागेको करबाकेली बाबाको राष्ट्रिय स्तरको थान निर्माण संयोजक चामबहादुर गर्बुजा र थान सुपरीबेक्षणको लागि ईन्जिनियर हिमाल पुन चयन।

- काफलडाँडाको रामचन–कुलचन डाँडामा निर्माण हुन लागेको करबाकेली बाबाको राष्ट्रिय स्तरको थानको निर्माणको थानको ढोका, झ्याल तथा विविध काठका सामाग्रीहरु बनाउनको लागि करबाकेली अनुसन्धान समितिका अध्यक्ष, सचिव, चामबहादुर पुन र इन्जिनियरको रोहबरमा सातदोबाटोमा रहेको पाटन उड कार्भिङलाई जिम्मा।

- काफलडाँडाको रामचन कुलचन डाँडामा करबाकेली अनुसन्धान समिति र बाबा संरक्षण समितिको संयुक्त आयोजनामा निर्माण हुन लागेको राष्ट्रिय स्तरको थानको शिलन्यास कार्यक्रम २०६६ साल जेष्ठ महिनामा प्रमुख अतिथि समाजसेवी मनवीर गर्बुजा, सभापति जगबहादुर फगामी, बिशेष अतिथि चामबहादुर गर्बुजा, बिशेष अतिथि केशर पुर्जा पुन, अतिथि हर्कबहादुर पुन, बयोवृद्ध अतिथिको हातबाट थानको लागि खनिएको जगको पाँच ठाउँमा शिलन्यास कार्यक्रम सम्पन्न।

- काफलडाँडा रामचन कुलचन डाँडामा करबाकेली अनुसन्धान समिति र करबाकेली बाबा संरक्षण समिति काफलडाँडाको संयुक्त आयोजनामा २०६७ सालमा २ दिने झाँक्री सम्मेलन आयोजना गरि सम्पन्न। कार्यक्रममा करबाकेली बाबाको दुर र पुजा विधि बारे झाँक्रीहरुसँग छलफल गरि करबाकेली सम्बन्धी निष्कर्ष निकाल्दै अब प्रकाशन हुने पुस्तकमा त्यही अनुरुप दुर र पुजा विधि प्रकाशन गरिने र सोही अनुरुप समाजमा लागू गरिदै लैजाने कुरा पारित।

- २०६९ सालमा महाविर पुनको हातबाट करबाकेली बाबाको राष्ट्रिय स्तरको थान समुद्घाटन तथा कुल पुजा कार्यक्रम गरि करबाकेली अनुसन्धान समिति विघटन। करबाकेली अनुसन्धान समितिले थान निर्माण पश्चात वचत रकम अतिथि गृह निर्माण गर्नको लागि करबाकेली बाबा संरक्षण समितिलाई बेनीमा २६ लाख हस्तान्तरण।




## करबाकेली सम्बन्धी प्रकाशित कृतिहरु






# छैठौं कार्यसमितिको प्रारम्भिक अवस्था

यूकेमा बसोबास गर्ने पुन समुदायलाई संगठित गर्दै, पहिचान जोगाउँदै र दुस्ख परेको बेलामा सहयोग गर्ने भन्दै सन् २००७ सालमा सर्ब सम्मत सदस्यहरु बाट पारित गरि विधिवत रुपमा स्थापना गरिएको समाज हो पुन समाज यूके र हाल पुन समाज यूके वैधानिक रुपमा नै यूकेको च्यारिटी संस्थामा पनि दर्ता भैसकेको छ र मेजर शान्त पुर्जा पुन यो समाजको संस्थापक अध्यक्ष हुनु हुन्छ र स्थापना काल देखि यो समाज एउटा विशुद्ध र स्वतन्त्र समाजको रुपमा रही आ  नो समुदायको लागि उत्कृष्ट कामहरु गर्दै पुन समुदायको नाम यस ठाउँमा पनि उच्च स्थानमा राख्न सफल भएको छ र यसरी समाजको भावना र मर्मलाई बुझेर समाजको विधान अनुसार समाजलाई अगाडी बढाउंदै गर्दा समाजको तेस्रो अधिवेशनमा अवैधानिक रुपमा जबर्जस्ति यो समाजलाई विभाजित गरियो र समाजको लागि यो सबै भन्दा ठूलो दुर्भाग्य र निन्दनीय कार्य थियो र विधिवत रुपमा खडा भएको कुनै पनि समाजको आ(आ  नै विधि विधानहरु हुन्छन् र यसै विधान अनुसार त्यो समाज चल्नु चलाउनु पर्ने हुन्छ अनि मात्र प्रकृया पुग्छ र यसै अनुरुप बार्षिक साधारण सभा या अधिवेशन हुनु भन्दा अगावै आ(आ  नो एजेन्डाको लागि सम्पूर्ण सदस्यहरुलाई खबर गरि सदस्यहरु बाट आएको एजेन्डाहरुको बारेमा छलफल गर्न कार्य समितिको बैठक बसी बैठकले पारित गरेर मात्र ति एजेन्डाहरु सम्पूर्ण सदस्यहरुलाई समेत जानकारी दिंदै साधारण सभा या अधिवेशनमा छलफलको लागि लगिन्छ र यो नै पुन समाज यूकेको वैधानिक प्रक्रिया हो र पुन समाज यूकेको तेस्रो अधिवेशनमा पनि यही प्रक्रिया अनुसार एजेन्डाहरु ल्याएको थियो र तर केहि फरक मत भएका सदस्यहरुले आ  नो एजेन्डा कार्य समितिको बैठकमा नउठाई कार्य समितिको बैठकमा पारित नै नगरी कसैलाई थाहा नै नदिई अचानक अधिवेशनको दिनमा नया एजेन्डा ल्याउनु भयो र यसरी अधिवेशनको लागि एजेन्डामा नै नभएको विषय ल्याए पछि संस्थापन पक्षले यो प्रकृया विना आएको एजेन्डाको लागि विशेस साधारण सभा बोलाई निर्णय गर्ने भन्दा असहमति जनाई  नयाँ संस्था खोल्न पूर्व तयारीको साथ आएको हुनाले सोहि दिनको साँझमा एउटा रेस्टुरेन्टमा गएर अनौपचारिक रुपमा बैठक बसी अवैधानिक रुपमा २,४ जनाले नया समाज खोलि समाज बिभाजन गरे र पुन समाज यूके कसरि बिभाजन भयो भन्ने बारेमा यथार्थ कुरा यही हो र

समाज यसरी विभाजित भए पछि सहमति गर्दै मिलेरै जाउँ भन्नको लागि संस्थापन पक्षले क्याप. चन्) बहादुर पहरे पुनको संयोजकत्वमा ५ सदस्यीय मध्यस्तकर्ता समिति गठन गरिएको थियो र उक्त समितिले गरेको कार्यहरु यस प्रकार छन् सँुन समाज यु.के र ँपुन मगर समाज यु.के को कार्यसमितिलाई बोलाएर संयुक्त बैठकको आयोजना गरेको थियो। उक्त बैठकमा मिल्न सक्ने निम्न लिखित आधारहरु मध्यस्तकर्ता समितीले प्रस्ताव गरेको थियोस्

१. संस्थाको नामको बारेमा दुवै नाम लाई विशेष साधारण सभा (ब्ः) मा लैजाने र छलफल गर्ने अथवा कुनै नयाँ नाम राख्ने

२. पुन समाजको विधानमै पुन भनेको मगर भित्रको एउटा थर हो भनेर लिखित गर्ने

३. पुन भनेको मगर हो भन्ने अर्थ लागे पछी र दुवै संस्थाको अध्यक्ष्यले पुन भनेको मगर नै हो भनी सकेको हुनाले पुन शब्दमा बिवाद नगरि अहिले लाई पुन समाज यु.के नै राख्ने तर संस्थाको लेटरप्याड्मा पुनसमाज यु.के. को लोगो सहीत मगर संघको लोगो हसिया, खुर्पेटो पनि राख्ने।

यसरी मध्यस्तकर्ता समितीले विकल्पहरु दिए पछी पुन समाज यु.के. ले उक्त विकल्पहरुमा हामी मन्जुरी छौ र कार्यसमितिको तर्फ बाट सहमति पनि छ तर यस्तो बिधान सँग जोडीएको महत्वपूर्ण बिषय भएकोलेबिशेष भेला बोलाएर बहुमत सदस्यहरुको सुझावलाई मानेर जाउ भनेको हो। किनकी यो विषय कार्यसमितिको अधिकार भित्र नपर्ने भएकोले बिशेष साधारण सभा (ब्ः) मा जानुपर्छ भनेको हो र बिधान अनुसार रसंस्थाको नियम अनुसार हिंड्ने बाटो पनि त्यही हो। तर पुन मगर समाज यु.के. को समितिहरुबाट उल्लेखित कुराहरुलाई विशेष साधारण सभा (ब्ः)मा लिएर जान नमानेको हुनाले सहमति हुन नसकेको हो। यसरी सहमति नहुने भए पछी मध्यस्तकर्ता समितीले आआ नै बाटो हिडौ र एकले अर्कालाई आरोप नलगाउने गरी बैठक समापन भएको हो। कसैलाई तितो लागे पनि उक्त संयुक्त बैठकमा भएको कुरा यही हो।

विवादको मुख्य विषय थियो समाजको नाम पछाडी मगर थप्ने र नथप्नेको र पहिलो कुरा, पुन समाज यूकेले मगर जाति भित्रको प्रमुख ७ थरहरु मद्धेको एउटा थर पुन हो भनि अधिवेशन बाट विधान पारित गरि विधानमै राखी सके पछि पुन के जाति हो भनेर प्रश्न गर्न जरुरि छैन र त्यसैले मगर भनेको एउटा जाती हो । पुन भनेको मगर जाती भित्रको एउटा समुदाय वा समुह हो भनेर बुझ्नु पर्र्यो ।

# शुभकामना



सन् २००७ सालमा स्थापना भएको पुन समाज वेलायतले स्थापना काल देखि नै समाजको भावना र मर्म अनुरुप आ नो लक्ष्य प्राप्तिको लागि निरन्तर अघि बढ्दै यहाँ सम्म आई पुग्दा वेलायत स्थित् नेपाली समुदायहरु बीच पुन समुदायको मान र मर्यादा उत्कृष्ट बनाउन सफल भएको छ र यसरी समाजको नाम उच्च राख्नको लागि बिगतमा जस्तै वर्तमान कार्य समितिले पनि धेरै उत्कृष्ट कार्यहरु गर्दै आएको छ र समाजले गरेको यही उत्कृष्ट कार्यहरु तथा गतिविधिहरुलाई लिखित रुपमा उतार्न र ज्ञानवर्द्धक लेखहरु राख्दै हाम्रो समुदायलाई पनि सचेत र सजग गर्दै लग्ने उधेस्य लिएर पुन समाज वेलायतले प्रथम पटक त्रैवार्षिक मुख पत्र ँकरबाकेली प्रकाशन गर्न लागेकोमा म ज्यादै हर्षित छु र समाजले गरेको उत्कृष्ट कार्यहरु साथै आ नो पहिचान जन्य कुराहरु यसरी अभिलेखीकरण गर्दै गएमा यस ठाउँमा पनि हाम्रो लिखित इतिहाँस बन्दै जाने निश्चित छ र हामीले यसरी हाम्रो लिखित इतिहाँस राख्न सकेमा मात्र हाम्रो पहिचान कायम भई कालान्तर सम्म यस ठाउँमा पनि हाम्रो अस्तित्व रही रहने छ र त्येस्कारण आउने दिनहरुमा पनि यस मुख पत्रले निरन्तरता पाई रहोस् भन्ने शुभकामना व्यक्त गर्दै यस मुख पत्र प्रकाशनको प्रकाशकीय भूमिका खेल्नु हुने अर्जुन तिलिजा पुन (यूके)लाई ज्यू लगायत शुभकामना मन्तव्य दिनु हुने साथै लेखहरु राख्नु हुने सम्पूर्ण महानुभावहरु, पुन समाज वेलायतको वर्तमान सल्लाहकार ज्यूहरु, कार्य समितिका साथीहरु तथा सम्पूर्ण सदस्य ज्यूहरुमा तपाईहरुको अमूल्य साथ र सहयोगको लागि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु र

अन्तमा पूर्व मंत्री तथा पुन समाज नेपालको सर्वमान्य संरक्षक श्री उत्तम बहादुर पुर्जा पुन ज्यूको अगुवाइमा पुन समाज नेपालले पुन समुदायको आ नै मौलिक पहिचानको आधारमा आदिवासी जनजाती महासंघमा मगर जातीको उप–समुहको रुपमा हुन गैरहेको सूचिकृत अभियान प्रति पूर्ण साथ र सफलताको पनि कामना गर्न चाहन्छु र धन्यवाद !

**एक बहादुर फगामी पुन** (अध्यक्ष)
पुन समाज यूके

# ISN'T KUEPANI DIALECTAL?

I am from Kuepani (Parbat). Regrettably my village's name has been changed to Kuwapani. Who changed it? I have no idea. If you ask any elderly people, they still call it Kuepani. Is Kuwapani going by the dialect? Additionally, several village's names in the area have been changed. I have never been to Pakdar. I have seen this village from a far distance though. Pakdar!! What a nice name? Similarly, the village is now called Pauduwar. Do Pakdari prefer to be called Pauduwari?

Kaphaldanra is one of the historical place for Pun community. Nowadays, it is called KAPHALDANDA. I don't think that Karbakeli Baba ever called his hunting range as Kaphaldanda in his time.

We are trying hard to preserve our रितिरिवाज, चालचलन, भेषभूषा, संस्कृति, संस्कार, चाड, पर्व, धर्म कर्म र गाउँ ठाउँमा बोलिने लयहरु। Our ancestors had named the places according to how they used to speak. Some of the places' names are in Kham language. There should have been a meaning for every name. I don't know how appropriate it is to change the names of villages. Instead we should retain the quaint names of the villages as they give the place it's character.

| | | | |
|---|---|---|---|
| Nangi | - Nagi | Keng | - Kyang |
| Shalje | - Salija | Malkam | - Mal Gaun |
| Banung | - Banau | Narching | - Narchyang |
| Purna Gaun | - Purano Gaun | Gappar | - Gadpar |
| Banbare | - Banbade | Phalayen Dil | - Phalame Danda |

**By Atiparsad Pun**



# करबाकेली कल्याणकारी कोष सम्बन्धी जानकारी

**अवधारणा**

## १) प्रस्तावना

धौलागिरी क्षेत्रमा बसोबास गर्ने र यस स्थलबाट नेपालको विभिन्न ठाउँमा बसाई सराई गरि गएकाहरु जसले करबाकेलीलाई आफ्नो कुल मान्दै कुल पुजा गर्दछन् । करबाकेलीलाई कुल मान्ने समुदायबाट आर्थिक संकलन गरि स्थापना गरिएको यो कोषबाट यस समुदायभित्रका जेहेन्दार विद्यार्थीहरुको अध्ययनको लागि शैक्षिक छात्र/छात्रावृत्ति वितरण तथा समाजको हितको लागि विविध क्षेत्रबाट नाम राख्न अग्रसर व्यक्ति/व्यक्तित्वहरुलाई यस कोषले वर्ष/वर्षमा सम्मान तथा अभिनन्दन गरि समाजमा उनीहरुले गरेको कामको सराहना गर्ने उद्देश्य लिएर जनहितकारी एवम् मुनाफा रहित एक सामाजिक संस्था करबाकेली कल्याणकारी कोष २०७३ स्थापना गरिएको छ ।

शिक्षाको ज्योतिदेखि समाजमा कोही टाढा रहनु हुन्न भन्ने उद्देश्य लिएर यस कोषको स्थापना गरिएको छ । जसलाई अझ सही दिशानिर्देश गर्ने काम समाजमा बस्नु भएका तपाई/हामीहरुको जिम्मेवारको कुरा पनि रहेको हुँदा यस कोषको सदस्य बनेर साथै भौतिक तथा नैतिक समर्थन गरिदिनु होला भन्ने आशा पनि राखेका छौं ।

## २) कोष स्थापनाको उद्देश्य

२.१ करबाकेलीलाई कुल मान्ने समुदाय भित्रबाट कुनै पनि व्यक्ति जो आर्थिक नभएकै कारण शैक्षिक क्षेत्रदेखि टाढा हुनु नपरोस् । यस्तो अवस्थामा यस कोषबाट बालबच्चाहरुको शिक्षामा सहयोग गर्न न्यूनतम सहयोग गर्ने छ ।

२.२ यस समाजभित्र वा बाहिरका अन्य व्यक्तिहरुले उच्च शिक्षा हासिल गर्ने क्रममा थेसीस लेखनको लागि यस कोषले न्यूनतम सहयोग गर्ने छ ।

२.३ यस समाजमा बिशेष योगदान दिएका व्यक्तिहरुलाई भविष्यमा कोषबाट सम्मान तथा अभिनन्दन कार्यक्रम समेत गरिने छ ।

## ३) कोष स्थापना, व्यवस्थापन एवम् सञ्चालन प्रक्रिया

३.१ यो करबाकेली कल्याणकारी कोष ०७३ – प्रथम चरणमा कोषको आवश्यकता महसुस भएको कारण छलफल गरि ५ जनाबाट न्यूनतम ५० हजारको दरले २ लाख ५० हजारको कोष खडा गरिएको छ । जुन रकमलाई बैंक खातामा राखेर ५ जनाको समितिले संचालन प्रक्रिया सहित बैठकमा पारित गरि क–कसको हस्ताक्षरमा पैसा निकाल्न पाउने भन्ने निर्णय गर्ने छ । यसको मुलधनलाई खर्च गरिने छैन । एवम्रितले यसको मुलधन बढाउँदै लगिने छ भने मुलधनको ब्याजबाट जम्मा भएको रकमबाट वार्षिक १० प्रतिशत पुनः कोषमा जम्मा गर्ने छ, २० प्रतिशत करबाकेली बाबा संरक्षण समिति, काफलडाँडाको समितिलाई हस्तान्तरण गरि बाँकी रहेको ७० प्रतिशतलाई शैक्षिक क्षेत्रमा सहायता तथा व्यवस्थापन खर्च गर्न प्रयोग गरिने छ ।

३.२ यो करबाकेली कल्याणकारी कोष ०७३ सँग सहकार्य गर्न यस कल्याणकारी कोषमा अर्थ जम्मा गर्नु हुने सम्पूर्ण महानुभावहरुको नाम/रकम र ठेगाना सहित विवरण तथा लेखा राखिने छ । साथै वार्षिक रुपमा एक पटक सम्भव भएसम्म एउटा बैठक संयुक्त रुपमा बसेर कोषको लेखा र उचित वितरणको लागि छलफल गरि त्यो वर्ष कार्यक्रमको तर्जुमा गर्ने छ ।

३.३ थाहा हुन आएका जेहेन्दार विद्यार्थीहरुको प्राप्त निवेदनमा करबाकेली कल्याणकारी कोषको सदस्य वा पुन समाज नेपालको सदस्य वा पुन समाज नेपालको भातृ संस्थाहरुको सदस्य प्राप्त व्यक्तिको सिफारिश पत्र प्राप्त भएमा कार्य समितिमा छलफल गरि विद्यार्थीलाई सहायता रकम प्रदान गर्ने छ ।

३.४ कोषबाट खर्च गरिएको रकमको वार्षिक रुपमा लेखा परिक्षण अनिवार्य रुपमा गराइने छ ।

## ४) कोषमा आर्थिक संकलन मापदण्ड

४.१ रु. १,००० देखि ५,००० सम्म सहयोग गर्ने व्यक्तिहरु कोषको साधारण सदस्य रहने छन् । जसको नविकरण गर्नु पर्ने छैन ।

४.२ रु. ५,००१ देखि २५,००० सम्म सहयोग गर्ने व्यक्तिहरुलाई कोषको आजीवन सदस्य प्रदान गरि कदर पत्र तथा कार्यक्रममा एकपटक सम्मान गरिने छ ।

४.३ रु. २५,००१ देखि ५०,००० सम्म सहयोग गर्ने व्यक्तिहरुलाई कोषको आजीवन सदस्य प्रदान गरि कदर पत्र तथा कार्यक्रममा एक पटक सम्मान गरिने छ ।

४.४ रु. ५०,००१ देखि माथि जति पनि सहयोग गर्ने व्यक्तिहरुलाई कोषको बिशेष आजीवन सदस्य प्रदान गरि कदर पत्र तथा कार्यक्रममा एक पटक सम्मान गरिने छ । साथै छात्रवृत्ति वितरण कार्यक्रममा मञ्चमा आसन ग्रहण गराईने छ ।

४.५ रु. २५,००१ भन्दा माथि जति पनि सहयोग गर्ने अन्य समुदायको जो कोही महानुभावहरुलाई यस कोषको हनरेरी सदस्य, कदर पत्र तथा कार्यक्रममा एक पटक सम्मान गरिने छ ।

## ५) कोषको बैंक खाता

बैंकको नाम : कैलाश विकास बैंक, पोखरा
खाता नं. : ०२५००००१०२६
ठेगाना : पोखरा, कास्की

# पुन समाज नेपालको दोश्रो महाधिवेशन



– चामबहादुर गर्बुजा पुन

पुन समाज नेपालको महाधिवेशनको चर्चा गर्न अगाडि विगतको केही कुराहरु गर्न मन लाग्यो । स्व. मेजर टेकबहादुर पुनको अगुवाईमा २०१३ माघ १३, १४ र १५ गते औलो गाउँमा पुन समुदायहरुको वृहत सम्मेलन भएको बारेमा सबैलाई थाहा भएकै कुरा हो ।

औलोमा सम्मेलन भई बनेको कार्य समितिको अध्यक्ष हर्कजित पुर्जा बन्नु भयो । तर यसपछि यस समितिले खासै कार्यक्रमहरु गरेको थाहा हुन आएन । २०१७ सालमा पञ्चायत व्यवस्था लागु भए पछि त कुनै पनि संगठनहरुले कार्यक्रम गर्न बन्देजनै थियो । अझ मधेश झर्ने क्रमले गठन भएको समिति कोही कता कोही कता भई यसै विघटन भए झैं भएको अवस्था भयो । यसरी धौलागिरी क्षेत्रबाट शहर झर्ने क्रमको शुरुवात भई पोखरा, चितवन, रुपन्देहीतिर झर्ने क्रम शुरु भई तत ठाउँहरुमा जति घर भए पनि मर्दा पर्दा तथा आफ्नो संस्कार संरक्षण गर्न सोही ठाउँहरुमा समाज गठन भएको अवस्था हो ।

धौलागिरि क्षेत्रबाट विभिन्न ठाउँमा बसोबास गरिरहेको ठाउँमा समाज गठन भएको सन्दर्भमा पुन समाजको केन्द्रीय समिति गठन गर्न विभिन्न समयमा विभिन्न ठाउँमा पहल नभएको होइन । पहिलो पटक लेप्टन खाका पुनको अध्यक्षमा पुन समाज केन्द्रीय समिति पोखरा गठन भएको इतिहास पाइन्छ । र, २०५७ साल फागुनमा पुनः चितवन जिल्लाको विरेन्द्र नगरमा विभिन्न ठाउँका पदाधिकारी भेला भई पोखरामा गठन भएको समितिले काम गर्न नसकेको भनेर विघटन गरि क्या. थमबहादुर खोरजाको अध्यक्षतामा एक समिति गठन भयो । उक्त अवसरमा म पनि चितवन पुगेर कार्यक्रममा सहभागी भएको थिएँ । त्यसपश्चात राजकुमारी पुनको अध्यक्षतामा पुन समाज केन्द्रीय समिति गठन भई २०६३ सालमा पुन समाज नेपाल दर्ता गरियो । र, यस तदर्थ समितिले २०६६ सालमा पुन समाज नेपालको पहिलो महाधिवेशन सम्पन्न गर्‍यो । जसले पुन समाज नेपालको नाम परिवर्तन गरि पुन मगर समाज नेपाल राख्यो ।

२०६६/५/१ गते आदिवासी जनजातिको सुचिकृत गर्न आव्हान भएपश्चात पुन मगर समाज नेपालको नामबाट सुचिकृतको लागि तत्कालिन समितिले निवेदन दर्ता गराउँदा पुन मगरबाट हुँदैन पुन समाज बनाएर ल्याउनु भन्ने कुरा उच्च स्तरीय कार्यदलले गरेको हुँदा पुन समाज नेपाल नाम परिवर्तन गरि २०६६/५/२९ गते बुझाएको हो ।

यसरी नाम परिवर्तन गरि सुचिकृतमा बुझाएपश्चात समाजभित्र कलहको शुरुवात भयो । यसको बिजारोपण निसन्देह रुपमा पुन (मगर) समाज, केन्द्रीय पदाधिकारीहरुनै जिम्मेवार हुन् । भविष्यसम्मको सोचाई राखि छलफल गरि अगाडि बढ्नु पर्नेमा केन्द्रीय समिति भित्र छलफल गरि अगाडि बढ्ने तर कालान्तरमा समिति भित्र नै आपसी कुरा नमिल्नु मुख्य समस्याको जड भएको छ । तत्कालिन समयमा यसप्रकारले केन्द्रीय समितिले मात्र नाम परिवर्तन नगरि बिशेष महाधिवेशन बोलाउने वा केन्द्रीय समितिले भविष्यसम्मको सोचाई राखि नाम परिवर्तन नगर्ने भन्ने खालको कुरा ल्याई समितिमा फरक मत राखेको भए हुने थियो तर ततकालिन अवस्थामा सहमत भई हस्ताक्षर गरि समितिको कार्यक्रममा सहमत जनाउने तर पछि पुन मगर नाम हटाई सुचिकृत गर्ने र नगर्ने बिषयमा नै मुख्य झगडा भईरहेको कारण केन्द्रीय समितिको दोश्रो अधिवेशन पटक पटक स्थगित भई रहयो ।

पुन समाज युकेले यो बिषयलाई गम्भीर रुपमा लिएर यस सम्बन्धी नेपालमा समाज मिलाएन भने समाजको विकास हुँदैन भन्ने धारणा ल्याई अब आव्हान भएको स्थगीत महाधिवेशन (चौथो पटक) कुनै पनि हालतमा सम्पन्न गर्नु पर्दछ । पटक पटकको स्थगीतको कारण जग हसाई भयो भन्दै पुन समाज युकेले मलाई पहलको लागि जिम्मेवारी सुम्पियो । यसर्थ युकेबाट काठमाडौं आएर बुद्धिजीवि वर्गहरुसँग सल्लाह गर्दै पुन समाजको स्थगित महाधिवेशन के कसरी सम्पन्न गर्न सकिन्छ– विविध कठिनाई बावजुद सल्लाह लिन थाले । २०७१ साल भाद्र २९ गते पुन समाज नेपालको केन्द्रीय समिति र सुचिकृत पहल समितिको काठमाडौंमा मिटिङ बसेर २०७१ साल मंसीर २६ गते पुन मगर समाज नेपालको स्थगित दोश्रो महाधिवेशन पर्वत जिल्ला, कुश्मामा गर्ने र यदि कुश्मामा गर्न नसके काठमाडौंमा त्यही समयमा महाधिवेशन गर्ने





निर्णय गऱ्यो । कुश्मामा महाधिवेशन गर्नको लागि केन्द्रीय समितिका सल्लाहकार भीम पुनलाई संयोजक तोक्यो । तर मंसीर २६ गते गर्ने भनेको केन्द्रीय समितिको महाधिवेशनको तयारी मंसीर २२ गते सम्म पनि संयोजकले कुनै जानकारी दिन सकेनन् । पुन समाज केन्द्रीय समितिबाट पर्वत कुश्मा पुगेर महाधिवेशन सम्बन्धी कुरा बुझ्दा २६ गते महाधिवेशन गर्न नसक्ने अझ १ महिनाको समय चाहिने कुरा गरेपश्चात २३ गते केन्द्रीय समिति बैठक बसेर काठमाडौंमा महाधिवेशन गर्न सक्छ कि सक्दैन भनेर जानकारी प्राप्त भएपश्चात काठमाडौंमा महाधिवेशन गर्न सकिन्छ भन्ने खबर गऱ्यौं । महाधिवेशनको जिम्मा त लियौं तर गर्न सकिंदैन कि भनेर चिन्ता पनि लाग्यो । पुन समाज युकेका निर्वतमान अध्यक्ष अतिप्रसाद पुनज्यू नेपाल आउनु भएको थियो । अतिप्रसाद पुनज्यू र पुन समाज युकेको अध्यक्ष एक पुनज्यूसँग युकेमा फोन सम्पर्क गरें । महाधिवेशनको लागि २ लाख आर्थिक सहयोग युकेदेखि आउने कन्फर्म भयो भने काठमाडौंमा पनि महाधिवेशनको लागि आर्थिक सहयोगको लागि विभिन्न व्यक्तिहरुलाई फोन गरें । यसरी काठमाडौंमा महाधिवेशन गर्न सक्छ कि सक्दैन भन्ने जानकारी प्राप्त भएको ३० मिनेट पछि नै महाधिवेशनमा लाग्ने खर्च संकलन हुने पक्का भएपश्चात खुशी हुँदै ४ दिन बाँकी रहेको पुन समाजको महाधिवेशन तयारीमा हामी खटियौं । केन्द्रीय समितिका सल्लाहकारले तीन महिनादेखि कुश्मामा तयारी गर्न नसकेको महाधिवेशन हामी काठमाडौंमा ४ दिनमा तयारी पुरा गऱ्यौं । विशुद्ध समाजको लागि भनेर मनले आट्यो भने के असम्भव हुँदो रहेन छ भन्ने प्रमाण हामी काठमाडौं बासी पुन परिवारले दिन सम्भव भयौं ।

२०७१ साल मंसीर २६ गते विहान ८ बजे स्थगित भएको महाधिवेशन समाजका अध्यक्ष केशर पुर्जा पुनज्यूको अध्यक्षता र उत्तम पुनज्यूको प्रमुख आतिथ्यमा शुरु भयो । यतिबेला सम्म विधान अनुरुप पुन मगर समाजनै रहेको थियो । र, विधान संशोधन तथा निर्वाचन समितिका संयोजक डा. मनबहादुर पुन, क्या. रविन्द्र गर्बुजा र हुमकुमार गर्बुजा रहेको समितिबाट विधान संशोधन गर्दै निर्वाचन प्रक्रिया पुरा गरि पुन समाजको दोश्रो महाधिवेशन काठमाडौंमा सफलतापूर्वक सम्पन्न भयो । तर केही साथीहरु कुश्मा पुगेर महाधिवेशन गरि हामी नै वैधानिकता हो भनी कास्की जिल्ला प्रशासन कार्यालयमा गई मुद्धा हालेको कारण दुई समिति बीच आधिकारिकताको लडाई भएको कारण केही महिना सामाजिक क्रियाकलाप गर्न अवरुद्ध भयो । जिल्ला कार्यालयमा मुद्धा परेको कारण जिल्ला प्रशासनले आवश्यक छानविन गर्दा २०७२ जेष्ठ ३ गते काठमाडौंमा आयोजना भएको महाधिवेशन र यस महाधिवेशनबाट चुनिएका पदाधिकारीनै आधिकारिक समिति भएको ठहर गरि पुन समाज नेपाललाई वैधानिकता दियो । यसको लागि आर्थिक सहयोग गर्नु हुने तथा दोश्रो महाधिवेशन तयारी समितिमा खट्नु भएका सम्पूर्ण महानुभावहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

# दिपप्रसाद पुन CGC

सन् १८१४ को नेपाल र अंग्रेज बीचको नाला पानीको युद्ध देखि लिएर दुवै विश्व युद्धहरु लगायत विश्वको थुप्रै युद्धहरुमा हाम्रा वीर पूर्खाहरुले बहादुरी कमाउँदै नेपाल र नेपालीको नाम विश्व सामु चिनाउन सफल हुँदै आएका छन् र यिनै वीर पूर्खाका सन्तति वीर सपुत हरुले आज पनि आ  नो पूर्खाहरुले कमाएको नामलाई उच्च राख्दै आएका छन् र यिनै वीर गोर्खालीको वीर सपुतहरु मद्धे दिप प्रसाद पुन पनि एक हुन् जस्ले आ  नो घर, परिवार र जीवनको कुनै प्रवाह नगरी पूर्खाले राखेको वीर गोर्खाली नाम फेरि एकपटक संसारलाई चिनाउँदै आ  नो समुदाय र जातिको शीर ठाडो पारे र

बृटिश गोर्खा सेनामा कार्यरत सार्जन्ट दिप प्रसाद शेरपुञ्जाको जन्म पिता पूर्णबहादुर शेरपुञ्जा पुन र माता लालमति शेरपुञ्जा पुनको कोखबाट साहिँला पुत्रको रुपमा वि.सं. २०३६ असोज २० गतेको दिनमा बिम गा.वि.स. वडा नं. ४ भारबाङ्ग भन्ने ठाउँमा भएको थियो र उहाँ श्री किसानी मा.वि. बिम (हाल उच्च मा.वि.) को कक्षा १० मा अध्ययन गरिरहकै बेला सन् २००० जनवरी २१ मा बेलायती सेनामा भर्ती भएका थिए। पल्टनमा शैनिक तालिम सकेपछि शैनिक तालिम सके पछि १ रोयल गोर्खा राइफल पल्टनमा पर्नु भयो र पल्टन बाट अपरेसनको लागि बोस्निया जानु भयो र बोस्निया बाट फर्के पछि  पल्टनमा बसेर  थप शैन्य तालिमहरु गर्दै थप अनुभवहरु बटुल्दै जानु भयो र यसै क्रममा उहाँको पदोन्नति भई लान्स्कोर्पोरल पनि हुनु भयो र सन् २००७ सालमा फेरि अफगानिस्तान पठाईयो तर केहि महिना पछि पुनस् वेलायत मै फर्कनु भयो र  उहाँको पल्टनलाई सन् २०१० मा फेरि अफगानिस्तान पठायो। अफगानिस्तानमा रहेको सैनिक सुरक्षा क्याम्प पूर्ण व्यवस्थित थियो। यति हुँदा हुँदै पनि दुश्मनको अगाडि ढुक्क हुने स्थिति भने थिएन । चारैतिर सेन्ट्री पोस्ट राखी चौबिसै घण्टा  कडा पहरा दिनु पर्दथ्यो। यसै क्रममा एकदिन अफगानी विद्रोहीहरुले ब्रिटिस सैनिक क्याम्पमा हमला गर्ने पूर्वयोजना बनाएको थियो र विद्रोहीहरुले दिनको समयमा उक्त क्याम्पको रेकि गरेर गएका दुश्मनले राती आउँदा सोहीअनुरुप योजना बनाएर आएको थियो। यता दीपप्रसाद पुनले दुश्मनहरु आएको चाल पाई चलाखीपूर्ण किसिमबाट आ  नो सेन्ट्री पोस्ट भन्दा २० मिटर टाढा पुगी आ  ना दुश्मनहरुको गतिविधिहरुलाई नजिकबाट अध्ययन गरिरहेका थिए। त्यतिबेला दुश्मनहरु योजनाबद्ध किसिमबाट निरन्तर अगाडि बढिरहेको थियो। त्यो स्थितिले यस्तो कठिन र खतरनाक वातावरण सृजना गरेको थियो। जहाँ एक्लै भए पनि उनीहरुसँग लड्नु वा मर्नु सिवाय अरु कुनै विकल्प नै थिएन। युद्धको कुनै समयमा नेपोलियन बोनापार्टले भनेका थिएँ, मलाई लाग्न सक्ने गोली संसारको कुनै पनि कारखानामा बनेको छैन।  सायद यतिखेर दिप प्रसाद पुनको अन्तरात्मामा पनि यही कुरा प्रतिध्वन्द्धित भएको हुन पर्छ। त्यसैले त रत्तिभर  हिम्मत नहारी वीरताका साथ  निरन्तर कुशल लडाईं लडी रहे । अनेकौं जुक्ति बुद्धि लगाउँदै गए र लड्दै पनि रहे। जसको परिणाम स्वरुप आफू एक्लैले ३० जना तालीबानीसँग लडेर विजय हासिल गरी सुरक्षा पोष्ट जोगाउन सफल भएका दीपप्रसाद पुनको साहस र बहादुरीको



उच्च कदर गर्दै बुधबार २४ मार्च सन् २०११ मा वेलायतको राज दरबार बकिंघाम प्यालेसमा बेलायती महारानी एलिजावेथ बाट बेलायत कै दोस्रो उच्च पदवी Conspicuous Gallantry Cross-CGC) प्रदान गरिएको थियो। त्यसपछि क्रमशः सन् २०११ र २०१२ मा Pride of Britain Award जस्ता थुप्रै उच्च सम्मान पाएका दीपप्रसाद पुनले बेलायती सैनिक इतिहासमा आ  नो नाम कोर्दै  विश्व सामु नेपाली वीर गोर्खालीको शिर ठाडो राख्नु भएको छ र हाल दिप प्रसाद पुन सार्जन्ट दर्जामा बेलायती सैनिक सेवामा कार्यरत हुनुहुन्छ।

# AN APPEAL FOR EARTHQUAKES VICTIMS IN NEPAL



As we all knew that on 24th April 2015, our homeland Nepal was struck by major earthquake followed by several aftershocks. On behalf of Pun Samaaj UK, I initiated an appeal for help for the earthquake victims in Nepal with the support of Sue Bazan, community development worker, in the Army Welfare Service based in London borough of Hounslow, for fund raiser and clothing collection.

Although the project was for two weeks, this was my firstÊexperience of working in project with diverse group of people including local primary school children. With the hope that this project would provide some help to earthquake victims, we collected following items:

1. Ladies clothes(6 boxes)
2. Sarees (1 box)
3. Mens clothes (3 boxes)
4. Mens coats (1 box)
5. Children clothes (2 boxes)
6. Baby clothes (2 boxes)
7. Bags (1 box)
8. Shoes (1 box)
9. Gloves, scarves & socks (1 box)
10. Bedding (3 large boxes)
11. Sleeping Bags (1 box)
12. Towels (1 box)
13. All mixed (1 large box)

These collected items were kindly donated by our local military and civilian community in Hounslow after we sent 'An Appeal for Help' leaflets. In total, the items weighed approximately 300KG. They were boxed and prepared for sending out to Nepal through Pun Samaaj UK.

Funds were also raised by local people
Beavers community primary school Hounslow pupils

to the value of £30.12 pence. Counted by
in west London raised £100.00 pence on mufty
day

AWS Sue Bazan & Mrs Chandra Kala Pun.
for earthquake victim in Nepal.

To all the volunteers, local military and civilian residents in Hounslow who have responded to our project, I and Sue Bazan would like to acknowledge and extend our heartfelt gratitude for your support and kindness on behalf of Pun Samaaj UK.

A BIG thank you again!

Regards:

**Krishna Bahadur Pun**

Pun Samaaj UK Life member

Regards:

**Sue Bazan**

Community Development Worker

Hounslow Army Welfare Service, Cavalry Barracks

# हामी र हाम्रो समाज



दल बहादुर पहरे पुन

सामाजिक कुरा गर्दा जातित्वको कुरा पनि आउँछ, तर म यहाँ भरसक सामाजिक कुरामा केन्द्रीत रही केही मनको खुल्दुलीहरु पाठक समक्ष पस्कन चाहन्छु। र पनि जातित्व गन्ध त आउँछ नै, किनकि यी दुई शब्द एक अर्को बिना अपाङ्ग जस्तै हुन्छ– जस्तो मलाई लाग्छ। उमेरले डाँडा काटेर ओरालो लागेतापनि समाजको विषयमा अनुभवी व्यक्ति म होइन। तर आफ्नो समाजको अवस्था देख्दा दुःख लाग्दो रहेछ, कतै लाज पनि लागे जस्तो हुँदो रहेछ। त्यसैले केही नजानेतापनि मनमा उकुसमुकुस भएको बिचारहरु समाजको मुखपत्रमा राखी दिँदैमा के नै फरक पर्ला र भन्ने मात्रै मेरो सोंचाई हो। म यहाँ जान्ने बुझ्ने भएर समाजलाई अर्ती बुद्धि दिन लागेको हुँदै होइन, यसमा अन्यथा नलिनु होला। अनि मैले यो पनि सम्झिरहेको छु कि यो आलेख पढे पछि यहाँहरु कति जनाको चित्त बुझ्ने छैन र प्रतिक्रिया पनि लेख्न तम्सिनु हुने छ। म पाठक वृन्दहरुमा अनुरोध गर्दछु कि प्रतिक्रिया नलेख्नु होला, मेहेनत खेर जाने छ र जवाफ पाईने छैन। किनकि यो मेरो आफ्नो बिचार हो। हामी सबैको आ–आफ्नो विचार हुन्छ, र त हाम्रो विभिन्न विचार मिल्न नसक्दा समाजलाई अँध्यारोतिर धकेली रहेका छौं। बरु हामीमा साँच्चिकै समाजप्रति दया माया छ भने हाम्रो यो विभिन्न बिचारधाराहरुलाई सकारात्मक दिशातिर मोड्दै एक ठाउँमा बसेर सबैको कुरा सुनौं, बुझौं र कुराहरु मन्थन गरौं अनि के कसो गर्दा एकता हुन सकिन्छ भन्नेतिर ध्यान केन्द्रीत गरौं। किनकि अरुलाई के कस्तो लागेको छ त्यो मलाई थाहा छैन, मलाई न नढाँटी भन्नु पर्दा पहिलातिर आफुलाई पुन भन्दा गर्व लाग्थ्यो भने अहिले कता कता अप्ठ्यारो लागेको जस्तो अनुभव हुन्छ। एउटा उदाहरणीय अवस्थामा हुनु पर्ने समाज यस्तो अवस्थामा पुगेको देख्दा समाजप्रति आस्था राख्ने हामी जो कोहीको पनि मन दुखेको हुनुपर्छ।

हाम्रो समाजको विकासको लागि निकै अघिबाट प्रयासहरु भएको पाइन्छ। २०१३ सालमा स्वर्गीय मेजर टेकबहादुर बुदुजाज्यु (खिबाङ) को सुझाव र स्वर्गीय क्याप्टेन हर्कजित पुर्जाज्यु (रिमा)को अध्यक्षतामा औल गाउँमा त्यसबेला ७४ गाउँको बृहत सम्मेलन गरि विकासको विभिन्न योजनाहरु अघि सारेको पाइन्छ। जुन त्यस समयमा समाजको विषयमा जनचेतना नै थिएन भन्दा पनि हुन्छ। त्यो अहिले ६० वर्ष पुग्यो भनेर कुरा गर्न समेत लाज लाग्ने अवस्थामा पुऱ्याएको मात्रै होइन त्यसको बेवास्ता गर्दै हामी कोही दायाँ कोही बायाँ फर्किएका छौं कति नराम्रो/नरमाईलो। त्यसबेलाबाट नै हामीले समाजलाई चिनेर हातेमालो गर्दै ल्याएको भए अहिले यसको अवस्था कस्तो हुने थियो के गर्नु र खई। त्यो सम्मेलनबाट पारित विकासको योजनाहरु असफल हुनुमा अरु नै विभिन्न कारण भएतापनि मलाई एउटा अन्धविश्वासको कुरा याद आउँछ। कति ठाउँमा १३ अंकलाई अशुभ पनि मानिन्छ र त्यो औलको सम्मेलनमा पनि २०१३ साल, माघ १३ गते र पारित कार्य योजना कार्यान्वयन गर्न गठित समिति संख्या पनि १३ जनाको देखिन्छ। त्यसरी तीन तीनवटा १३ परेको देख्दा मलाई के यसैले सताएको त होइन हामीलाई अहिलेसम्म भनेजस्तो लाग्छ। तर वास्तवमा त्यो एउटा संयोग मात्र हो, त्यसले निरन्तरता पाउन नसकेतापनि त्यसैको प्रेरणाबाट हामीले समाज गठन गर्दै आएका हौं र पनि सफल नहुनुमा हामी नै उस्तो भएर हो। बरु अग्रजहरुलाई हामीले स्मरण गर्नै पर्छ।

२०२०/२२ सालतिरबाट हाम्रा केही अग्रजहरु गाउँघरबाट बसाईंसराई गरि तराईको विभिन्न ठाउँमा बस्न पुगे। त्यसरी बस्दै आउँदा विभिन्न कारणले गर्दा समाजको आवश्यकता पऱ्यो र आधा दिन भन्दा बढीको टाढासम्म पनि खाली खुट्टा पसिना चुहाउँदै गएर समाज खडा गरे। अनि पछि विशेष गरी हाम्रा पूर्व सैनिकहरु पनि शहर बजार झर्न थाले र उनीहरुले पनि विभिन्न कारणले गर्दा समाजको स्थापना गर्न बाध्य भए। त्यसरी विभिन्न ठाउँमा विभिन्न नामबाट समाज चलेको देखेपछि केही अग्रजहरुको मनमा एउटै नामबाट समाज चल्न सक्यो भने हरेक दृष्टिबाट राम्रो हुने छ भन्ने अनुमान गरि औल सम्मेलनको ४० वर्षपछि २०५३ सालमा पोखरामा बैठक राखी एउटा समिति पनि गठन गरि दिए। तर त्यहिबेलाबाट यहि पुन र पुन मगर भन्ने कुराले गर्दा समाजले गति पाउन सकेन। र पनि झन्डै एक दशकसम्म कहिले पोखरामा त कहिले तराईमा बैठक बस्दै आएतापनि प्रगति भने हात

लाग्यो शुन्य भए पछि बैठक बस्नै छाडियो। त्यसपछि फेरि केही अग्रज तथा युवाहरुले समाजको यो चालले हुँदैन, केही न केही त गर्नै पर्छ भन्ने विचार गरेर समाज गठन भएको सबै ठाउँहरुमा पत्राचार गरि पोखरामा बोलाईयो। २०६७ साल असार २९ गते नदीपुरको करबाकेली हलमा बहुमतबाट पुन मगर समाज नेपाल गठन भयो। त्यस समितिले जब सुचिकृतको लागि कदम चाल्यो तब यस समाजमा भुइचाल नै चलेर भित्री सतहमा रहेको समस्या छताछुल्ल भैदियो। त्यसपछि हामीहरुले सत्यतथ्य के हो ? सो खोजी गरी समाजमा एकता कायम गर्दै अघि बढ्नु पर्नेमा झन् को भन्दा को कम भने झैं एक आपसमा आरोप प्रत्यारोप गर्दै कोही दायाँ फर्कियौं कोही बायाँ फर्कियौं। यसो हुनु नै हाम्रो ठूलो दुर्भाग्यको कुरा थियो। कमसेकम केही विकास गर्न नसकेतापनि दायाँ बायाँ नभैदिएको भए पनि चित्त बुझ्थ्यो होलानी, अहिले कति राम्रो हुने थियो।

समस्या ठूलो थिएन, सानो कुरा मगर लेख्ने कि नलेख्ने भन्ने विषय थियो, तर हामीले समस्या भन्दा लिंडे ढिपी, रिस इवी र स्वार्थीपन ठुलो देख्यौं। हाम्रो मन मिल्न सक्यो भने जस्तै ठूलो समस्या पनि समाधान गर्न सकिन्छ, तर मन मिल्न सकेन भने निहुँ मात्रै चाहिन्छ। यहाँ त्यस्तै भएको छ। मेरो व्यक्तिगत विचार त कस्तो छ भने कुनै विद्वान्ले हाम्रो बस्ती बस्ती चहार्दै गहिरो अध्ययन अनुसन्धान गरेर सप्रमाणको साथमा पुनहरु मगर होइनन् भन्छ भने हामीले भन्नु केही छैन। त्यसैले हामी मगरको पुन थर हौं, तर मगर हौं भन्नलाई मगर नै लेखि राख्नु आवश्यकता छैन। किनभने मगरका अग्रजहरुले भनेको कुरा मलाई सहि लाग्छ। मगरका अग्रजहरुको भनाई अनुसार २०४८ सालको जनगणनाबाट मगरको संख्या अपेक्षा गरे ती आएन र किन यस्तो भयो भनेर खोजि गर्दा जनसंख्या लेखाउने क्रममा केही मगरहरुले नाम र थर मात्रै लेखाए जात लेखाएनन्। त्यसो गर्दा उनीहरुको गणना क्षत्री बाहुनमा गनिन गएको पत्ता लागेपछि २०५८ सालको गणना शुरु हुनुभन्दा अगाडि "जनसंख्या लेख्न आउँदा सबैले नाम र थरको साथै जात मगर भनेर लेखाएकै हुनुपर्छ। आले र पुनले मगर नलेखाएतापनि उनीहरुको थर कसैसँग मिल्दैन र उनीहरु स्वतः मगर हो भन्ने हुन्छ तर अरु थरले मगर भनेर लेखाएनन् भने मगर हो कि क्षत्री बाहनु हो भन्ने हुन्छ। त्यसैले घर्ती, थापा, बुढा/बुढाथोकी, राना र रोकाले मगर भनेर लेखाउनै पर्छ" भन्नु भएको थियो र काठमाडौंमा अभियान नै चलाईएको थियो। यो कुरा हामी धेरैलाई याद हुनुपर्छ। हुन त राना लेखेको देखेपछि मगर हो भन्ने हुन्छ, तर मुखले भन्दा राना र राणाको उच्चारण एउटै सुनिने हुनाले रानाले पनि मगर भनेर लेखाउनुपर्छ भनेको हो भन्ने कुरा हामीले बुझ्नु पर्छ। सोही अनुसार हामी पुनहरु मगर भएतापनि मगर लेख्न आवश्यकता देखिँदैन र मगर नलेख्दैमा मगर होइन भन्ने पनि होइन। हामीले मगर लेखेर राम्रो हुने या नलेखेर राम्रो हुने भन्ने ठूलो कुरा होइन, ठुलो कुरा एकताको हो भन्ने मेरो बुझाइ हो। सूचीकृतको विषयमा र समाजको लक्ष्यको विषयमा सत्यतथ्य कुरा सम्बन्धित ठाउँ र व्यक्तिबाट नलिएसम्म हामीले कौतुहलता भई रहन्छ। त्यो कुरा हामी कतिले बुझेर पनि नबुझे जस्तो गरेका छौं भने हामी प्राय धेरै मान्छे सत्यतथ्य कुराबाट टाढा छौं भन्दा पनि हुन्छ। त्यसैले मिल्छ र सकिन्छ भने समाजले सुचीकृत भनेको यस्तो हो, सुचिकृत हुनुको अर्थ यस्तो हो र समाजको उद्देश्य यस्तो हो भनेर स्पष्ट लिखित रुपमा राखी दिन



सकेमा सभा सम्मेलनमा उपस्थित हुन नसकेका या देश बिदेशमा भएका सबैले पढ्न/बुझ्न पाउने थिए र त्यसले एकतामा ठूलो भूमिका खेल्ने थियो। हामीलाई सत्यतथ्य कुरा थाहा छैन भने जसले जे भने पनि ठिकै लाग्छ र जता जता पानी उतै उतै माछा भने जस्तो हुन्छ र समस्या समाधान हुँदैन भने जस्तो मलाई लागेको छ।




दैव दशा बिगारेर ठूलै आपत् परे मात्रै समाजमा सहयोग माग्न पर्ला, नत्र भने हामीले समाजबाट सहयोग पाउने भनेको मर्दा मलामी मात्रै त हो। त्यसैले समाजको विकास गर्नु भनेको आफ्नो लागि भन्दा भावी सन्ततिको लागि हो भनेर नै त आफ्नो योग्यता र क्षमताले भ्याएसम्म आर्थिक, भौतिक, नैतिक सहयोग गर्दै समाजलाई एकतामा बाँध्ने हो। तर हामीले यस्ता कुराहरुलाई बेवास्ता गर्दै सानो तिनो कुराको निहुँमा लिडेढिपी, रिस इवी र स्वार्थीपनमा लाग्यौं, त्यसैको परिणाम हो आजको यो हाम्रो समाजको अवस्था। अनि इमान्दारिताको विषयमा पनि हामी अतिनै इमान्दार छौं र आफुले पनि अरुलाई केही पीर पार्न नचाहने अनि अरुले पीर पारे पनि सहन नसक्नु हाम्रो अर्को कमजोरी हो। तर समाजबाट हामी कोही पनि टाढा हुन सक्दैनौं, समाज उद्यो गति लागोस् भनेर कसैले सोच्न पनि सक्दैनौं र राम्रो होस् राम्रै गरौं भन्दा भन्दै पनि कहिले कहिं कुरा मिल्दैन, वादविवाद हुन्छ। बाहिरबाट हेर्दा राम्रो देखिएतापनि भित्र सानो तिनो समस्या र वादविवादबाट कुनै पनि समाज अछुतो रहन सक्दैन र वादविवाद भएन भने पनि त्यो समाज तानाशाहीतिर उन्मुख हुन बेर लाग्दैन। जतिनै वादविवाद भएतापनि अन्तमा सबैको माझबाट समाजलाई डोऱ्याउनु पर्छ। तर हामीले जानी बुझी पनि त्यसो नगरी क्षणिक आवेशमा आएर अन्धो भयौं र दायाँ बायाँ लाग्यौं। यतिबेला हामीले भावी सन्ततिलाई सही मार्ग निर्देशन गर्नु पर्ने हो तर दुखको कुरा हाम्रो चालामालाले उनीहरुलाई नराम्रो सन्देश दिइरहेको छ। अहिले हामीलाई आ–आफ्नो बाटो सही लागेको होला र त्यसैमा गर्व गर्दा हौं, तर मलाई लाग्छ यसले केही समय र थाप्ला तर निरन्तरता दिन सक्ने छैन र लक्ष्यमा पुग्न सक्ने छैन सबैको एकता बिना।

अहिलेको यो हालतमा खुशी त हामी कसैलाई लागेको छैन नै, हामीमा पीर छ चिन्ता छ। किनकि समाजमा हामी दाजु भाइ छौं, माइती कुटुम्ब छौं, इष्टमित्र छौं, भेटमा बोल्छौं हाँस्छौं। तर व्यवहारमा मुख पनि अमिलो गर्दै आ–आफ्नो बाटो लाग्नु पर्छ, कति नराम्रो कति नमज्जा, हामी यसरी कति दिन बस्ने ? कति दिन शत्रु हँसाउने ? हामी यसरी नै रही रहने हो भने समाजले सार्थकता त पाउँदैन नै भावी सन्ततिले पनि हामीलाई थुक्ने छन्, सराप्ने छन्। यो कुरा हामीले विचार गर्नै पर्छ र एकताको लागि कदम चाल्नै पर्छ, आज नहोला, भोलि नहोला, पर्सि त कसो एकता नहोला र ! समाजमा हामी धनी गरिब छौं, बलियो निर्बलियो छौं, बाठो लाटो छौं, बुद्धि भएका नभएका छौं, स्वार्थी निस्वार्थी सबै छौ र हामी सबैलाई समाजको उत्तिकै माया छ, चिन्ता छ र आवश्यकता पनि। त्यसैले केही पाउनलाई केही गुमाउनु पर्छ भन्ने उखान सम्झदै समाजको लागि बरु आफैं कुच्चिएर, ठोक्किएर, मर्किएर, घाटा खाएर अथवा परि गएछ भने बरु समाजको लागि मर्न पनि तयार हुने तर यो लिंडेढिपी, रीस इवी र स्वार्थीपन कहिल्यै पनि नगरौं। अनि यी सबै कुरा त्यागेर इमान्दारिता देखाउँ यदि हामीमा साँच्चिकै समाजप्रति दयामाया छ भने र समाज सेवामा लाग्छु भन्ने हो भने। नत्र हामीले जे सुकै गरौं, जस्तो सुकै राम्रै काम गरौं, तर हामी एकता हुन सक्दैनौं भने हामीले समाजको लागि राम्रो काम चाहि गरेनौं है भनेर बुझे होला जस्तो लाग्छ।

अर्को कुरा समाजमा जति पनि गन्जागोल भैरहेको छ यो हामी पर्वते र म्याग्देली पुनहरुमा मात्रै सिमित छ र पुन भनेका हामी हौं भने जस्तो गरेका छौं। पश्चिमतिर बाग्लुङ, रुकुम, रोल्पा, प्युठान, सल्यान र अन्य ठाउँतिर पनि लाखौं पुनहरु छौं भन्ने कुरा हामीले बिर्सनु हुँदैन र सम्भव भएसम्म हामी सबै अटाउने हाम्रो एउटा साझा समाज होस् भन्ने हामीले सोंच्नु पर्छ। हामी एकता भएमा हामीले गरेर नसकिने केही काम बाँकी रहला र ? एउटा सानो र सामान्य उदाहरण – हामीले सहकारी खोलेर कित्ता लिने र त्यसैको माध्यमबाट गाउँ घरमा नै सजिलो कामबाट थालनी गरि उन्नति गर्दै जाने हो भने एकातिर हाम्रा विदेशिएका लाखौं युवाहरुले न रातको निन्द्रा न दिनको भोक गर्दै बगाएको पसिना सदुपयोग हुने अर्कोतिर हाम्रा पढेलेखेका देखि सर्वसाधारण सम्मका




सन्ततिले रोजगार पाउने, विकृति हट्ने मालामाल हुने थियो। यस्तैलाई होला मनको लड्डु घ्यूसँग खानु भन्ने। तर हुन्छ, यदि हामीले आटेर सबैले आ–आफ्नो ठाउँबाट इमान्दारिताको साथमा काम गर्ने हो भने नबन्ला त सबल समाज ?

त्यसैगरि हाम्रो समाजमा पनि सानो तिनो कुराको निहुमा लिंडेढिपी, रीस इवी र स्वार्थीपन नगरी अब कसरी र के गर्दा एकता भएर स्वच्छ र सुन्दर भविष्यतिर समाजलाई डोऱ्याउन भन्नेतिर लागौं। भन्नलाई त कुलो र कुरो जता लगे पनि हुन्छ भनिन्छ, तर कुलोलाई उभो उकालो लैजान सकिदैन र कुरालाई पनि एकलौटी मात्रै विचार गरेर कहिल्यै पनि हुँदैन, सबै कुरा विचार गर्नु पर्दो रहेछ। दुनिया संसार कहाँ पुगिसके, के के गरिसके तर हामी आफ्नै धुनमा उकालो होइन ओरालो लागि रहेका छौं। अब पनि हामीले मेरो गोरुको बाह्रै टक्का भन्छौं भने, एक अर्कोको कुराहरु सुन्ने बुझ्ने गर्दैनौं र एक अर्कालाई देख्नै चाहदैनौं भने त हामी सबै गइयो खोलै खोला भनेर बुझ्नै होला जस्तो लाग्छ। नत्र भने हामी दायाँको पनि बायाँ सर्ने र बायाँको पनि दायाँ सर्ने गर्दै बीचमा आएर काँधमा काँध मिलाउने अघि बढ्नु पर्छ। त्यसैले म यहाँहरु सबैमा सबिनय अनुरोध गर्न चाहन्छु कि अहिलेसम्म हामी जो जसले जे जस्तो क्रियाकलाप गरेको भएतापनि हामी सबैले त्यसलाई पैतालामुनि राख्दै लिँडेढिपी, रिसइवी र स्वार्थीपनलाई भित्री आत्माबाट नै सदाको लागि काँडा निकालेको जस्तो गरि श्रद्धाञ्जली गर्दै एकतामा प्रयास गरौं, गरि रहौं, र एकता नै बल हो भन्ने नभुल्यौं। अब हामीले मगर होइन पनि नभनौं, मगर लेख्नै पर्छ पनि नभनौं, पुन जात पनि नभनौं र म ता पुन हैन पो अर्मजा, खोरजा, गर्बुजा इत्यादि हो पनि नभनौं। हामी सबैले सत्यतथ्य कुराहरु खोजौं बुझौं, विचार गरौं, उपायहरु निकालौं। यसरी हामी एकता हुने प्रयास गरे कसो होला ? भन्ने मेरो सुझाव यहाँहरुमा राख्न चाहन्छु। समाज सेवा भनेको निस्वार्थ र पवित्र आत्माले आफुमा भएको ज्ञान र आफुले सक्ने सहयोग दिने हो समाजलाई। तर सेवाको नाममा लिंडेढिपी, रीस इवी र स्वार्थीपन समाजमा घुसाउँछौं भने के त्यो समाज सेवा होला र ? मरी लानु केही छैन बाचुन्जेल कसैसँग तितो पिरो नहौँ भन्दा भन्दै पनि यस आलेखले यहाँहरु कसैको मन दुखाउन गएछ भने यो लाटो पुनले के लेख्यो यस्तो भनेर सोंच्नु होला। मैले यस्तो लेख्ने पनि थिएन र लेख्न सान्दर्भिक पनि थिएन होला, तर अति भए पछि लेख्नु पनि पर्दो रहेछ भन्ने मलाई लाग्यो। किनकी म पनि यो देशको एउटा नागरिक हुँ मलाई पनि आफ्नो जन्मभूमिको माया छ र म पनि यो समाजको एउटा सदस्य हुँ मलाई पनि आफ्नो समाजको चिन्ता छ भन्दै बिदा पाउँ हजुर हो।

जय करबाकेली बाबा रक्षा गर
हामी सबैलाई एकता हुने सुझ बुझ देउ

# Committee Members of Pun Samaj Uk

**2007 to 2011:**

President – **Maj Shanta Purja Pun**

Vice – **Mr Sher Armaja Pun**

Secretary – **Mr Ati Prasad Puhare Pun**

Treasurer – **Mr Birkha Purja Pun**

Assit Secretary – **Mr Tilak Pahare Pun**

Assist Treasurer - **Mr Maniram Phagami Pun**

**2011 to 2013:**

President – **Mr Ati Prasad Pahare Pun**

Vice – **Mr Ek bahadur Phagami Pun**

Secretary – **Mr Tej bahadur Ramjali Pun**

Treasurer – **Mr Nil Purja Pun**

Assit Secretary – **Mr Arjun Tilija Pun**

Assist Treasurer - **Mr Dhan bahadur Thane Pun**



Founder President –2007-2011
**Maj Shanta Purja Pun**



President – 2011-2013
**Mr Ati Prasad Pahare Pun**

## Central Committee Board, Pun Samaaj UK 2013–2016



**Ek Bahadur Phagami Pun**
Salija
President /Trustee



**Birkha Ram Purja Pun**
Shikha
Vice President



**Yashoda Thane Pun**
Chimkhola
Lady Vice



**Dhan Bahadur Thane Pun**
Chimkhola, Myagdi
Gen-Secretary /Trustee



**Tilak Pahare Pun**
Shikha, Myagdi
Secretary



**Nil Parsad Purja Pun**
Aula
Treasurer



**Nar Bahadur Tilija Pun**
Rima
Asst Treasurer



**Deujit Tilija Pun**
Ramche
Executive Member



**Parbati Pahare Pun**
Nagi
Executive Member



**Moti Bahadur Tilija Pun**
Chimkhola
Executive Member



**Yog Kumar Phagami Pun**
Bega
Executive Member



**Maya Purja Pun**
Gharamdi
Executive Member



**Yubaraj Garbuja Pun**
Khibang
Executive Member

| | | |
|---|---|---|
| **Property Secretary** | Jun Bahadur Purja Pun | Wembley |
| **Asst. Property Secretary** | Ramprasad Paija Pun | Northolt |
| **Purkheuli Secretary** | Hare Bahadur Tilija Pun | Basingstoke |
| **Sports Secretary** | Ruk Bahadru Khorja Pun | Swindon |
| **Asst. Sport Secretary** | Harikrishna Purja Pun | Swindon |
| **Cultural Secretary** | Dhan Bahadur Paija Pun | Winchester |

## Advisory Board

| | | |
|---|---|---|
| **Chief Advisor** | Capt Chandra Bahadur Pun | Reading |
| **Advisor** | Maj Bishnu Kumar Pun | Salisbury |
| **Advisor** | Lt Raju Sherpunja | Northolt |
| **Advisor** | Capt Laxman Pun | Leeds |
| **Advisor** | Deo Bahadur Pun | Swindon |
| **Advisor** | Dal bahadur Pun | Swindon |
| **Advisor** | Lalprasad Pun | Farnborough |
| **Advisor** | Cham bahadur Pun | Hounslow |
| **Advisor** | Sherbahadur Pun | Northolt |
| **Advisor** | Bhim kumari Pun | Plumstead |

## Basingstoke Branch:

| | | |
|---|---|---|
| **President** | Gyan bahadur Paija Pun | Shikha |
| **Secretary** | Hemchandra Paija Pun | Thotneri |
| **Treasurer** | Maniram Phagami Pun | Shikha |

## Plumstead Branch:

| | | |
|---|---|---|
| **President** | Yam Garbuja Pun | Shikha |
| **Secretary** | Khim Pahare Pun | Lopre |
| **Treasurer** | Man bahdur Paija Pun | Shikha |

## Swindon Branch:

| | | |
|---|---|---|
| **President** | Ruk bahadur Khorja Pun | Ulleri |
| **Secretary** | Rudra Pahare Pun | Aula |
| **Treasurer** | Harikrishna Purja Pun | Khibang |

| | | |
|---|---|---|
| **Aldershot Branch:** | | |
| **President** | Jas Paija Pun | Paudwar |
| **Secretary** | Tirka bahadur Purja Pun | Kafaldada |
| **Treasurer** | Gyan bahadur Purja Pun | Shikha |
| **Hounslow Branch:** | | |
| **President** | Tara Armaja Pun | Lopre |
| **Secretary** | Tak Prasad Tilija Pun | Paudwar |
| **Treasurer** | Tek Bahadur Pahare Pun | Lespar |
| **Colchester Branch:** | | |
| **President** | Tara bahadur Purja Pun | Kafaldada |
| **Secretary** | Dan bahadur Garbuja Pun | Shikha |
| **Treasurer** | Durga bahadur Garbuja Pun | Doba |
| **Burnt Oak Branch:** | | |
| **President** | Pirtha Purja | Okhareni |
| **Secretary** | Nil Purja Pun | Kuwapani |
| **Treasurer** | Yagya bahadur Pahare Pun | Kuwapani |

| | |
|---|---|
| **Ashford Branch Represent** | |
| Nardev Tilija | Shikha |
| **Wembley Branch Represent** | |
| Tika Garbuja Pun | Khibang |
| **Farnborough Branch Represent** | |
| Chitra Prakash Garbuja | Salija |
| **Camberley Branch Represent** | |
| Bhim Purja Pun | Salija |
| **Active Army** | |
| Capt Dhir Khorja Pun | Salija |
| **Northolt Branch Represent** | |
| Tika Garbuja Pun | Khibang |
| **Reading Branch Represent** | |
| Buddhi Paija Pun | Shikha |
| **Bradford Branch Represent** | |
| Thaman (Deepak) Pun | Khibang |
| **Kent Branch Represent** | |
| Mrs Sarada Tilija Pun | Shikha |
| **Folkstone Branch Represent** | |
| Nar Bahadur Tilija Pun | Rima |
| **Southampton, Winchester and astleigh Branch Represent** | |
| Indra Bahadur Purja Pun | Okhareni |
| **Media/Publication** | |
| Arjun Kumar Tilija Pun | Banduk |
| **Website Administrator** | |
| Sunil Paija Pun | Bega |




# पुन समाज युकको त्रैबार्षिक प्रगति प्रतिवेदन (2013 – 2017)

धनबहादुर थाने पुन (महासचिव)

बेलायत्‌बासी पुन समुदायका अधिकांश बुद्धिजीवि र महानुभावहरुको सहमतिमा ई.स. २००७ सालमा पुनहरुकै सहकार्यको लागि विधिवत रुपमा स्थापना भएको संस्थापक समाज पुन समाज युके हो । यस समाजको मुख्य उद्देश्य (लक्ष्य) भनेको मगर जातिको एक प्रमुख थर "पुन" समुदायको आफ्नो पहिचानसंग जोडिएको संस्कार (संस्कृति, रितिरिवाज, भेषभुषाहरुको संरक्षण र सम्बर्द्धन् गर्दै नयाँ सन्ततिहरुलाई सिकाउँदै जाने र पुन सामुदाय भित्र एकले अर्कालाई दुःख सुखमा सहयोग पुर्‍याउने हो ।

कुनै पनि समाज निस्स्वार्थ हुन्छ। समाज चलाउने ब्यक्तिहरुको बिचारधारा भने अवश्य फरक हुन्छ। त्यसैले समाजमा सहमति भन्ने शब्दको अतिनै महत्व रहेको छ तर सहमतिको महत्व नबुझेर समाजमा विभिन्न बिकृतिहरु निम्त्याएको ज्वलन्त उदाहरणहरु हामीमा छन् ।

जस्तो अवस्था आईपरेपनि म आफै के गौरव गर्दछु भन्दा पुन भएर जन्मे, पुन भएर बाँच्दै छु र पुन समाज युकेको आजीवन् सदस्य बनेर पुन समाज युकेकै महासचिव र युके च्यारिटि कमिसनको ट्रस्टी सदस्यको कार्यभार सम्हाल्दै मेरो बुद्दि, विवेक र ईमान्दारले भ्याएसम्म पुन समाज युकेको हित, सफलता र प्रगतिको कामना बोकेर बिभिन्न कार्यक्रमहरु गर्दै आएको अवस्था हो ।

यसरी महासचिबको नाताले काम गर्दै जाँदा मलाई अनुभव भएको यस पुन समाज युकेको बर्तमान् अवस्थाको बारेमा ३ बर्षको प्रगति प्रतिबेदन् प्रस्तुत गर्न पाउँदा अतिनै खुसी छु। बर्तमान अध्यक्ष श्री एक बहादुर फगामी ज्युको नेतृत्वमा रहेका विभिन्न कार्यदलहरुले आ–आफ्नै क्षेत्रबाट प्रतिबेदन् पेश गर्नु हुनेछ र म चाहि छोटकरीमा मेरो महासचिवको कार्यकालमा भएका प्राय सबै कार्यक्रमहरु संक्षिप्तमा मुख्य मुख्य बिषयहरुलाई मात्र प्रस्तुत गरेको छु।

### नयाँ कार्यसमितिको चयन

मिति ई.सं. २९/१२/२०१३ शनिबारको दिन बार्षिक साधारण सभा (अधिवेशन) को कार्यक्रममा निर्बाचन मण्डलका Returning Officer (RO) श्री सन्त बहादुर पुर्जा पुन (संस्थापक अध्यक्ष) ज्युको संयोजकत्वमा र नेतृत्वमा पुन समाज युकेको नयाँ कार्यसमितिको चयन् भयो । यस कायसमितिको अबधि ३ बर्षको लागि थियो ।

नयाँ कार्यसमितिको पहिलो कार्यसमिति बैठक

मिति ई.स. २५ जनवरी २०१४ शनिवारको दिन बेसिङस्टोकमा पहिलो कार्यसमिति बैठक बसी विभिन्न बिषयहरु उपर छलफल भयो र त्यस बैठकमा मुख्य देहायका २ बिषयहरु माथि गहिरो छलफल भयो।

(१) सन् २०१४ जनवरी १ तारिख संस्थापक समाज पुन समाज युके हुँदा हुँदै पनि पुन समाज युकेको केही सदस्यहरुले पुन मगर समाज युके को जन्म गराएको खवर पाएको कारणले हामी एक भएर बिकासको बाटो लाग्नु पर्दछ। समाज फुटाएर किन रमिता देखाउने भन्ने बिषयलाई प्राथमिकता दिंदै ५ सदस्यको मध्यस्थ समिति (Mediator Board) खडा गर्ने निर्णय गर्यो। शायद यो निकै जटिल बिषय भएर पनि हो अथवा आफ्नै व्यस्तताले हो पुन समाज युकेले निकै बुद्धिजीवि र अरु संघ संस्थाहरुमा आबद्द भई गरिमामय

पदहरु सम्हालेका व्यक्तित्वहरुलाई यस मध्यस्थ समितिमा बसी दुई समाजलाई एकीकृत गराउने प्रयास गराउनुहोस् भनि अनुरोध गर्दा पनि अस्विकार गर्नु भयो तर यी देहायका ५ सदस्यहरुले आ–आफ्नो व्यस्तताको बाबजुद पनि समाजको लागि केही गर्नु पर्दछ भन्ने मनस्थिति लिएर पुन समाज युकेको अनुरोधलाई स्वीकारी श्री चन्द्रबहादुर पहरे पुन (क्याप्टेन) ज्युको अधक्ष्यतामा एक मध्यस्थ समिति (Mediator Board) खडा भयो र वहाँ ५ जना सदस्यहरुलाई मध्यस्थ समितिमा रहेको कारणले पुन समाज युकेको कुनै पनि जिम्मेवारी पदमा नियुक्ति गरिएको थिएन।

१. श्री चन्द्र बहादुर पहरे पुन (क्याप्टेन)
२. श्री बिष्णु कुमार गर्बुजा पुन (मेजर)
३. श्री लक्षमन पहरे पुन (क्याप्टेन)
४. श्री योग कुमार फगामी पुन (महासचिव, एन आर एन)
५. श्री अर्जुन कुमार तिलिजा पुन (व्यवसायी)

(२) पुन समाज युकेको बिधानलाई अपडेट गर्न ५ सदस्यहरुको बिधान समिति खडा गरियो र जुन समितिमा निम्न सदस्यहरुको चयन गरियो।

१. श्री अति प्रसाद पहरे पुन (निवर्तमान अध्यक्ष)
२. श्री अर्जुन कुमार तिलिजा (सदस्य)
३. श्री भबी पुर्जा पुन (सदस्य)
४. श्री कृष्ण बहादुर पहरे पुन (सदस्य)

यस समितिको मुख्य उद्देश्य भनेको आगामी बार्षिक साधारण सभा 2014 मा अनुमोदन गराउने गरि विधानको पूर्ण तयारी पार्ने थियो। साथै यस कार्यसमिति बैठकले बिधानमा समाबेश गर्नु पर्ने विभिन्न महत्वपुर्ण बिषयहरु माथि छलफल गरिएको थियो।

यस्तै प्रकारले आवश्यक परे अनुसार प्रत्येक बर्षमा ५ देखि ७ पटक सम्म कार्यसमिति बैठकहरु सम्पन्न भयो।

### घोषणापत्र र प्रेस बिज्ञप्ति

नेपाल राज्यसत्ताले मान्यता दिए अनुसार र हाम्रो कुल, गोत्र अथवा वंशावाली अनुसार मगर जातिमा मुख्य ७ थर हरुमा विभाजन गरेको छ। ती हुन् थापा, राना, आले, घर्ती, बुढा, पुन र रोका। हामी पुन थर भित्र पनि ५० भन्दा बढि उपथर (पोत) हरु छौं भन्ने औपचारिक





धारणा सहित बैधानिक संस्थापक र युके च्यारिटि कमिसनबाट मान्यता पाएको समाज "पुन समाज युके" हो भन्दै पुन समाज युकेको तर्फबाट नयाँ नियुक्ति अध्यक्ष श्री एक बहादुर फगामी पुन ज्युको घोषणापत्र र प्रेस बिज्ञप्तिको सार्बजानिक गरिएको थियो। जुन प्रचारप्रसार पुन समाज युकेको वेबसाइट www:punsamajuk.com मा पाउन सकिन्छ।

## मध्यस्थ समिति (Mediator Board) को अन्तिम निर्णय

सन् २०१४ जनवरी २५ तारिख खडा भएको मध्यस्थ समितिले मिति सन् २०१४ मार्च ०१ तारिख दुवै समाज "पुन समाज युके र पुन मगर समाज युके" लाई एउटै टेबलमा बोलाई विभिन्न विकल्पहरुको साथ मिलाउने धेरै कोशिस गर्यो तर बिडम्बना साथ भन्नु पर्दा पुन समाज युकेले "प्रकृया साथ अगाडि बढौं, बार्षिक साधारण सभामा प्रस्ताव राखौ जुनै नाम राखे पनि कुनै आपत्ति छैन" भन्ने अडान राखे भने पुन मगर समाज युकेले "होइन आजनै नामाकरणको निर्णय हुनु पर्दछ" भनेर अडान राखे त्यसैकारणले मध्यस्थ समितिले "हामीले मिलाउन सकेनौ, आज बाट आआफ्नै बाटो हिड्नु" भन्ने निर्णय र आदेशको साथ बैठक बन्द गर्यो। यसको पूर्ण विवरण Mediator Board बाट पाउनु हुनेछ।

## बार्षिक साधारण सभा

मिति १८, मे २०१४ शनिवारको दिन बेजिङ्स्टोक्मा पुन समाज युके (नयाँ कार्यसमिति) को पहिलो साधारण सभा सम्पन्न भयो। जुन सभामा धेरै नै महत्वपूर्ण बिषयहरु माथि छलफल गरिएको थियो। जस्तैः नेपाल आदिवासी जनजाति महासंघ मा सुचिकृत हुन किन जरुरी छ र सुचिकृत भएमा के के सुविधाहरु पाईन्छ भन्ने बिषयहरु पनि समावेश गरिएको थियो। सोही सभामा पुन समाज युकेको बिधान समितिले प्रस्तुत गरेको बिधान २००७, संशोधित बिधान २०१४ लाई सर्बसम्मतले खुसीका साथ पारित गर्यो।

यस्तै प्रकारले हरेक बर्षको विभिन्न मितिहरुमा आवश्यकता अनुसार १ पटक बार्षिक साधारण सभा बस्दै आएको छ। जुन बैठकहरुमा गरिएको निर्णयहरुबाट समाजलाई धेरै कुरामा सहयोग पुग्दै आएको छ।

## परोपकारी कार्यक्रम

पुन समाज युकेका सदस्यहरुले व्यक्तिगत रुपमा धेरैनै परोपकारी कार्यक्रमहरु गर्दै आएको छन। जसको सम्मान (अभिनन्दन) पुन समाज युकेले हरेक बैठक अथवा विभिन्न कार्यक्रमहरुमा प्रकट गर्दै आएको छ तर पनि केही सामुहिक परोपकारी कार्यक्रमहरु भने देहायका बमोजिम छन्

१. मिति २९/१२/२०१४ आइतवारको दिन बेजिङस्टोकमा नेपाल, पोखरामा रहेको अन्तरराष्ट्रिय हिमालयन म्यूजियममा पुनहरुको भेषभुषा लगाएका २ वटा मुर्तीको लागि परोपकारी कार्यक्रम पुन युवा क्लबले सम्पन्न गरि नेपाली रुपैयाँ छ,95,420.00 (पाँच लाख, पन्चानब्बे हजार, चार सय बीस) उठाउन सफल भएका थियो।

   यहि दुई मुर्तीलाई लगाईदिनु पर्ने पुन समुदायको भेषभुषाको लागि युवा चन्द्र बहादुर थजाली पुन (दगनाम गा.बि.स.) र युवती एञ्जिना पाईजा पुन (बेगखोला गा.बि.स.) हरुले




£400.00 (चार सय पाउण्ड) sponsor गर्नु भएको थियो।

२. गत २०१५ सालमा पुन समाज युकेले नेपालमा गएको भूकम्पको पिडितहरुलाई £10,000.00 (दस हजार पाउण्ड) 300 कि.ग्रा. भन्दा बढि लुगा फाटा (जिनिस) संकलन गरि नेपाल सरकारलाई हस्तान्तर गरेको थियो।

३. लेखफाँट गा.बि.स. डाडाकटेरी बस्ने श्री लक्ष्मण पुनको दुवै मिर्गौलाले काम नगरे पछि मिर्गौला प्रत्यारोपणको लागि नेपाली रु 1,76,000.00 (एक लाख छ्यातर हजार) संकलन गरि राहत पठाएको थियो।

४. चिमखोला गा.बि.स. कि स्व. नेहा पुनको लागि नेपाली रु. 1, 84,750.00 (एक लाख चौरासी हजार सात सय पचास) र नाँगी गा.बि.स.कि स्व. खेममाया पुनको लागि रु. 1,98,250.00 (एक लाख अन्ठानब्बे हजार दुईसय पचास) हस्तान्तरण गरेको थियो।

५. पुन समाज युकेले सन् २०१३ देखि सन् २०१६ साल सम्ममा जम्मा 8 वटा आजीवन सदस्यहरु गुमाएका थियौ र वहाँहरुको उत्ताराधिकार परिवार (Next of Kin) हरुलाई समाजको बिधिबिधान अनुसार हरेक आजीवन सदस्यहरु बाट £10.00 उठाएर नामावलीसंग राहत रकम (कोरा/मानो) बुझाईएको थियो।

६. काफलडाँडामा करबाकेली थान निर्माणको लागी ने.रु. 53 ,00,000.00 (तिरपन्न लाख) करबाकेली बाबा संरक्षण समिति नेपाललाई हस्तान्तरण गर्यो।

७. श्रीमती पार्वती पुर्जा पुनलाई पुन समुदायको पुर्खेउलीको बारेमा अध्ययन गरि किताब प्रकाशन गर्नको लागि ने. रु. 5,25,000.00 (पाँच लाख पच्चीस हजार) हस्तान्तरण गर्यो।

८. आदिवासी जनजाति युवा महासंघ नेपालको ऐतिहासिक तेस्रो राष्ट्रिय महाधिवेशन कार्यक्रम सफल पार्नको लागि ने. रु. 50,000.00 (पचास हजार) हस्तान्तर गर्यो।

९. लोकवार्ता परिषद नेपाल (Folklore Council Nepal) को पाँचौ राष्ट्रिय सम्मेलन नेपालको कार्यक्रममा सहयोगको लागि ने. रु. 25,000.00 (पच्चिस हजार) पठाएको थियो।

१०. पुन समाज नेपाल आदिवासी जनजाति प्रतिष्ठानमा (Nepal Federation of Indigenous Nationalities –NEFIN) सुचिकृत गर्ने क्रममा नीति नियमानुसार जुटाउनु पर्ने प्रमाणहरुको संकलनमा लाग्ने हरेक खर्चमा सहयोग पुर्‍याउनको लागि ने. रु. 30,000.00 (तीस हजार) र युके पवन £ 2,477.00 ( दुइ हजार चार सय सतहत्तर पाउण्ड) उठाउन सफल भएकाछौं।

## घर दैलो कार्यक्रम

पुन समाज युकेले बैठकमा पारित भए अनुसार विभिन्न क्षेत्रहरुमा पुगेर पुन समुदायका सदस्यहरुलाई विभिन्न बिषयहरुमा जनचेतना दिने घर दैलो कार्यक्रम गर्दै आएको छ र अहिले सम्ममा ७ क्षेत्रहरुमा यो अभियान भैसकेको र भविस्यमा पनि गर्दै जाने प्रयास रहेको छ।

## नेपाली मेला

हरेक बर्ष तमुधी संघ युकेले संचालन गर्दै आएको नेपाली मेलामा आफ्नो पहिचानको प्रतिस्पर्दामा पुन समाज युकेले सन् २०१२ र २०१३ सालमा प्रथम स्थान हासिल गरिसकेको अवस्था थियो र तेस्रो पटक सन् २०१४ सालमा पनि प्रथम स्थान हासिल गरि ह्याट्रिक गर्ने पुन समाज युकेको ठुलो सपना र मुख्य उद्देश्य रहेको थियो। शायद सबै जना सदस्यहरुको योगदान र कोशिसले गर्दा होला सन् २०१४ सालको प्रतिस्पर्दामा पुन समाज युकेले झनै राम्रो प्रदर्शन गरि फेरी पनि पहिलो स्थान हासिल गरेको थियो र यसरी ३ पटक सम्म लगातार प्रथम भई ह्याट्रिक गर्ने पहिलो समाज पुन समाज युके नै एतिहासिक समाज हुन गएको छ।

## कोरी कुल पूजा

पुन समाज युके विदेशमा रहेर पनि आफ्नो विभिन्न संकार, संस्कृतिहरु मध्य कुल पूजालाई पनि निरन्तरता दिन यो देशको नियम र कानुनको परिधि भित्र रहेर कोरी कुल पुजा भए पनि हरेक बर्ष भव्य र सभ्य प्रकारले गर्दै आएको छ र नेपालको काफलडाँडाको मूल थानमा हरेक ३ बर्षमा एक चोटि पुन समाज नेपालले मुख्य कुल पूजा गर्दा पुन समाज युकेले पनि पैसा पठाएर युकेबासी पुन समुदायको तर्फबाट पूजा गरी पुजामा उपस्थित वर्गहरुलाई प्रसाद बाड्ने कार्यक्रम हुदै आएको छ।




गत २०७२ सालमा गरिएको पुजा र अन्य कार्यक्रमको लागि पुन समाज युकेले रु. २३,४०० (तेइस हजार चार सय), सल्लाहकार श्री देउ बहादुर पुर्जा पुन ज्युले 28,000.00 (अठाईस हजार) र पुर्खेउली समुहले रु 50 ,000.00 (पचास हजार) गरि जम्मा रु. 101,400.00 (एक लाख एक हजार चार सय) पठाएको थियो।

### बार्षिक भेटघाट

पुन समाज युकेले हरेक बर्षको अगस्त महिनाको पहिलो शनिवार बेलायतबासी पुन समुदायहरुको भेटघाट गरि दुःख, सुख शेअर गर्ने अवसर पुऱ्याउने हेतुले "बार्षिक भेटघाट" कार्यक्रम संचालन गर्दै आएको छ र गत बर्ष (२०१५) को बार्षिक भेटघाट कार्यक्रममा पुन समाज नेपालको सर्बमान्य संरक्षक (भू.पु.मन्त्री) श्री उत्तम पुर्जा पुन र वहाँको धर्मपत्नी प्रमुख अतिथिको रुपमा रहनु भएको थियो।

### च्यारिटी कमिसनमा दर्ता

मिति २०१५ साल जुलाई महिना १५ तारिख पुन समाज युके पनि युके च्यारिटी कमिसनमा दर्ता भै बेलायतको एक मान्यता प्राप्त गरेको समाज भएको छ। पुन समाज युके मिति २०१५ साल देखि पुन समाज नेपालको आधिकारिक रुपमा भातृ संस्था भएको छ। त्यसै कारणले पुन समाज युकेले जुनै पनि कार्यक्रमहरु संचालन गर्दा पुन समाज नेपाल (भातृ संस्था भएको कारणले) युके च्यारिटी कमिसन ( च्यारिटीमा दर्ता भएको कारणले) र पुन समाज युके (संस्थापक समाज भएको कारणले) यी ३ क्षेत्रको नीति र नियमहरु भित्र रहेर मात्र संचालन हुने गर्दछ।

### समर क्याम्पिंग

हरेक बर्षको बार्षिक भेटघाट पार्टी पछि प्राय सेप्टेम्बर महिनामा पुन युबा क्लबले पुन समुदायहरुको लागि समर क्याम्पिंग आयोजना गर्दछ। जसको पूर्ण बिवरण युबा क्लबको रिपोर्टमा हेर्नु होला।

### भैलो कार्यक्रम


बर्षमा एकचोटी नेपालीहरुले मनाउने तिहार चाडको नजिकै महिला विभागले सन् २०१५ देखि भैलो कार्यक्रम गर्दै आएका छन् र शुरुको बर्षमा एकदमै रमाइलो संग संचालन गरेका थिए।

### पुन समाज नेपालको बिशिष्ट आजीवन सदस्य

पुन समाज नेपालको विधान २०६३ (दोस्रो राष्ट्रिय महाधिवेशन २०७१ द्धारा संशोधित) परिच्छेद ३ सदस्यता दफा १० "साधारण शुल्क र सदस्यता प्रदान गर्ने बिधि" (क) बमोजिम पुन समाज युकेका पनि बिशिष्ट आजीवन सदस्यता शुल्क एकमुष्ठ ने. रु. 50,000.00 ( पचास हजार) देखि माथि प्रदान गर्नु हुने महानुभावहरुको संख्या 71 पुगिसकेको छ र वहाँहरुको नामावली पुन समाज युकेको वेबसाइटमा पाउन सकिन्छ।

### पुन समाज युकेको आजीवन र साधारण सदस्य

पुन समाज युकेको आजीवन र साधारण सदस्य 516 पुगेको छ र अझै बढ्दै जाने सम्भावना बढि छ र जुन नामावली पुन समाज युकेको वेबसाइटमा पाउन सकिन्छ।



हामी नेपाली सिद्धार्थ गौतम बुद्ध जन्मेको देशका नागरिक । बुद्ध हाम्रै देशमा जन्मेर जीवनको मार्गदर्शनमा ठूलो योगदान दिनु भएको छ । सारा नेपालीको गर्वको विषय बनेको छ, नेपाल बुद्ध जन्मेको देश भनेर विदेशमा आफ्नो चिनारी दिन पाएका छौं ।

# सिद्धार्थ र बुद्धत्व

मेकबहादुर पुन

देशको राजकुमार, के थिएन उनीसँग । सुख, सयल अनि माया गर्ने परिवार । संसारको सबै सुख प्राप्त गरेको अवस्था । तर उनी राजदरबारको त्यो वैभवतालाई छोडेर प्राणी मात्रको सुख प्राप्त गर्न अन्धकारमा दरबारबाट निस्किए । उनले आफुले प्राप्त गरेको त्यो सुखबाट मनसन्तोक गरेनन् । उनलाई अरुको चिन्ता लागिरहयो । मानिसको जन्मदेखि मृत्युसम्मको अवस्था सम्झदै उनलाई दरबारमा सुखसँग बस्न दिएन । यसैले प्राणी मात्रको दुखहरण भई सुख प्राप्ति कसरी हुन्छ भनेर संसारिक सबै माया मोह त्यागेर हिंडे । उनी राजा शुद्धोद्धनका छोरा सिद्धार्थ थिए ।

सिद्धार्थको जन्म आज भन्दा २५७८ वर्ष पहिला अहिलेको नेपालमा पर्ने लुम्बिनीमा भएको थियो । तिलौराकोटबाट पूर्व दिशातर्फ अहिलेको देवदहमा रानी मायादेवीको माइत थियो । माइत जाने क्रममा बीच बाटोमा पर्ने लुम्बिनीमा नै रानी मायादेवीले सिद्धार्थलाई जन्म दिएकी थिइन । सिद्धार्थको जन्मनु भन्दा अगाडि सपनामा मायादेवीले एउटा सेतो हात्ती आकाशबाट आएर आफ्नो पेटमा प्रवेश गरेको सपना देखेको थिइन । ज्योतिषीहरुसँग परामर्श गर्दा

रानी मायादेवीबाट जन्म लिने राजकुमार या त चक्रवर्ती सम्राट हुने या त गृहत्याग गरेर जाने भविष्यवाणी भएको थियो ।

राजकुमार सिद्धार्थबारे यो भविष्यबाणी सुनेर राजा शुद्धोद्धनले उनलाई संसारिक माया मोहमा बाँध्नकै लागि उनलाई कुनै कुराको कमी हुन दिएनन् । तर २९ वर्षसम्मको संसारिक सुख भोगबाट उनको मनमा सुखसयलप्रति वितृष्णा जागिसकेको थियो । प्राणी जगतको सृजना कसरी हुन्छ ? संसार चल्ने नियम के हो ? सांसारिक दुःखको चक्रलाई कसरी समाप्त गर्न सकिन्छ ? दुःख के हो ? दुःख किन हुन्छ ? सुख कसरी प्राप्त गर्न सकिन्छ भन्नेबारेमा चिन्तनमनन गरिरहे र अन्त्यमा ती सुखसयल छोडेर राजकुमार सिद्धार्थ एउटा सामान्य भेषमा मध्यरातमा आफ्नो पत्नी, पुत्र राहुललाई समेत छोडेर सारथि छन्नकको सहयोगमा कन्थक नामक घोडामा सवार भएर आफ्नो दरबारको पूर्वी प्रवेश द्वारबाट निस्केर गृह त्याग गरे ।

२९ वर्षसम्मको संसारिक सुख भोगबाट उनको मनमा सुखसयलप्रति वितृष्णा जागिसकेको थियो । प्राणी जगतको सृजना कसरी हुन्छ ? संसार चल्ने नियम के हो ? सांसारिक दुःखको चक्रलाई कसरी समाप्त गर्न सकिन्छ ? दुःख के हो ? दुःख किन हुन्छ ?

### निराहार कठोर तपस्या

दरबार त्यागेर ६ वर्षसम्म उनी आध्यात्मिक गुरुको खोजी गर्दै ठाउँठाउँ भौतारिंदै हिंडे । तर कुनै गुरुबाट पनि मानव जातिले पाउने दुःखबाट कसरी मुक्त हुन सकिन्छ भन्नेबारे ठोस उपदेश पाउन सकेनन् । निराहार कठोर तपस्याबाट शरीर सुक्दै गयो । शरीरको छाला हाडमा टाँसिन थाल्यो र यस्तो निराहार कठोर तपस्याबाट कुनै उपलब्धी हुँदैन भन्ने निष्कर्ष निकाले । शरीर क्षीण भईसकेको थियो । चलमल गर्न सक्ने सामर्थ्य शरीरमा थिएन । नजिकैको गाउँको मुखियाको छोरी सुजाताले तपस्या गरेर बसेको देखिन् । सुजाताले उनलाई वनदेवता हुनुपर्छ भन्ने सोचिन् । वनदेवता खुशी भए गाई वस्तु र बालीनाली राम्रो हुन्छ भन्ने आशामा वनदेवतालाई रिझाउन एक कचौरा खीर लिएर नजिक गइन् । मरणासन्न अवस्थामा पुगेको सिद्धार्थ गौतमले त्यो खीर सहर्ष स्वीकार गरे । खीर खाएर उनको शरीरमा केही शक्ति उत्पन्न भयो । सुक्न लागिसकेको शरीरका नशाहरुमा रक्त प्रवाह भयो । मस्तिष्कमा शक्ति सञ्चारले ध्यान गर्ने र एकाग्र हुने शक्ति उत्पन्न भयो । र, शरीरमा केही स्पूर्ति आएपछि नैरञ्जना नदीमा आफ्नो भिक्षापात्र (कचौरा) राख्दै सिद्धार्थ गौतमले भने– यदि मैले सम्यक सम्बोधि प्राप्त गर्ने रहेछु भने यो मेरो भिक्षापात्र नदीको विपरित दिशातर्फ बगेर जाओस् । नभन्दै विज्ञानको सामान्य नियमविपरित उनको भिक्षापात्र नदी प्रवाह हुने दिशा विपरित गयो । यसबाट उत्साहित भएर उनले एउटा पिपलको रुखमुनी एउटा कुशको आसन बनाए अनि एउटा कठोर प्रतिज्ञा गरे, संसारका प्राणीहरुको दुःख हरण गर्ने ज्ञान प्राप्त नभएसम्म यो आसनबाट उठ्ने छैन् । यदि त्यो ज्ञान प्राप्त नभए म यही आसनमा मृत्युवरण गर्ने छु । म यो आसनबाट उठ्ने छैन । यो बोधगया भन्ने ठाउँ थियो ।

संसारमा दुःख छ, दुःख हुनुको कारण छ, दुःखबाट मुक्ति पाउन सकिन्छ र दुःखबाट मुक्ति पाउने मार्ग छ । यी चारवटा सत्यबारे पहिलो पटक प्रवचन दिएको त्यस दिनलाई धर्मचक्र प्रवर्तन दिवस भनेर उमंग र उत्साहसाथ मनाउने गरिन्छ ।

हामी नेपाली सिद्धार्थ गौतम बुद्ध जन्मेको देशका नागरिक । बुद्ध हाम्रै देशमा जन्मेर जीवनको मार्गदर्शनमा ठुलो योगदान दिनु भएको छ । सारा नेपालीको गर्वको विषय बनेको छ, नेपाल बुद्ध जन्मेको देश भनेर विदेशमा आफ्नो चिनारी दिन पाएका छौं । तर बुद्धका अनुयायी भनेर परिचित हुने कर्म हामीले गरेका छौं कि छैनौं ? देशको कुरा नगरौं, आफु र आफ्नो परिवारमा बुद्धको अर्ती र उपदेशलाई कति आत्मसात गरेर व्यवहारिक रुपमा लिएका छौं यो महत्वपूर्ण कुरा हो । बुद्धले हजारौं जीवन जीउने सुत्र दिएर जानु भएको छ तर ती मध्ये ३/४ वटा सुत्र मात्र पनि हामीले जीवनमा उतार्न सक्यौं भने हाम्रो जीवन सार्थक हुनेछ । समाज भन्दा व्यक्ति ठुलो होइन, घमण्ड किन गर्छौं ? मरेर लाने के पो छ र ? मेरो गोरुको बाह्रै टक्क भने भैं समाज पनि यसरी संचालन हुन्छ र ? यसर्थ पञ्चशील प्रयोग गर्‍यौं भने पनि जीवन प्रेममय बन्ने छ । जसले समाज परिवर्तन गर्छ र समाज परिवर्तनले देश । यसर्थ आफ्नो देशमा जन्मेका बुद्धको मार्गमा चल्ने प्रायस हामी गरौं ।

समाज भन्दा व्यक्ति ठुलो होइन, घमण्ड किन गर्छौं ? मरेर लाने के पो छ र ? मेरो गोरुको बाह्रै टक्क भने भैं समाज पनि यसरी संचालन हुन्छ र ?

# पुन समाज यु.के.को हालसम्मको वित्तीय प्रतिवेदन

निलप्रसाद पुर्जा (कोषाध्यक्ष) पुन समाज युके

कुनै पनि एक व्यक्ति देखि विशाल जमात अर्थात् एउटा घर देखि सिंगो देश हुँदै विशाल संसार चलाउन वित्तको आवश्यकता पदर्छ। हामि कसैलाई पनि बिना वित्त आफु लगायत परिवार साथै केहि चिजको पनि निरन्तरता दिनुमा असमर्थ हुने कुरामा सायद दुइ मत नहोला। सामाजिक संस्थाहरुको विषयमा वित्तीय कारोवार झनै संबेदनशील हुनेगदर्छ। हरेक व्यक्तिहरुको मुख्य ध्यान संस्थाको पैसाको मामलामा केन्ठित हुने भयकोले मैले आ नो कार्यकाल भरि नै यस विषयलाई गम्भीरताको साथमा लिदै आयकोछु। कसैलाई पनि तपाईहरुले दिनु भयको रकम ठीक ठाउँमा ठीक परिमाण ठीक किसिमबाट गयको छ या छैन भन्ने कौतुहलतालाई प्रस्ट्याउने पनि मेरो जिम्मेवारी हुने कुरा बुझेकोछु र यो मैले आ नो सबै भन्दा ठुलो कर्तव्य ठानेको छु। अझै पनि तपाईहरु कसैलाई आफुले दियको पैसा कति र कहाँ कसरि गयो भन्ने बारे कुनै कौतुहल छ भने पुस्टि गराउनुको लागि मलाई सम्पर्क गर्नु होला भनि यसै लेख मार्फत आग्रह गर्नु चाहान्छु। खासै भन्ने हो भने मैले गत तिन वर्षको प्रतिबेदन प्रस्तुत गर्नु पर्ने थियो तर पुन समाज युकेको स्थापनाकाल देखि नै यस संस्थाको वित्तीय कारोवारमा ठुलो र धेरै पटक रकम आवत(जावत भयको देखियकोले र यो कारोवार युकेमा संगठिक पुन समाजको लागि मात्र नभयर स्वदेशमा आ नो पुर्खाहरुले आर्जेको सम्पत्ति, कलाकौशल, संकृति तथा संस्कारहरुको रक्षा, संरक्षण, सम्बर्धन तथा जगेर्ना गर्ने क्रियाकलापहरुमा खर्च गरियकोले र गर्दै आयकाले यो प्रतिबेदन तयार गर्न मैले कोषाध्यक्षको जिम्मेवारी लिनु भन्दा पनि केहि पहिला देखिकै कार्यक्रमहरुबाट समाबेस गर्ने कोशिस गरेकोछु। तिनै कुराहरु निम्न लिखित विवरणहरुबाट थाहा पाउनुहुनेछ।

### कुल देवता (कर्बाकेली बाबा) को थान निर्माण परियोजना

मैले जिम्मेवारी लिदैगर्दा हाम्रो आस्थाका देवता तथा हाम्रै कुल देवता कर्बाकेली बाबाको थान निर्माण परियोजनाको लागि चन्दा संकलन गर्ने साथै पठाउँने कार्य तिब्र रुपमा चलिरहेको थियो। यसै परियोजनाको लागि हामीले युकेबाट मात्रै रु. ४१३२१३४ (रुपियाँ एकचालीस लाख, बत्तीस हजार, एक सय चौतिस) र £१८००६.६० ( युके पौण्ड अठार हजार, छ पाउण्ड र साठी पेन्स) मुर्तिहरु तथा थान निर्माणको लागि सहयोग गर्न सफल भएका थियौं भने संकलन कार्य अझै रोकियको छैन। त्यसैले, यही लेख मार्फत तपाईहरु कसैलाई अझै यो परियोजनामा संग्लग्न हुने मनसाय भयको खण्डमा हामीलाई सम्पर्क गर्नु होला भनि तपाईहरुको सहभागिताको अपेक्षा गर्दै बिनम्र अनुरोध गर्न चाहान्छु। स्मरण रहोस, हाम्रो कर्बाकेली बाबाको थान भयको रामचन–कुलचन डांडा परिसरमा थुप्रै कामहरु गर्न बाँकी नै छन्। त्यसैले, तपाईहरुले धनले मात्र नभयर तन, मन, सुझाव अनि आ नै किसिमबाट हाम्रो पहिचान खुल्ने र झल्कने खालको केहि चिज पनि गर्न सक्नु हुनेछ। जसको लागि कर्बाकेली बाबा संरक्षण समिति, पुन समाज नेपाल अथवा पुन समाज युकेलाई खबर गरि सुझाव लिन सक्नु हुनेछ।

### नेपाल वाइर्लेस प्रोजेक्टलाई सहयोग

हाम्रो पुन समुदायमा पनि मानव विकाश अनि सामुदायिक विकाशको लागि सपना देख्ने व्यक्तिहरु धेरै थिय र छन पनि। भनिन्छ, निदायको बेला देखेको सपना साकार हुन असम्भव हुन्छ जो ब्युझिनु संगै हराउनु सक्छ। तर जो व्यक्ति ब्युझियको बेला सपना देख्छ उ आ नो सपना साकार पार्न सकारात्मक रुपमा सफल बन्न सक्छ। यसरी नै ब्युझियको बेला सपना देख्ने हाम्रो समुदायका होनहार व्यक्तिको रुपमा चिनियका व्यक्ति हुन् डा. महाबिर फगामी पुन। यो नाम हाम्रो समुदायमा मात्र नभयर देश तथा बिदेशमा कुनै नौलो नाम होइन। वहाँले नेपाल वाइर्लेस प्रोजेक्टको लागि पंच(वर्षीय परियोजना सुरु गरि सन् २००९ साल ताका बैदेशिक रोजगारमा गयका नेपालीहरुलाई एक डलर प्रति महिना (यलभ मर्यबिच ब ञयलतज) भनि चन्दा संकलन अभियान सुरु गर्नु भयो। वहाँको अनुमान अनुसार अहिले सम्ममा नेपालको पुर्व(पश्चिम पहाडी भूभागमा वाइर्लेस इन्टरनेटको पहुच पुगी सक्नु पर्थ्यो यदी आशा गरीय अनुरुप चन्दा उठेको भय। तर यसलाई पनि बिडम्बना मान्न सकिन्छ कि हामीले हाम्रो पुन समुदाय युके बाट जम्मा £२३७५ मात्र संकलन गरि पठाउनु सफल भयका थियौं भने अरु मुलुकहरुबाट र अरु समुदायहरुबाट पनि यो परियोजनाको लागि खासै चन्दा संकलन हुनु



सकेन भन्नेमा अहिले यसको प्रगति र परिणामबाट अनुमान लगाउनु सकिन्छ।

### *नेपाली मेलामा सहभागिता*

सर्वविदितै छ कि नेपाल एउटा बहु(जातीय, बहु(भाषिक, बहु(सांस्कृतिक तथा बहु(पहिचान भयको सानो पहाडी मुलिक हो। रोजगारको शिलशिलामा विभिन्न देशमा जानेक्रम संगै युकेमा पनि यथेस्ट मात्रामा नेपालीहरुको बसोबास बाकलियो । जहा गय पनि, जे गरे पनि, जे खाय पनि साथै जो संग मित्रता बढाय पनि आखिर आफुले जन्मेर पहिलो दुइ दसक भित्रमा सिकेको, गरेको, खायको, भोगेको चिजहरु नै प्यारो हुँदोरहेछ। सायद त्यही भयकोले होला हामि र हाम्रा ति चिजहरु जो अतिनै प्यारोछ्न लाई निरन्तरता दिने, बचाउ गर्ने साथै नया पुस्तालाई हस्तान्तरण गर्ने हेतुले तमुधी युकेको आव्हानमा हरेक वर्ष नेपाली मेला नामाकरणबाट जातीय तथा सामुदायिक पहिचान झल्काउने एक प्रदर्शनी मेला आयोजना गर्दै आयको छ। आ  नो कला, कृति, भेष(भुषा, संस्कृति, भाषा, धर्म तथा संस्कार हामि पुन समुदायको पनि कति पृथक र प्यारोछ जुन पुन भनेर गर्व गर्ने जो कोहीले पनि आ  नो गहना साथै अस्तित्व ठान्दछन। यसै सन्दर्भमा दृष्टिगत हुँदै र गर्दै आ(आ  नै पहिचान झल्कने गरि प्रदर्शन गर्ने र हुने नेपाली मेला साच्चिकै गर्व गर्न लायक छ। हाम्रो समुदायको पनि धेरै भन्दा धेरै सदस्य ज्युहरुले यस कार्यक्रममा भाग लिदै आउनुभयको छ र भागलिदा लाग्ने खर्चमा हातेमालो गर्दै आउनु भयकोछ। आशावादी छौं भविष्यमा पनि यो क्रम निरन्तर चलाई राख्नु हुनेछ। २०१४ सालमा भाग लिंदा £१६१६ जम्मा गरेका थियौं भने यो रकम सबै खर्च भयको थियो। २०१५ सालमा £२९६० जम्मा गरेका थियौं भने सबै खर्च कटायर £१८६ बाँकी हुन आएको थियो। यो भन्दै गर्दा विजेतालाई प्रदान गरिने "एम्बासेडोर कप" जुन नेपाल दुतावास लण्डनद्वारा प्रदान गरिन्छ र यो २०१३, २०१४ र २०१५ साल लगातार पुन समाज युकेले जित्न सफल भयको थियो भने २०१३ सालमा जिते बापत प्रदान गरियको £६०० को पुरस्कारमा समाजकै £१०० थपि £७०० बनायर नेपालमा बाढी पिडितको लागि चन्दा दियका थियौं। प्रतिस्पर्दा जितेर खुशी छदै थियो त्यो भन्दा बढी जितेर पाएको रकम बाढी पिडितलाई राहत स्वरूप दियकोमा त्यो परोपकारी कामले पुन समाज युकेका महिला वर्ग लगायत सम्पूर्ण सदस्य ज्युहरुमा झनै बढी खुशी को अनुभूति गरियको थियो र गर्वले छाती फुलेको थियो।

त्यस्तै तमुधि युकेका तत्कालिन पदाधिकारी ज्युहरु लगायत हाजारौंको प्रसंसा बटुल्नु पनि सफल भयका थियौं।

## मुर्ति प्रतिस्थापन

सर्वविदितै छ कि हामि पुन समुदायको संस्कार, संस्कृति, भाषा, भेषभुषा, रहन(सहन साथै चाल(चलन अद्बितीय छ। हामीले शब्दहरुमा जतिनै भनिय पनि व्यबहारमा ल्याउनु सकियन भने त्यस चिजको कुनै औचित्य रहदैन पनि। हाम्रो आ नै भेषभुषा साथै आदिमकाल देखि नै भोगचलनमा ल्याइयको सामाग्रीहरु नेपालीलाई मात्र नभयर अरु देश विदेश लगायत सबै ब्यक्ति र समुदायलाई थाहा भयमा राम्रो हुन्छ। त्यसैले हामि पुन समुदायको पनि हाम्रै सामुदायिक पहिचान देखाउने स्थान पोखरामा व्यवस्थित छ। प्रसंग अन्तराष्ट्रिय पर्वतीय संग्राहलय पोखरामा रहेको जातीय तथा सामुदायिक भेषभुषा लगायत पुर्खौं देखि भोगचलनमा रहेका सामाग्रीहरुको संकलित सामानहरु साथै मुर्तिको हो। हामि पुन समुदायको पनि त्यस संग्राहलय भित्र एक विशिष्ट कक्षमा भोगचलनका सामानहरु लगायत पुन समुदायको भेष(भुषामा सजिसजाउ गरि राखियको दुइ वटा मुर्तिहरु पनि प्रदर्शनमा छन्। तर ति मानव मुर्तिहरु दयनिय अवस्थामा रहेको र ति मुर्तिहरुलाई हाम्रै शारीरिक बनावटसंग मिल्ने आंकडामा प्रतिस्थापन गर्नु पर्ने जरुरि देखियकोले पुन समाज युकेको मातहतमा संगठित पुन युवा क्लबद्बारा एक च्यारिटी कार्यक्रमको आयोजना गरि चन्दा संकलन गरियको थियो। पुन समुदाय युकेका इच्छुक र उत्साहित व्यक्तिहरुको ठुलो उपस्थितिमा £४६२७ र रु. १०,००० उठाउनु सफल उक्त कार्यक्रमको सबै खर्च कटायर पुन युवा क्लब युकेले रु.५,९५,४१७ नेपाल पठाउन सफल भयको थियो भने यही रकमबाट एक पुरुष र एक महिला गरि दुइवटा उच्च स्तरीय मुर्तिहरु बनाई अन्तरास्ट्रिय पर्वतीय संग्राहलयमा पुर्खेउली थलो म्याग्दी र पर्वत भयको तर हाल अधिराज्यको बिशाल भू(भागमै छरियर रहे पनि आ नो मौलिकतामा आधारित मान्यता प्राप्त पुन समुदायको भेष(भुषामा सजाउनु सफल भयकाछौं।

## संग्राहलय भवन निर्माण अभियान

कर्बाकेली बाबाको थानको सफल निर्माण कार्य पछि हामि पुन समुदायको "कर्बाकेली संग्राहलय" एक आर्को सपना बन्न पुगेको छ चन्दा संकलन कार्य तत्कालको लागि अरु कार्यक्रमहरुले गर्दा स्थगित अवस्थामा भय पनि हाल सम्म £४८५.२१ संकलित रकम हामीसंग छ र निकट भविष्यमा नै यस परियोजनाको लागि चन्दा संकलन कार्य सुरु हुनेमा हामि आशावादी छौं। स्मरण रहोस, यस परियोजनाको लागि भवनको नक्शांकन गरिसकिएको छ भने निर्माण लागत ७५ लाखको रहने अनुमान गरियको छ।

## भुकम्प पिडितको लागी सहयोग

मानव भय पछि मानवताको लागि मानवीय सोचाइ अक्सर सबैले राख्ने गर्छन। पुन समुदायका सदस्यहरु यस मामलामा झनै अग्रसर भयको मैले अनुभव गरेकोछु। हाम्रो देश नेपाल विविध कठिनाईहरुले गुज्री रहेको अवस्था छदै थियो झनै गत वर्षको सुरुवात सगै सताब्दीकै ठुलो भूकम्पले देशको छातिनै छियाछिया हुनेगरी बज्र प्रहार गर्यो। स्वदेश तथा विदेशमा हुनुभयका नेपालीहरुको मनछाति त्यो भूकम्पको प्रभावले अछुतो राख्ने कुरै भयन। धेरै भन्दा धेरै संघसंस्थाहरुले राहत संकलन गरि स्वदेश पठाउने क्रममा पुन समाज युकेले पनि एक विशेस आव्हान गरि राहत संकलन कार्यक्रम अघि बढायो। युकेमा हुनुभयका धेरै भन्दा धेरै पुन समुदायका सदस्य मित्रहरु आफुले सकेको रकम द्बारा सहयोग गर्नु भएको थियो। संकलित नेपाली रुपिया १५,५५,००० पुन समाज नेपाल मार्फत त्यसको ठुलो हिस्सा प्रधानमन्त्री राहत कोषमा संकलन गरायका थियौं भने केहि रकम भूकम्प प्रभावित क्षेत्रमा गयर पुन समाज नेपालको बाहुलीबाट हस्तान्तरण गरियको थियो।

## बिध्या वारिधिको लागि सहयोग

मान्छेमा अभिलाषाहरु विविध हुन्छन। केहि अभिलाषा पुरा





गर्नु केहि सहज भय पनि केहि अवश्य सोचे जस्तो हुदैन। त्यसो त झनै बुद्धि र विवेक लगायर गर्नु पर्ने चिजहरु झनै गाह्रो हुने गदर्छन। प्राय मानिसहरुको स्वभाव केहि सानो र निम्न स्तरिय काम गरे पनि त्यसको परिणाम ठुलै खोज्ने हुन्छ त्यो पनि सके सम्म झट्टै। काम गर्दै जाउ भाग्य आफै पछि लागेर आउछ भन्ने हामि प्राय सोच्दैनौं र भाग्य भनेको जन्म कुण्डलीमा नै लेखियर आयको हुन्छ भन्नेमा विश्वास गर्छौं। तर हाम्रै समुदायमा यही भनाइलाई चुनौती दिदैं अगाडी बढ्दै गर्नु भयकी एउटी यस्ती नारि हुनुहुन्छ जो हाम्रो समुदायको मात्र नभयर तमाम नेपालीहरुमा पनि बिशेष गरेर नारीहरुकै उदाहरण बन्दै गर्नु भयकिछ। वहाँले जिन्दगीमा भाग्यको प्रतिक्षा गर्नु भन्दा केहि गर्ने प्रतिज्ञा गर्नु भयो। जसको फलस्वरूप वहाँ आज आएर उच्च शिक्षा हासिल गर्नु सफल हुनु भयकोछ। मानिसलाई जे गर्यो त्यही चिजमा आ  नो लगाव बस्ने र बढ्ने गर्छ। शिक्षित व्यक्तिलाई झनै बढी शिक्षा लिने इच्छा जागेर आयो वहाँमा। हाम्रो पुन समुदायमा कला, संस्कार तथा संस्कृतिहरु धेरै छन् तर प्राय अलिखित। लेखियकाहरु पनि केहि अपुरो र अधुरो रुपमा लेखियका छन्। जसले गर्दा भावी सन्ततिलाई कुन रुपमा हाम्रो कला(कौशल, संस्कार(संस्कृति सिकाउने र जगेर्ना गर्न लगाउने त ? भन्ने कुरो अलिखित भयको खण्डमा धेरै असजिलो हुने कुरालाई मनन गर्दै साथै हाम्रो संस्कृतिमा आधारित सोरठी जो आफैमा कति मिठो र प्यारो छ, लाई बचाउने अभियानमा बिध्या वारिधि गर्ने अठोट गर्नु भयो। विश्व(विध्यालयलाई तिर्नु पर्ने सुल्क छदै थियो त्यो माथि पनि स्थलगत अनुसन्धान गर्नु पर्नेको खर्च असिमित हुन्छ। आ  नो अठोट पुरा गर्न आफु एक्लैले केहि असम्भब हुने देखि एक प्रतिभाकी धनि श्रीमती प्रतिभा पुन ज्युले केहि सहयोगको लागि पुन समाज युकेलाई निवेदन गर्नु भयको थियो। जहाँ इच्छा त्यहाँ उपाय भने झैं आ  नो चेलीको इच्छा छँदै थियो झनै हाम्रो आ  नै संस्कृतिमा आधारित विषय(वस्तु भयकोले यसलाई पुन समाज युकेले त्यतिकै ट्वाल्ल हेरेर बस्ने कुरै भयन। जसले गर्दा पुन समाज युकेको मातहतमा रहेको पुन समाज पुर्खेउली समुहको अगुवाइमा पुन समाज युकेको आधिकारिक वर्गको समेत संग्लग्नता रही एक च्यारिटी कार्यक्रम आयोजना गरियको थियो। उल्लेख्य मात्रामा सहयोगीहरुको उपस्थिति रहेको यो कार्यक्रमबाट £४७४७ संकलन गर्न सफल भै त्यो दिनको खर्च कटौती गरि £३३७७ श्रीमती प्रतिभा पुन ज्युको लागि पठाउनु सफल भयका थियौं। मलाई लाग्छ यस्तो खाले कार्यक्रम अवस्य पनि यो अन्तिम नभयर सुरुवात हो। हामि चाहान्छौं र आशावादी छौं पनि, आ  नो मात्र नभयर आ  नो समुदायको साथै मानव जातिकै उत्थान हुने शिक्षा हासिल गर्न हाम्रो समुदायबाट पनि धेरै भन्दा धेरै उत्साहित, जेहेन्दार र महत्वाकांक्षि भावी विद्यार्थीहरु जो आर्थिक रुपमा केहि असक्षम हुनुहुन्छ, को लर्को लागोस् । सहयोगको लागि उत्साहित हातहरु हजारौं छन् तर सहयोगी हातहरुलाई उत्साहित बनाउने जवानहरुको खाँचो महसुस नगरियको पनि होइन यतिबेला हाम्रो समुदायले।

## सुश्री नेहा पुन र सुश्री खिम माया पुनको परिवारको लागी सहयोग

मानिस जन्मे पछि मरण अनिवार्य छ। तर जन्मे देखि मृत्यु हुनु सम्ममा अनगिन्ती सपनाहरु बुन्छौं। कतिपय सपनाहरु जटिल हुन्छन त कतिपय केहि सजिला। हाम्रै पुन समुदायका दुई छोरीहरु जसले केहि असजिलो सपनाहरु बुन्दै थिय र केहि सफलताहरु पनि हात पारिसकेका थिय। अचानक दैब यसरी आइ लाग्यो जो कसैले पनि कल्पनै गर्न सकेका थियनन। दिवंगत दुइ छोरीहरु सुश्री नेहा (यारुना) पुन र सुश्री खिम माया पुनको मृत्युको कारण धेरै नै मिल्दो जुल्दो थियो। यस विषयमा यो पंक्तिकारलाई भन्दा धेरै पाठक वर्गलाई नै थाहाछ तर मलाई के भन्न मन लाग्यो भने, मानिस भय पछि मानिसलाई मानिसको नै काम आउँछ र मानिसलाई मानिसको नै दुख(सुखमा साथ् चाहिन्छ। दुख खेपिरहनु हुने परिवारजनलाई परिवारको सदस्य गुमाउनुको पिर र दुख

त छदैछ तर छोरीहरुको मृत्युको कारणको सफाई खोज्नको लागि दौडधुप गर्दा पनि खर्चको सिमा निर्धारारित छैन। यस्तो दुखमा शोकसन्तप्त परिवारलाई हामि कुन किसिमबाट सहयोगको प्रस्ताव गर्न सकिन्छ भन्नेमा यकिन नभय पनि पुन समाज युकेले केहि आर्थिकद्वारा सहयोग गर्ने निर्णय गरेकोले इच्छुक सदस्य ज्युहरुबाट £२६७५.७० चन्दा संकलन गरियको थियो। यो संकलित पैसा दिवंगत दुवै छोरीहरुको परिवारलाई पुन समाज नेपालको प्रतिनिधि ज्युहरुद्वारा हस्तान्तरण गरि सकियकोछ।

पुन समाज युकेका दिवंगत सदस्यको परिवारको लागि सहयोग

पुन समाज युकेको दिवंगत सदस्यहरुको लागि कोरो माना स्वरूप चन्दा संकलनको कुरा लेख्नु पर्दा यो विषय केहि सजिलो साथै केहि असजिलो भैरहेको छ। सजिलो यो कारणले भयको छ जसले हाम्रो समाजको विधानलाई आत्मसाथ स्वीकारेर सदस्यता लियका छन् साथै समाजको मुल्य र मान्यता थाहा छ र हरेक दिवंगत हुनुभयका सदस्यहरुको लागि विधानले जनाय अनुसार कोरो मानाको रुपमा £१० उठाइराख्नु भयकोछ। असजिलो हुनुमा केहि कारणहरु छन्। ति कारणहरु मध्य पुन समाज युकेको विधानलाई नटेर्नु मुख्य कारण हो भने थप कारणहरुमा हाम्रो समाज विशेष गरेर पुन समुदायको मुल्य र मान्यताको कदर गर्नु नसक्नु अर्को कारण भयको छ। ति दुइ कारण बाहेक अरु कारणहरुमाऽ कतिपय सदस्यहरु सम्पर्क बिहिन हुनु, कतिपय सदस्यहरु हाम्रो समुदायको मुल्य र मान्यता भन्दा फरक धारणा राख्नु, कतिपय स्वदेश फिर्ता भय पछि आ नो कोरोमानाको हेक्का नराख्नु छ भने त्यहाँ केहि व्यक्तिहरु यस्ता पनि छन् जसले खोल्तिबाट गांठ निकाल्न भनेको आ नो सर्वस्व सम्पति गुम्ने ठान्नु, नकि आ नो कर्तब्य। यस्तै यस्तै कारणहरुले गर्दा जति चन्दा उठानु पर्ने हो त्यति उठाउनु नसकियको तितो यथार्त हाम्रो सामु खडा छ। जे भय पनि शोक(सन्तप्त परिवारजनलाई समाजले गर्नु सक्नेसम्मको आर्थिक, भौतिक, नैतिक तथा मानसिक सहयोगहरु सदैव गर्दै आइरहेको कुरा यहाँहरुलाई प्रस्ट्याउनु चाहान्छु। विभिन्न कठिनाइहरुको बाबजुद पनि समाजले कोरो माना स्वरूप हाल सम्म दिवंगत हुनुभयका सदस्यहरुको परिवारको सहयोगको लागि £२६२५३ हस्तान्तरण गर्न सफल भयको छ भने पछिल्लो सदस्यको लागि संकलन कार्य जारि छ।

## समाजको संचालित तथा अचल मौज्दात

यहाँ युकेमा संघ संस्था खोल्नु र अन्धकारमा च्याउ उम्रिनु केहि हदसम्म मिल्दो जुल्दो देखिन्छ। प्रतक्ष देख्नेहरु हजारौं छन् त्यसैले यसको अर्थ व्यख्या गर्नु चाहन्न। मुखले जतिनै भनिय पनि व्यबहारमा कम्ति मात्र ल्याउनु सायद नेपालीहरुको सबै भन्दा ठुलो कमजोरी हुनु पर्छ। संघ संस्थाहरु च्याउ उम्रे सरि छन् र हरेक संघ संस्थाको वार्षिक भेटघाट हुने गर्छ। कतिपय भेटघाट आयमुलक हुन्छ त कतिपयबाट घाटा पनि व्यहोर्नु पर्ने यसको आर्को विशेषता हो। पुन समाज युकेको मूल समितिले पनि मुख्य गरेर दुइवटा भेटघाट कार्यक्रमहरु संचालनमा ल्याउदै आयकोछ। वार्षिक भेटघाट एउटा हो भने आर्को कुल पुजा। यी दुइ कार्यक्रमबाट आउने केहि फ़ाइदाले हाम्रो संस्थाको लागि चाहिने सम्पूर्ण सामानहरुको खरिद र त्यसको सम्भारको लागि व्यबस्थापन मिलाउदै आउनुको साथै अरु कामको लागि पनि यही रकम चलाउदै आयकोछ। जसले गर्दा अहिले समाजसंग संचालित मौज्दात £५९९८.१२ को मात्र रहेकोछ। यो बाहेक हाम्रो समाजको खातामा अरु थप रकम पनि छन्। त्यसमा, महिला विभागको £१५८३.४८, कर्बाकेली संग्राहलयको £४८५.२१ रहेको छ भने सबै भन्दा धेरै सदस्यता शुल्कबाट संकलित रकम छ। हाम्रो समाजमा दुइ किसिमको सदस्यता दर्ताको शुल्क





तोकियकोछ। आजीवन सदस्यता प्राप्तिको लागि £१०० छ भने साधारण सदस्यताको लागि £२० प्रति वर्ष। £२० ले साधारण सदस्यता लिय पनि पाँच वर्षमा £१०० पुग्ने भयकोले £१०० पुग्नसाथ आजीवन सदस्यता दिने गरियको छ। यहाँ अंग्रेजी वर्ष २०१६ को मै महिना अन्त्य सम्मको सदस्यहरुको सदस्यतालाई तालिकामा तल देखाइयको छ।

| Membership Type | | Number of Members |
|---|---|---|
| Life Member with | £100 | 491 |
| General Member with | £60 | 3 |
| General Member with | £50 | 9 |
| General Member with | £40 | 1 |
| General Member with | £25 | 1 |
| General Member with | £20 | 12 |
| Total Members: 517 | | |

माथिको तालिकाको जम्मा रकम £५००३५ हुन आउँछ र यो रकम सदस्यता सुल्कबाट मात्र संकलित रकम हो जुन बढ्ने क्रम तिब्र छ। स्मरण रहोस, यो रकम संस्थाको कुनै ठुलो परियोजनामा बाहेक अरु प्रयोजनको लागि कुनै हालतमा पनि चलाउनु सकिने छैन। यो बाहेक हामीले अरु स(साना रकम पनि विशेष कामको लागि खर्च गर्ने गरेका छौं। जस्तैस नेपालमा गरिने कुल पुजामा, नेपाल लोकवार्ताको लागि सदस्यता सुल्क, कलाकारहरुलाई भिसा आवेदन सुल्क साथै सम्माननीय उपराष्ट्रपति श्री नन्द बहादुर पुन ज्युको कुल पुजाको अवसरमा कुल पुजा अवलोकन गर्न सरिक हुनु भयको थियो र त्यसको लागि पनि चन्दा आव्हान गरि पुन समाज युकेले रु. ४००००० (चार लाख) पठाई सहयोग गरेको थियो। सम्पूर्ण चन्दा दाता ज्यूहरुमा आभार प्रकट गर्न चाहान्छु।

अन्त्यमा, सबै सहयोग साथै परियोजनाका रकमलाई एक मुस्टो पार्ने हो भने रु. ४१,९२,१३४.०० र £७६,१६९.०१ द्वारा युकेमा हुनुभयका पुन समुदायका सदस्य ज्युहरुले सहयोग गरि योगदान पुर्याउनु भयको छ भने संस्थाको खातामा चल(अचल साथै संस्थासंग आबद्द समुहहरुको एक मुस्त रकमको मौजात £५८,१०१.८१ रहेकोछ। सबै सहयोगी सदस्य ज्युहरुको आ  नो संस्थाको माया र आस्थाको कारणले नै हामीले यति धेरै उपलब्धिहरु गर्न सकेका हौं। हामीले गर्न अझै धेरै छन् र हाम्रो एक(आपसको समझदारी बिना स्थाई रुपमा आ  नो पहिचानलाई दिर्घकालिन रुप दिनुमा आपसी सहयोग र मेलमिलापको नितान्त आवश्यक पर्ने भयकोले कर्बाकेली बाबालाई आस्थाको देवता तथा कुल देवता मान्ने सबै पुन समुदायका सदस्य ज्यूहरुलाई आ  नो परिचय बुझिदिनहुन अनुरोध गर्दै र केहि प्रश्नहरु भयमा वार्षिक साधारण सभामा उपस्थित भै जानकारी लिनहुन अनुरोध गर्दछु।

धन्यवाद।

स.क.प.आ.नं. : २१९६३/जि.प्र.का.का.द.नं. : १७७१/०६३/०६४
Regd. No. : 1771/063/064

# पुन समाज नेपाल
# Pun Society Nepal

केन्द्रीय समिति : पोखरा
Central Committee : Pokhara
स्था : २०६३ (Ested. : 2006)

Letter No. : 2072/073
Ref. No. : 09

Date : २०७२।०२।१२......

**सर्वमान्य संरक्षक**
श्रीमान् उत्तम पुन

**अध्यक्ष**
प्रताप पुर्जा पुन
(९८५१०१९३०५)

**वरिष्ठ उपाध्यक्ष**
खिमन सेरपुजा पुन
(९८४६०२००६२)

**उपाध्यक्ष**
पूर्ण बहादुर गर्बुजा पुन
(९८४६१८४७२१)

**उपाध्यक्ष**
जित बहादुर पाईजा पुन

**महासचिव**
उम बहादुर पाईजा पुन
(९८१३४०९०८५)

**सचिव**
नारायण गर्बुजा पुन
(९८४६०४५५६६)

**कोषाध्यक्ष**
चाम बहादुर गर्बुजा पुन
(९७४१२१५१०९)

**सदस्यहरु**
लिल बहादुर पुन
मरिचमान मार्केरान्गो पुन
श्याम कुमार तिलिजा पुन
लाल बहादुर अर्मजा पुन
तेसमाया पुन
देवी खोरजा पुन
यादव प्रसाद पुन
चन्द्र बहादुर पुन
डिल कुमारी पुन
नर बहादुर पुर्जा पुन
रक बहादुर पुर्जा पुन
तिल कुमारी पुन
पदम बहादुर थानाय पुन
लोक बहादुर थानाय पुन

श्रीमान अध्यक्ष ज्यू,

पुन समाज युके

**विषय : भातृसंगठन बैधानिकता दिएको बारे ।**

महोदय,

उपरोक्त विषयमा पुन समाज युकेको मिति २०१५ मे २५ को पत्र प्राप्त भयो । उक्त पत्रको अनुरोध अनुसार पुन समाज नेपालको केन्द्रीय समितिको बैठक मिति २०७२।०२।२२ गते केन्द्रीय कार्यालय पोखरा कास्कीमा बस्ने बैठकबाट अनुमोदन गर्ने गरी पुन समाज नेपालको विधान २०६३ दोस्रो राष्ट्रिय महाधिवेशन २०७१ द्वारा संशोधित दफा १२ उप दफा ३ (क) अनुसार पुन समाज युकेलाई पुन समाज नेपालको भातृसंगठनको बैधानिकता दिएको जानकारी गराउदछु ।

पुन समाज नेपाललाई विश्वास छ पुन समाज नेपालको विधान २०६३ दोस्रो राष्ट्रिय महाधिवेशन २०७१ द्वारा संशोधित लाई पूर्ण पालना गर्दै विधि विधानमा पुन समाज युके रहने छ । धन्यवाद

जय करवाकेली बाबा !!
जय पुन समाज !!

उम बहादुर पाइजा पुन
महासचिव

Contact Office
Jesus Marga, Thapathali-11, KTM, Ph. No./Fax No. : 01-4239747, P.O.Box No. : 25343
Website : www.punsamaj.org.np, Email : info@punsamaj.org.np, punsamajnepal@gmail.com